## परिच्छेद : एक

# शोध परिचय

## १. विषय परिचय

**आमाको मुटु** (प्रकाशन : २०६८) संस्मरणकार रामेश कोइरालाले लेखेका हुन् । सम्बन्धी उनको जन्म वि.सं. २०२४ साल आश्विन २८ गतेका दिन खोटाङ जिल्लाको दिक्तेल बजारमा भएको हो । पिता तर्कराज कोइराला र माता दुर्गादेवी कोइरालाका चौथो तथा कान्छो सन्तानका रूपमा उनी जन्मेका हुन् । कोइराला नेपाली साहित्यको फाँटमा भर्खरै उदाएका नवप्रतिभा हुन् । गंगालाल हृदयरोग केन्द्रमा मुटुरोग विशेषज्ञ भई कार्यरत कोइरालाले हालसम्म **आमाको मुटु** (२०६८) र **कोपिला आश्रम** (२०७० ) नामक दुई कृति प्रकाशन गराएका छन् । आफ्नो जीवन भोगाइ र समाजका वास्तविक घटनाहरूको चित्रण उनका यी कृतिहरूमा भएको छ । कोइरालाले नेपाली साहित्यका गद्यविधा अन्तर्गत पर्ने दुई फरक विधा संस्मरण र उपन्यास विधामा कलम चलाएका छन् । संख्यात्मक हिसाबले दुवै विधामा एक/एक कृति प्रकाशित गराएका भए तापनि गुणात्मक हिसाबले यी दुवै कृतिले नेपाली साहित्यको उल्लेख्य भूमिका खेलेका छन् ।

**आमाको मुटु** संस्मरणात्मक रचनामा उनले आफ्नो बाल्यकाल, आफ्नी आमालाई लागेको मुटुरोग, त्यसले उनी र उनको परिवारलाई दिएको अविस्मरणीय पीडा, आमाको रोगको उपचारका लागि देशको विभिन्न ठाउँ तथा विदेशमा भौँतारिएको अवस्था, उपचारकै क्रममा विभिन्न व्यक्तिबाट ठगिनुपरेको यथार्थतालाई ज्यादै मार्मिक ढङ्गबाट प्रस्तुत गरेका छन् । सरल र सुन्दर भाषाशैलीमा उनले आफू र आफ्नाी आमाको स्मृतिलाई ताजा बनाएर **आमाको मुटु** नामक संस्मरणको रचना गरेका छन् । यो संस्मरणात्मक कृति उनकै आमाको केन्द्रीयतामा अगाडि बढेको छ । मुटुमा रोग लागेकी आमाको रोग समयमा नै पत्ता नलाग्दा उनको परिवारले कति भौतिक र मानसिक पीडा खप्नुपऱ्यो त्यसको वास्तविकतालाई उनले यस संस्मरणमा व्यक्त गरेका छन् ।

प्रस्तुत शोध कार्यमा कोइरालाको **आमाको मुटु** संस्मरणात्मक कृतिको विधापरक अध्ययन गर्दै त्यसको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## २. समस्या कथन

संस्मरणकार रामेश कोइरालाको **आमाको मुटु** संस्मरणात्मक कृति हो । यसमा लेखकले आफ्नो जीवन र आफ्नी आमाको रोगको उपचारमा केन्द्रित रहेर संस्मरण प्रस्तुत गरेका छन् । यसै कृतिको विधापपरक अध्ययन प्रस्तुत शोधकार्यको मुख्य समस्याका रूपमा रहेको छ । यस समस्यालाई निम्नलिखित प्रश्नात्मक बुँदामा थप स्पष्ट पारिएको छ :

क. रामेश कोइरालाको **आमाको मुटु** संस्मरणात्मक कृतिको विधातात्त्विक अवस्था के कस्तो रहेको छ ?

ख. रामेश कोइरालाको **आमाको मुटु** संस्मरण कृतिको मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

## ३. शोध कार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू यस प्रकार रहेका छन् :

क. विधातात्त्विक दृष्टिले **आमाको मुटु** संस्मरणात्मक कृतिको विश्लेषण गर्नु,

ख. **आमाको मुटु** संस्मरणात्मक कृतिको मूल्याङ्कन गर्नु ।

## ४. पूर्वकार्यको समीक्षा

रामेश कोइराला नेपाली साहित्यका फाँटमा भर्खरै उदाएका नवप्रतिभा हुन् । उपन्यास र संस्मरण विधामा कलम चलाएका उनका कृतिमा विभिन्न समालोचकहरूले फुटकर रूपमा समीक्षा गरेको पाइन्छ । विभिन्न पत्रपत्रिकाहरूमा उनी र उनका कृतिका बारेमा गरिएका समीक्षाहरूको उल्लेख निम्नानुसार गर्न सकिन्छ ।

**आमाको मुटु** कृतिका सन्दर्भमा जगदीश घिमिरेले (२०६८) यसै कृतिको पछिल्लो बाह्य पृष्ठमा **आमाको मुटु**लाई अत्यन्त स्वाभाविक भाषा र सुन्दर शैलीमा लेखिएको एक सशक्त संस्मरणात्मक कृति मान्दै यो लेखककी आमाको मुटुको मात्र नभई धेरै आमाको मुटुको मुटु छुने कथा भनी बताएका छन् । यस्तै उनले यो कोइरालाको परिवारको मात्र नभई नेपाली समाजमा भइरहेको रूपान्तणका आयाम र प्राप्ति र पीडाको पनि जीवन्त अभिलेख पनि भएको बताएका छन् ।

खगेन्द्र सङ्ग्रौलाले (२०६८) पनि **आमाको मुटु**को पछिल्लो बाह्य पृष्ठमा नै मूल सडकको छायामा परी कान्तिहीन हुँदै गएको भद्रपुर नगरी र अज्ञानी डाक्टरहरूको निर्मम

प्रयोगशाला बन्न अभिशप्त एक आमाको मर्मान्तक कथा मान्दै **आमाको मुटु**लाई औपन्यासिक शैलीमा लेखिएको पारिवारिक संस्मरण भनेका छन् ।

रमण घिमिरे (२०६८ बैशाख, २५) ले **नेपाल** पत्रिकामा 'प्रताडनाको आत्मकथा' शीर्षक अन्तर्गत **आमाको मुटु**को सन्दर्भमा भनेका छन्, "**आमाको मुटु** चिकित्सा क्षेत्रमा सुनिँदै र पढिदै आएका हालसम्मका लापरवाहीको आत्मकथन हो ।"

सर्मिला लामिछानेले आफ्नो स्नातकोत्तर तहको **रामेश कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्व (२०७२)** शीर्षकको शोधकार्यमा कोइरालाले आफू बाल्यकालमा खेलेको, दाजुभाइ तथा दिदीसँग चलेको, आमा बिरामी हुँदा सँगसँगै उपचार गर्न अस्पताल लगेृको, विद्यार्थी जीवनकालमा गरेका मस्ती एवं विभिन्न गतिविधिलाई संस्मरणको वर्ण्य विषय बनाई सुन्दर भाषाशैलीमा प्रस्तुत गरेका छन् भन्दै आफ्नो शिक्षा आर्जनका समयका विविध गतिविधि, काठमाडौँमा आइ एस्सी अध्ययन गर्दा जीवनचर्याका लागि गरिएका रोजगारीका गतिविधि, रसियामा गइ चिकित्सा विषय अध्ययन र आमाको मुटुरोगको उपचार गरेका विविध घटनाक्रमलाई कोइरालाले यस कृतिमा समेटेको बताएकी छन् (पृ. ३६) ।

उपर्युक्त पूर्वकार्यहरू आमाको मुटु संस्मरणात्मक कृतिको सामान्य चर्चा गर्ने क्रममा आएका देखिन्छन् । लामिछानेले रामेश कोइरालाको जीवनी व्यक्तित्व तथा कृतित्व देखाउने सन्दर्भमा छोटकरीमा **आमाको मुटु** कृतिको विश्लेषण गरेकी छन्, साङ्गोपाङ्ग अध्ययन यस शोधमा पनि भएको देखिँदैन । त्यसैले उक्त कृतिको समग्र विधातात्त्विक अध्ययन गर्नका लागि यो शोधकार्य गरिएको छ ।

## ५. शोधकार्यको औचित्य

रामेश कोइराला नेपाली साहित्यमा उपन्यासकार र संस्मरणकारका रूपमा परिचित नाम हो । कोइराला थोरै लेखेर पनि साहित्यकारका रूपमा चर्चा पाउन सफल भएका छन् । उनको **आमाको मुटु** संस्मरणका बारेमा कहीँ कतै आंशिक रूपमा चर्चा र विश्लेषण भए पनि **यस**को अझसम्म विधातात्त्विक दृष्टिले समग्र र व्यवस्थित अध्ययन भएको पाइँदैन । **आमाको मुटु** संस्मरणका बारेमा हालसम्म पनि वस्तुगत अध्ययन नभएको र अध्ययन हुन बाँकी रहनुले नै प्रस्तुत शोधकार्य लेखनलाई औचित्यपूर्ण बनाएको छ । प्रस्तुतत अध्ययनले **आमाको मुटु** संस्मरणको बारेमा यथेष्ट जानकारी लिन चाहने अध्येता, शोधार्थी तथा

साहित्यप्रेमीहरूलाई समेत सहयोग पुऱ्याउने छ । यस दृष्टिले प्रस्तुत शोधकार्यको औचित्य स्वतः सिद्ध देखिएको छ ।

## ६. शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा संस्मरणकार कोइरालाको **आमाको मुटु** संस्मरणको विधातात्त्विक अध्ययन गरी साहित्यकार कोइरालाको संस्मरणको बारेमा मात्र विश्लेषण र मूल्याङ्कन गरिएको छ । यस बाहेक कोइरालाको **कोपिला आश्रम** उपन्यासको शोधकार्यमा विश्लेषण गरिएको छैन । यही नै शोध कार्यको सीमा रहेको छ ।

## ७. शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषणको पद्धति तथा सैद्धान्तिक आधारजस्ता निम्न लिखित दुई उपशीर्षकहरू रहेका छन् :

### ७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यमा प्राथमिक तथा द्वितीयक दुवै प्रकारका शोध सामग्रीको उपयोग गरिएको छ । प्राथमिक सामग्री अन्तर्गत **आमाको मुटु** संस्मरणात्मक कृति तथा द्वितीयक सामग्रीका रूपमा संस्मरणात्मक सिद्धान्त भएका कृति तथा प्राथमिक कृतिको विश्लेषण विभिन्न समालोचनात्मक ग्रन्थहरू साहित्यिक पत्रपत्रिकाहरू, शोधपत्र, कोशहरू लगायतका सामग्रीलाई लिइएको छ । अवश्यकता अनुसार सम्बन्धित कृतिका रचनाकार कोइराला तथा अन्य व्यक्तिसँगको अन्तर्वार्ताबाट पनि सामग्री सङ्कलन गरिएको छ । प्राथमिक तथा द्वितीयक दुवै सामग्रीको सङ्कलन मुख्यतः पुस्तकालयीय कार्यबाट गरिएको छ ।

### ७.१ सामग्री विश्लेषणको पद्धति तथा सैद्धान्तिक आधार

यस शोधकार्यमा सङ्कलित सामग्रीलाई विश्लेषण गर्दा संस्मरण विधाका मूल तत्त्वहरूलाई सैद्धान्तिक आधार बनाइएको छ । कथनहरूको अर्थापनका सन्दर्भमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिलाई उपयोग गर्दै निगमनात्मक पद्धतिबाट शोध्य सामग्रीको विश्लेषण गरिएको छ ।

## ८. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नलिखित प्रकारको रहेको छ :

क) परिच्छेद : एक – शोध परिचय

ख) परिच्छेद : दुई – संस्मरण साहित्यको सैद्धान्तिक स्वरूप

ग) परिच्छेद : तीन – रामेश कोइरालाको चिनारी

घ) परिच्छेद : चार – **आमाको मुटु** संस्मरणात्मक कृतिको विश्लेषण

ङ) परिच्छेद : पाँच – सारांश तथा निष्कर्ष

उक्त परिच्छेदगत मूल शीर्षक अन्तर्गत विभिन्न शीर्षक तथा उपशीर्षकहरू पनि रहेका छन् । शोधपत्रको अन्त्यमा सन्दर्भ सामग्री सूची पनि दिइएको छ ।

परिच्छेद : दुई

# संस्मरण साहित्यको सैद्धान्तिक स्वरूप

## २.१. परिचय

'संस्मरण' शब्दको सीधा अर्थ 'कुनै कुरालाई स्मरण गर्नु' भन्ने हुन्छ । व्यक्तिका जीवनका खास खास घटनाक्रमलाई स्मरण गर्दै कुनै लेख तयार पारिन्छ भने त्यसलाई संस्मरण भनिन्छ ।

संस्मरण नेपाली गद्य साहित्यको अन्य विधा अन्तर्गत पर्ने एक उपविधा हो । यस विधालाई नेपाली साहित्यको नवीन गद्य विधाका रूपमा भर्खरै चिन्न थालिएको हो । पहिले यस विधालाई निबन्ध तथा उपन्यास लेखनकै शैलीसँग गाँसेर हेरिने गरिन्थ्यो ।

साहित्य सिर्जनाको इतिहास केलाउँदा पद्यबाट प्रारम्भ भए पनि गद्य साहित्यले पछि उदाएर पनि राम्रो स्थान जमाएको छ । संस्मरण पनि गद्य अन्तर्गत पर्ने एक विधा हो । सुरु सुरुमा संस्मरणलाई निबन्ध अन्तर्गत पर्ने एक उपविधा मानिए पनि हाल संस्मरणले आफ्नै एक स्थान बनाउँदै छ । स्वतन्त्र लेखन गरेर आफ्नो अतीतको घटना वर्णन गर्न पाउने भएरै होला हाल संस्मरण धेरै लेखकको रोजाइ हुन पुगेको छ । साहित्यका प्रमुख विधाहरू सापेक्षतामा कल्पना पक्षको तुलनामा यथार्थ पक्षमा जोड पाइन्छ ।

## २.२. संस्मरणको अर्थ र परिभाषा

'संस्मरण' शब्द संस्कृतको 'स्मृ' धातुमा 'सम्' उपसर्ग र अन प्रत्यय लागेर व्युत्पन्न भएको हो । यसको शाब्दिक अर्थ स्मरण गर्नु हुन्छ । (उद्धृत : लामिछाने, २०७२ : ३१)

साहित्यका सन्दर्भमा कुनै व्यक्ति, घटना, दृश्य र वस्तुका सन्दर्भमा आत्मीय रूपले सम्झना गर्दै विवेचनात्मक रूपमा सिर्जना गरिएको साहित्यलाई संस्मरण भनिन्छ (भण्डारी, २०६४ : ३७) ।

संस्मरण साहित्यमा लेखकको इतिहास त प्रकट हुन्छ तर इतिहासजस्तो वस्तुपरक रूपमा होइन । संस्मरण लेखकले आफूले भोगेको, देखेको, अनुभव गरेको कुरालाई आफ्नो संवेदनात्मक अनुभूति सहित निबन्धात्मक शैलीको नजिक रहेर लेखिएको गद्य साहित्य संस्मरण हो (भण्डारी, २०६४ : ३८) ।

अन्य विधा साहित्यको एक समष्टि गुण जीवनीपरकता भएकाले संस्मरण उपविधा लेखककै यथार्थ जीवनीसित सम्बद्ध लघु र भावुकतापूर्ण विधा हो (उद्धृत : लामिछाने, २०७२ : ३१) ।

संस्मरण लेखकको जीवनमा घटित अविस्मरणीय घटनाहरूको सँगालो हो । संस्मरणलाई आत्मकथा पनि भन्न सकिन्छ । लेखकले पाठकलाई आफ्ना जीवनका तिता मिठा क्षणहरूको अनुभव बताएर कतिपय पक्षबाट सचेत बनाउने पनि काम गरेका हुन्छन् । साहित्यमा पछि मात्र उदाएर पनि बलियो जरा गाड्न सफल संस्मरण विधाले पाठक सामु पनि लोकप्रियता प्राप्त गर्न थालेको छ ।

समग्रमा संस्मरण अतीतका घटनामा आधारित एक नवीन गद्य साहित्यक विधा हो । जसमा संस्मरणकारले आफूले देखे भोगेका कुनै महत्त्वपूर्ण अविस्मरणीय क्षणहरूलाई कलात्मक भाषा प्रयोग गरी अरू सामु पोख्ने प्रयास गरेका हुन्छन् । संस्मरण लेखनमा संस्मरणकारले तटस्थ भएर आफ्नो अतीतका स्मरणीय क्षणको प्रकटीकरण गर्न सकेमा मात्र त्यसले पाठकलाई प्रभाव पार्न सक्दछ । वर्तमान समयमा संस्मरणको छोटो मिठो प्रभावकारी गुणले गर्दा लेखक तथा पाठक दुवैको मन जित्न सफल भएको छ ।

## २.३ संस्मरणका आधारभूत तत्त्वहरू

संस्मरण अतीतका विविध अविस्मरणीय क्षणहरूको वर्णन गरिएको लेख हो । जसको माध्यमबाट लेखकले पाठकलाई आफ्ना जीवनको ज्यादै महत्त्वपूर्ण र प्रेरणादायी पलहरूको जानकारी गराउने गर्दछन् । साहित्यका हरेक विधा रचना गर्दा तत्त्वहरूको सहयोग लिने गरिन्छ । तत्त्वहरूको प्रयोगले हरेक साहित्यिक विधालाई पूर्ण बनाउने काम गर्दछ । संस्मरण विधाको पनि तत्त्वहरू रहेका छन् । जसको आधारमा संस्मरण तयार हुन्छ । साहित्यिक विधालाई छुट्याउन सहयोग गर्ने एक अङ्ग हो तत्त्व । तत्त्व भनेको साहित्य सिर्जनाको लागि चाहिने औजार हो जसको सीमा अन्तर्गत रहेर साहित्यकारले उत्कृष्ट कृतिको सिर्जना गर्दछ । संस्मरण साहित्यको पनि आफ्नो संरचना हुन्छ । संस्मरण साहित्यका पनि अन्य विधाका जस्तै तत्त्वहरू रहेका छन् । तिनलाई तल चर्चा गरिएको छ :

### क) आख्यानात्मकता

आख्यानात्मकता संस्मरण तत्त्वको महत्त्वपूर्ण अङ्ग हो । आख्यानात्मकता अन्तर्गत निम्न शीर्षकहरू रहन्छन् :

#### (अ) विषयवस्तु

संस्मरण भनेको विगतलाई स्मरण गर्नु हो । संस्मरणमा अतीतका घटना वर्णित हुने गर्दछ । विषयवस्तु संस्मरणको महत्त्वपूर्ण तत्त्व हो । संस्मरण तयार पार्दा विषयवस्तु चयन गनुपर्ने हुन्छ । जीवनका सबै घटनालाई संस्मरणमा समावेश गर्न सकिँदैन । केही खास समयावधिका अविस्मरणीय घटनाहरूलाई विषय बनाएर संस्मरण तयार पारिन्छ ।

#### (आ) पात्रविधान

संस्मरण अतीतका अविस्मरणीय घटनाहरूको सङ्गठित रूप हो । संस्मरणमा पात्रहरूको उपस्थितिले संस्मरणलाई अघि बढ्न र अविस्मरणीय बनाउन सहयोग गर्छ । विगतको स्मृति नै संस्मरण भएकाले यसमा स्मृतिमा आएका र विषयवस्तु अनुरूपका पात्रहरु रहने गर्दछन् । उक्त पात्र अन्तर्गत प्रमुख, सहायक र अन्य पात्रहरू पर्दछन् ।

#### (इ) परिवेश

संस्मरणमा अतीतमा घटित खास घटनाहरूको वर्णन पाइन्छ । घटनाहरू कुनै परिवेश अन्तर्गत रहेर घटेका हुन्छन् । संस्मरणमा स्थानगत र कालगत परिवेशको चर्चा गरिन्छ । परिवेशले संस्मरणमा यथार्थता थप्ने काम गर्दछ ।

#### (ई) कौतूहल

जीवनमा घटेका यथार्थपरक घटनाहरूको वर्णित रूप संस्मरण हो । वर्णित हुने भएपनि कौतूहलले संस्मरणलाई अझ रोचक बनाउने काम गर्छ । कौतूहलता संस्मरणको महत्वपूर्ण तत्त्व हो । जसमा जीवनका कयौँ रोचक रहस्यको पनि खुलासा गरिएको हुन्छ । त्यही रहस्यहरूको पर्दाफासको लागि पनि पाठकले संस्मरणको अन्त्यसम्म अध्ययन गर्नु पर्ने हुन्छ । यसै कारणले कौतूहलता संस्मरणको आवश्यक तत्त्व मानिन्छ ।

**ख) उद्देश्य**

संस्मरण भनेको अतीतलाई स्मरण गर्नु हो । हरेक कृतिको रचना कुनै कुनै उद्देश्य राखेर गरिन्छ । संस्मरण पनि लेखकले आफ्ना जीवनको अविस्मरणीय घटनाहरू पाठकसामु पुऱ्याउने उद्देश्यले तयार पारेका हुन्छन् । लेखकका अतीतका कतिपय घटनाहरू पाठकहरूलाई प्रेरणा र हौसला दिने खालका पनि हुने गर्दछन् ।

**ग) भाषाशैली**

संस्मरण लेखकको जीवनका घटनाहरूको वर्णन हो जसले लेखकको जीवनमा सबैभन्दा धेरै महत्त्व राख्दछ । भाषाशैली संस्मरणको एक महत्त्वपूर्ण तत्त्व हो । भाषाशैली जति धेरै सरल र पठनीय हुन्छ त्यति नै पाठकहरूसामु लोकप्रिय हुने गर्दछ ।

**घ) तटस्थता**

संस्मरणमा वास्तविक घटनाहरूको वर्णन पाइन्छ । तटस्थता भनेको वास्तविकतामा अडिक रहेर घटना वर्णित गर्नु हो ।

**ङ) वैयक्तिकता (निजात्मकता)**

संस्मरण पनि निबन्ध जस्तै निजी भावना प्रधान विधा हो । यसमा वैयक्तिक अनुभूति र वस्तुगत प्रसङ्गका तत्त्वको समावेश हुन्छ । यसकारण यस विधामा निजात्मक संवेदना पनि अनिवार्य तत्त्वका रूपमा रहेको हुन्छ । निजात्मकता संस्मरणको एक महत्त्वपूर्ण तत्त्व हो जसले संस्मरणलाई व्यक्तिगत रचनामा परिणत गर्दछ (भण्डारी, २०६४ : ४२) । संस्मरण एउटा यस्तो रचना हो जसमा निजात्मकता भएर पनि यो पाठकको लागि पठनीय हुन्छ । निजात्मकता सशक्त तत्त्व हो

**च) सामाजिकता**

संस्मरणमा लेखकले आफू बाँचेको समाजलाई दर्शाउने काम गर्दछ । आफू बाँचेको समाज के कस्तो रहेको थियो, सांस्कृतिक रूप कस्तो थियो, सामाजिक परिवर्तन र विकास कस्ता थिए भन्ने जस्ता कुराहरू सामाजिकता अन्तर्गत पर्दछ । सामाजिक रूपमा हुने गरेका राम्रा र नराम्रा पक्षको चर्चा संस्मरणमा पाइन्छ ।

## छ) ऐतिहासिकता

संस्मरणको विषयवस्तु ऐतिहासिक हुन्छ । संस्मरणका रचनाका वस्तुपरक पक्षलाई इतिहास निर्माणका महत्त्वपूर्ण सामग्रीका रूपमा प्रस्तुत गर्न सकिन्छ । कारण संस्मरणमा व्यक्त सत्य तथ्यहरूमा ऐतिहासिकताको वर्णन पाइन्छ ।

## ज) काल्पनिकता

संस्मरण पूर्ण रूपमा वास्तविक घटना समावेश भएको लेख हो । यथार्थ पक्षको प्रयोगले संस्मरण तयार हुने भएपनि कतिपय ठाउँमा काल्पनिकता पनि समावेश हुने गर्दछ । जसले संस्मरणलाई रोचक बनाउने गर्दछ ।

## झ) वस्तु सत्यप्रतिको इमानदारी

संस्मरण भनेको अतीतका घटनाहरूको वर्णित रूप हो । जसमा यथार्थ पक्षको प्रधानता पाइन्छ । लेखकले संस्मरणलाई एक इमानदार लेखक भएर तयार पारेका हुन्छन् । त्यसैले पनि संस्मरणमा वस्तुसत्यको इमानदारिता पाइन्छ ।

## ञ) भावुकता

भावुकताले संस्मरणलाई पाठकहरूको मनसँग नजिक गराउने गर्दछ । संस्मरणमा भावुकताको प्रयोग प्रशस्त हुन्छ कारण जीवनमा सबै घटनाहरू सोचे बमोजिम हुँदैनन् ।

## ट) प्रभापरकता

संस्मरणमा पाठकहरूलाई प्रभाव पार्ने क्षमता हुनुपर्दछ । अतीतका मन छुने घटना, सरल भाषा जस्ता कुराले संस्मरण कृतिलाई प्रभावपरक बनाउने गर्छ ।

## ठ) स्मृति तत्त्वको प्रधानता

संस्मरणमा स्मृति अनिवार्य रहन्छ । जीवनका विगत क्षण, प्रसङ्ग वा सन्दर्भको सचेततापूर्वक स्मृति हुनु संस्मरणको प्रमुख अङ्ग मानिन्छ । स्मृतिको व्याख्याको कारणले नै संस्मरण अध्ययन गर्दा ज्यादै रोचक अनुभव पाठकलाई हुन्छ (भण्डारी, २०६४ : ४२), त्यसैले स्मृतितत्त्व संस्मरणको एक महत्त्वपूर्ण तत्त्व हो ।

### ड) ऐतिहासिकता

संस्मरणको विषयवस्तु ऐतिहासिक हुन्छ । संस्मरणका रचनाका वस्तुपरक पक्षलाई इतिहास निर्माणका महत्त्वपूर्ण सामग्रीका रूपमा प्रस्तुत गर्न सकिन्छ । कारण संस्मरणमा व्यक्त सत्य तथ्यहरूमा ऐतिहासिकताको वर्णन पाइन्छ ।

### ढ) दृश्य र अन्य संवेद्य तत्त्वको ग्रहण

संस्मरणकारले संस्मरणका निम्ति आफ्नो जीवनमा देखेका र अन्य इन्द्रियद्वारा संवेदना ग्रहण गरेका सन्दर्भ, वस्तुदृश्य र सूचना एवम् सन्देशहरू आवश्यकता अनुसार पुनरुद्धृत हुनु पनि संस्मरण प्रविधाको विशेष तत्त्व भएर रहेका हुन्छन् ।

यसरी माथि उल्लेखित तत्त्वहरूले संस्मरणलाई पूर्णता दिने काम गर्दछन् । तत्त्वहरूको उचित समायोजनबाट नै एक उत्कृष्ट संस्मरण साहित्य तयार हुन्छ र पाठकका मनलाई छुन्छ ।

## २.४. संस्मरणको स्वरूप

स्वरूप भनेको रूप हो । संस्मरण एउटा निजात्मकता बोकेको रचना हो । यति हुँदा हुँदै पनि संस्मरणको स्वरूप फरक फरक हुने गर्दछ । लेखकले विभिन्न आधारमा रहेर संस्मरण तयार पारेका हुन्छन् । संस्मरणको स्वरूपलाई तल चर्चा गरिएको छ :

### क) वस्तुपरक संस्मरण

संस्मरण विशेषतः विगतका घटना, पात्र, विषय, क्रियाकलापहरूको आत्मपरक स्मृतिको नजिक रहने विधा हो । यदाकदा लेखकहरूले वस्तुपरक संस्मरणहरू पनि लेख्ने गरेको पाइन्छ । वस्तुपरक संस्मरण त्यस्तो संस्मरण हो, जसमा लेखकले विगतका घटना, क्रियाकलाप, देखेसुनेका कुराहरू र विशेष क्षण आदिको सचेत रूपमा वस्तुपरक स्मरण गर्दछ । यस्तो संस्मरण विगतका घटनाहरूको वर्णन जस्तै फितलो संरचनाको हुन्छ । कल्पनाको अभाव हुने हुँदा यस्तो संस्मरण कौतूहलमय, मनोरञ्जक र आकर्षक बन्न सक्दैन । कमल दीक्षितको 'अर्थ र इति' मा प्रकाशित 'हृदय हुनमा नछापिएको पृष्ठ' लाई वस्तुपरक संस्मरणको रूपमा लिन सकिन्छ (भण्डारी, २०६४ : ४१) । वस्तुपरक संस्मरण साहित्यिक कृति भए पनि अन्य संस्मरणको तुलनामा यो त्यति पाठकहरूको रोजाइमा पर्ने गर्दैन ।

### ख) आत्मपरक संस्मरण

आत्मपरक संस्मरण संस्मरण साहित्यको अति महत्त्वपूर्ण भेद हो । यसलाई नै मुख्य रूपमा संस्मरण साहित्य भनिन्छ । यस्तो संस्मरणमा संस्मरणकारले विगतका घटना, क्रियाकलाप, अनुभूति तथा देखे सुनेका कुराहरूलाई निजात्मक रङमा मुछी कलात्मक प्रस्तुति गर्ने गर्दछ । आत्मपरक संस्मरणमा संस्मरणकारको कल्पनाको प्रचुरता पाइने हुँदा त्यस्ता संस्मरणहरू कौतूहलयुक्त, मनोरञ्जक र आकर्षक हुने गर्दछन् । नर्मदेश्वरी सत्यालको (**शब्द संयोजन,** असोज, २०६१ मा प्रकाशित) 'अनुहार सम्भना नभएकी आमाको सम्भनामा' आत्मपरक संस्मरणको नमुना हो (भण्डारी, २०६४ : ४१) । निजात्मकताको अत्याधिक प्रयोग नै आत्मपरक संस्मरणको महत्त्वपूर्ण पक्ष हो । जसले पाठकको मनलाई छुने गर्छ ।

### ग) सन्तुलित संस्मरण

वस्तुपरक र आत्मपरक स्मृतिको सन्तुलित रूपमा प्रयोग भएको संस्मरणलाई सन्तुलित संस्मरण भनिन्छ । नेपाली साहित्यमा केही यस्ता संस्मरण रचना भएका पाइन्छन् । यस किसिमका संस्मरणको उदाहरणका रूपमा खगेन्द्र सङ्ग्रौलाको 'जीवनको त्यो क्षण : सर्प र विच्छीहरूको जङ्गलमा' लाई लिन सकिन्छ (भण्डारी, २०६४ : ४१–४२) । वस्तुपरक र आत्मपरक विषयको मिश्रण हुनु नै सन्तुलित संस्मरणको महत्त्वपूर्ण पक्ष हो ।

## २.५. संस्मरण साहित्य र निकटवर्ती अन्य विधाको तुलना

संस्मरण साहित्यिक विधा साहित्यमा देखा परेको एक नवीन गद्य विधा हो । यसले बिस्तारै बिस्तारै भए पनि लोकप्रियता कमाउँदै गरेको छ । साहित्यका अन्य विधाहरूसँग संस्मरण साहित्यको सम्बन्धको तुलना गर्दा, विशेष गरी आख्यान तत्त्व भएको साहित्यिक विधासँग संस्मरणको सम्बन्ध अलि नजिकको देखिन्छ । अन्य विधासँग संस्मरणको के कस्तो सम्बन्ध रहेको छ भनेर यहाँ चर्चा गरिएको छ :

### क) आत्मकथा र संस्मरण

आत्मकथा साहित्यको एक नवीन गद्य विधा हो । कलात्मक तथा साहित्यिक ढङ्गबाट व्यक्ति स्वयम्ले लेखेको आफ्नो जीवनी नै आत्मकथा हो । यसमा लेखक इमान्दार

हुनु अनिवार्य हुन्छ । आफैले भोगेर इतिहास बनिसकेको जीवन वृत्तान्तको रचना आत्मकथा हुने हुँदा लेखक स्वयम् स्रष्टा र सामग्रीका रूपमा प्रस्तुत हुन्छ ।

मानिसको विचित्रको प्रवृत्ति हुन्छ । आफ्नो जीवन यात्राका विभिन्न अनुभव अरूलाई समेत अनुभूत गराउने, आफ्नो जीवनमा भएका गलत कार्यमा पश्चात्ताप गर्ने र असल कार्यबाट प्राप्त जस लिन आत्मकथाकारले चरित्र आफै उद्घाटन तथा विश्लेषण गर्न धेरै कठिनाइ हुन्छ । आत्मप्रशंसक भएर गुणको मात्र निरुपण गर्ने हुँदा आत्मकथामा अतिशयोक्तिको प्रबलता रहने भय हुन्छ । अर्कोतर्फ आत्मसङ्कोचले गर्दा दोषलाई सार्वजनिक रूपमा प्रस्तुत गर्ने सामर्थ्य लेखकले राखेको हुँदैन । यसको परिणाम प्रस्तुत हुनुपर्ने कुराहरू कृत्रिम आवरणले ढाकेर प्रस्तुत हुन्छन् । यसभन्दा अधिक भय त्यसबेला सिर्जना हुन्छ, जुनबेला लेखक घटना तथा विषयलाई आफ्नो भावना अनुरूपको विश्लेषण गर्दै प्रस्तुत गर्दछ ।

आत्मकथा लेखकीय स्वजीवन र स्वव्यक्तित्वलाई जोड दिँदै जीवनको लामो खण्ड वा विस्तृत पृष्ठभूमि प्रस्तुत गरिने विधा हो, भने संस्मरण लेखकीय अवधारणाबाट विश्लेषण गरिएको वा नियालिएको लेखक संलग्न परन्तु लेखकेतर व्यक्ति वा कुनै घटनादिको तीव्रानुभूतिमय विधा हो । आत्मकथाभित्र पनि यस्ता संस्मरणरूपी खण्डहरू हुन सक्छन् र यस्ता खण्डहरूको समग्रताको सहायताले आत्मकथामा लेखकीय व्यक्तित्वको स्थूल समग्रतालाई प्रस्तुत गरेको हुन्छ भने संस्मरणमा लेखकीय भावनाको सूक्ष्मता प्रस्तुत हुन्छ ।

आत्मकथामा अतीत र वर्तमानबीच गहिरो सम्बन्ध रहेको हुन्छ । अतीतका अनुभूतिको मनोगत चित्रण गर्ने छुट मूलतः संस्मरणमा हुने भएकाले संस्मरणको सम्बन्ध आत्मकथासँग रहेको हुन्छ । भोगमूलक जीवनको लेखन स्मृतिका आधारमा गरिनुपर्ने हुनाले आत्मकथाको पूर्वरूप संस्मरण हो । तर यो आत्मकथाको अनुच्छेद भने होइन किनभने संस्मरणको सङ्कलन आत्मकथा हुन सक्दैन । गद्य साहित्यका नवीन विधा आत्मकथा र संस्मरणमा समानता पाइए तापनि सैद्धान्तिक स्वरूपमा आआफ्नै वैशिष्ट्य रहने हुँदा फरकपन पनि पाइन्छ । दुवै विधामा प्रयोग गरिने भाषा, शैली, परिवेशको चित्रण, जीवन भोगाइको इतिहासमूलक प्रस्तुति, घटनाप्रति तटस्थता आदिमा समान विशेषता भए पनि संस्मरण भावकुताले ओतप्रोत भएको जीवनको एउटा भोगाइ, एउटा घटना, दृश्य आदिको कलात्मक प्रस्तुति हो भने आत्मकथा भावुकता कम भएको सत्यतथ्यमा आधारित जीवनका अनेकानेक भोगाइ र घटनाको विवरण सहितको शृङ्खलाबद्ध प्रस्तुति हो ।

पात्र दुवै विधाका अनिवार्य तत्त्व हुन् तर संस्मरणमा कम पात्रको प्रयोग गरिन्छ भने आत्मकथामा धेरै सहायक पात्रको प्रयोग हुन सक्छ । आत्मसंस्मरणमा केन्द्रीय पात्र स्वयम् लेखक हुन्छ । परात्मक संस्मरणमा लेखक परिधीय पात्रका रूपमा प्रस्तुत हुन्छ र स्मरण गरिएको व्यक्ति केन्द्रीय पात्र हुन्छ । आत्मकथामा केन्द्रीय पात्र स्वयम् लेखक हुन्छ र परिधीय पात्रको प्रयोग धेरै गरिएको हुन्छ । संस्मरणको परिवेश चित्रण छोटो, छरितो र संक्षिप्त रूपमा गरिएको हुन्छ । संस्मरणको उद्देश्य अतीतका विशेष घटनाको संस्मरणात्मक प्रस्तुति गर्नु रहेको हुन्छ भने आत्मकथाको उद्देश्य चाहिँ असल कार्यको जस प्राप्ति र गलत कार्यप्रति पश्चात्ताप गर्दै पुनः मूल्याङ्कन र आत्मनिरीक्षण गर्नु रहेको हुन्छ । भाषशैलीमा समानता हुँदाहुँदै पनि संक्षिप्त वर्णन, प्रभावकारी घटना, मनोगत चित्रणले गर्दा संस्मरण रोचक र कलात्मक हुन्छ भने जीवनका अनेकानेक आरोह अवरोहको यथार्थ प्रस्तुतिका कारण आत्मकथा बढी जानकारीमूलक हुन्छ । वर्ण्य विषयको संस्मरणकात्मक प्रस्तुति, भाषाशैली, आदि तत्त्वका दृष्टिबाट हेर्दा आत्मकथा आत्मसंस्मरणकै परिष्कृत, सङ्गठित र विवरणसहितको शृङ्खलाबद्ध प्रस्तुति प्रतीत भए पनि संस्मरणकै सङ्ग्रह भने होइन । आत्मकथामा कथात्मकताको विशेषता हुँदाहुँदै पनि जीवन भोगको वृत्तान्तलाई प्रस्तुत गरिन्छ (प्रधान, २०४४ : ६५) । रूपाकृतिका दृष्टिले हेर्दा आत्मकथा संस्मरण र जीवनीको बीचमा रहन्छ, भने संस्मरण आत्मकथा र शब्दचित्रका बीचमा रहेको हुन्छ ।

### ख) जीवनी र संस्मरण

गद्य साहित्यको आधुनिक विधाकै एक उपविधा जीवनी साहित्य हो । जीवनी व्यक्ति विशेषको जीवनीका सुन्दर एवम् कलात्मक प्रस्तुतिको इतिहास हो । जीवनीमा विशिष्ट व्यक्तिको जीवनका बाल्यकाल शिक्षादीक्षा, वैयक्तिक विशेषता, सामाजिक–राजनीतिक गतिविधि, जीवनका अविष्मरणीय घटनाको विवेचना र विवरण तथा अन्य महत्त्वपूर्ण घटनाको वर्णन गरिएको हुन्छ । जन्मेदेखि मृत्युसम्मका जिन्दगीका यावत् घटनाहरूको शृङ्खलाबद्ध इतिहासको प्रस्तुति जीवनी हो ।

संस्कृत साहित्यमा जीवनी साहित्यलाई 'जीवनचरितम्' भनिन्छ भने अङ्ग्रेजी साहित्यमा जीवनी विधालाइ 'Biography' (बायोग्राफी) भनिन्छ । हिन्दी र नेपाली साहित्यमा जीवनी विधालाई 'जीवनचरित वा जीवनी' शब्दले चिनाइन्छ । यसको बढी प्रचलित नाम जीवनी नै हो ।

लेखकले विशिष्ट तथा उदात्त व्यक्तिको जीवनवृत्तलाई सार्वजनिक प्रस्तुतिका लागि जीवनी लेखेको हुन्छ । यसको अध्ययनबाट सर्वसाधारण पाठकले त्यस व्यक्तिको बारेमा जानकारी पाउनुका साथै त्यस युगको समसामायिक वस्तुस्थितिका बारेमा जानकारी हासिल गर्ने अवसर प्राप्त गर्दछ । जीवनी लेखकमा तथ्यप्रति इमानदारी तथा जीवनी नायकसँग घनिष्टता हुनु आवश्यक हुन्छ । तटस्थता जीवनीको धर्म हो । तसर्थ संस्मरणमा जस्तो व्यक्तिगत रूपमा मनोगत चित्रण गर्दै निजात्मक शैलीमा प्रस्तुत गर्ने कुनै अवसर त्यसमा हुँदैन । संस्मरण जीवन भोगाइका विशेष घटनाको इतिहास हो, भने जीवनीमा दोस्रो व्यक्तिको जीवन भोगाइका सम्पूर्ण घटनाको भावनात्मक तथा कलात्मक प्रस्तुति हुन्छ, तर जीवन साहित्य यथार्थपरक भएकाले यसमा लेखकका वैयक्तिक संवेदना, कल्पनागत अनुभूतिको प्रस्तुति गर्ने सम्भावना रहँदैन । जीवनी कुनै व्यक्ति विशेषको जीवन गाथा हो, भने संस्मरणमा लेखकले कुनै विशेष घटना मात्र चित्रण गर्दछ, जुन घटनाले लेखकलाई प्रभावित पारेको हुन्छ । जीवनी कुनै व्यक्तिबारे अध्ययन गरेर लेख्न सकिन्छ तर संस्मरण लेखक स्वयम्को स्मरणका आधारमा मात्र लेख्न सकिन्छ (भण्डारी, २०६४ : ४४,४५) । जीवनी लेखनमा जीवनीकारलाई आफ्नो विचार, सिद्धान्त र मान्यताको मनोगत र कलात्मक रूपमा चित्रण गर्न छुट रहेको हुन्छ । जीवनीमा वर्ण्य विषयको मात्र महत्त्वपूर्ण स्थान हुन्छ तर संस्मरणमा कुनै खास घटनाको स्मृतिमूलक प्रस्तुतिलाई महत्त्व दिइन्छ ।

### ग) नियात्रा र संस्मरण

यात्रामा रमाउनु मानिसको सहज प्रवृत्ति हो । मानिस प्रकृतिको सौन्दर्यको उपासक पनि हो । यात्रामा निस्कने यात्रीले आफूले देखेको भोगेको र अनुभवमा समेटेका अनुभूति पुञ्जमा पाइने तत्त्वलाई निबन्धका रूपमा स्थापना गरिएको रचनालाई नियात्रा भनिन्छ । मानवले जीवन भोगाइका सन्दर्भमा गरेका महत्त्वपूर्ण र स्मरणीय यात्राको आत्मपरक शैलीमा वर्णन गरिएको भावनाप्रधान कलापूर्ण वृत्तान्तलाई नियात्रा भनिन्छ । साहित्यका सन्दर्भमा लेखकले यात्रा कालका विविध प्राकृतिक सौन्दर्यको वर्णन उल्लासमय भावनामा आत्मविभोर हुँदै कलात्मकरूपमा गरिएको प्रस्तुति नियात्रा हो ।

नियात्रा विधालाई अङ्ग्रेजी साहित्यमा 'Travell Account' भनिन्छ भने हिन्दी तथा नेपाली साहित्यमा 'यात्रावृत्तान्त' र 'यात्रा संस्मरण' आदि पर्यायवाची नामले चिनिए पनि नेपाली विधामा 'नियात्रा' नाम नै प्रचलित भएको छ ।

यात्रामा निस्कने यात्रीले जब प्राकृतिक सौन्दर्यका सुन्दर दृश्यको अनुभूति गर्दछ, तब यात्रीका आँखामा उल्लास फुल्छ र ऊ आत्मविभोर बन्छ । सांस्कृतिक विविधताले यात्रीको भावना पग्लिन्छ र यात्रुले अनुभूतिको तीव्रतालाई शब्दमा अभिव्यक्त गर्दछ । नियात्रा मूलतः तथ्य र अंशतः भावनाको अनुपातिक संयोजन गरी चित्रोपम शैलीमा अनुभूत स्मृति लेखिएको हुन्छ । मानिसको नयाँ जानकारी प्राप्त गर्ने, सौन्दर्यलाई नजिकबाट चुम्ने, सांस्कृतिक भावनाको आदानप्रदान गर्ने, राजनीतिक, ऐतिहासिक, धार्मिक एवम् मानव सभ्यताको विविधतालाई नजिकबाट चियाउने स्वभाव पाइन्छ । यात्रामा निस्कने यात्री संवेदनशील, प्रतिभा सम्पन्न, भावुक तथा सिर्जनशील छ, भने प्रत्येक रमणीय रोमाञ्चकारी, अविष्मरणीय यात्रा पश्चात् यात्रीले रोचक तथा कलात्मक नियात्राको रचना गर्दछ । नियात्रामा स्थान विशेषका सांस्कृतिक इतिहास, रीतिरिवाज, प्राकृतिक सौन्दर्य, त्यहाँका मानिसका विचार स्थानीय वृत्तान्तको सजीव साहित्यिक चित्रण गरिएको हुन्छ तर यात्रामा तत्काल यात्राकालीन घटनाको प्रस्तुति संस्मरणात्मक रूपमा कलात्मक ढङ्गबाट गरिएको हुन्छ । यात्रा वृत्तान्तमा यात्राकाल अनिवार्य नै हो । संस्मरणमा अतीतका स्मरणको एक झलक पाइन्छ, भने नियात्रामा यात्राकालीन घटनाको सविस्तार वर्णन ताजा संस्मरणमा आधारित हुन्छ ।

नियात्रा र संस्मरण दुवैमा जीवन भोगाइका घटनालाई निजात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ । निजात्मक शैली, भावविभोर अनुभूति, रागात्मक भाषा, परिवेशको सुन्दर चित्रण, मनोगत कल्पनाको प्रस्तुति जस्ता कुरामा समान विशेषता रहेको हुन्छ । पात्रको प्रयोग दुवै विधामा हुन्छ । नियात्रामा केन्द्रीय पात्र यात्रामा जाने व्यक्ति हुन्छ भने संस्मरणमा केन्द्रीय पात्र जसको बारेमा स्मरण गरिन्छ, त्यो नै हुन्छ । यात्रा वृत्तान्तमा जीवन भोगाइका अनुभूतिभन्दा स्थानकै सौन्दर्यपरक दृश्यलाई चित्रण गरिएको हुन्छ । नियात्रामा वातावरणको चित्रण प्रर्याप्त रूपमा हुन्छ भने संस्मरणमा आन्तरिक अनुभूतिको मनोगत चित्रण हुन्छ । यात्रामा विशेषतः प्राकृतिक बाह्य सौन्दर्यको उद्घाटन गरिएको हुन्छ । संस्मरणमा मानव अनुभूतिको सौन्दर्यपरक प्रस्तुति गरिएको हुन्छ । यदि नियात्रा लेखक कल्पनाशील भावुक र अभिव्यक्ति कौशल निपुण छ, भने नियात्रा अत्यन्त रोचक र रमणीय हुन्छ (भण्डारी, २०६४ : ४६,४७) । रूपाकृतिका दृष्टिले नियात्रा संस्मरण र शब्दचित्रका बीचमा रहेको हुन्छ भने वर्ण्य विषयका दृष्टिले दैनिकी र विवरणका नजिक रहेको पाइन्छ ।

## घ) दैनिकी र संस्मरण

गद्य साहित्यको नवीनतम विधा दैनिकी हो । रोजरोजको घटना र कार्यव्यापार सम्बन्धी रिपोर्टलाई दैनिकी भनिन्छ । साहित्यका सन्दर्भमा जब कोही व्यक्ति तिथिमितिका आधारमा जीवनका घटनाहरू आफूले भोगेदेखेका अनेक परिस्थिति, धार्मिक, सामाजिक र साहित्यिक गतिविधिको चित्रण नितान्त निजी अनुभवको रूपमा व्यक्त गर्दछ, भने त्यस्तो विधालाई दैनिकी भनिन्छ । मानव जीवन अनेक घटना तथा भावनाले भरिएको हुन्छ । तिनै अनुभूतिमूलक घटनाहरूलाई संवेदनशील व्यक्तिले दैनिक रूपमा लिपिबद्ध गरेको आलेखन नै दैनिकी हो ।

पाश्चात्य साहित्यबाट हिन्दी साहित्यमा विकसित भएको यस गद्य विधालाई नेपाली साहित्यमा रोजनाम्चाका नामले चिनिन्छ । अङ्ग्रेजीमा Diary (डायरी) भनिन्छ भने नेपाली र हिन्दी साहित्यमा दैनिकी, दैनन्दिनी एवम् डायरी जस्ता नाम पनि प्रयुक्त भएको पाइन्छ ।

सामान्यतः डायरी नितान्त वैयक्तिक प्रयोजनका लागि लेखिएको हुन्छ । यसमा अभिव्यक्त भएका घटना विचार तथा भावना व्यक्तिगत स्मरणका लागि लिपिबद्ध गरिने हुनाले लेखकले आफूलाई पारदर्शी रूपमा प्रस्तुत गरेको हुन्छ । जीवन भोगाइका कुनै राम्रा नराम्रा घटना तथा क्षणहरूलाई बिना आवरण प्रस्तुत गर्ने हुनाले डायरीमा विश्वसनीयता र प्रमाणिकता अधिक रहेको हुन्छ । संस्मरणको सापेक्षतामा डायरी प्रामाणिक हुन्छ । तर जीवनमा आइपर्ने आवश्यक अनावश्यक कुरा र घटनाहरूको यथावत् अस्तव्यस्त गुजुल्टो रोजनाम्चा हुने हुँदा सबै खाले दैनिकी साहित्यिक दर्जाका रूपमा आउन सक्दैन । जीवन भोगाइका घटना तथा परिस्थितिका समसामायिक परिवेशको रिपोर्ट सहज रूपमा गरिएको छ भने सहजताले साहित्यिक विशिष्टता प्रदान गर्छ । डायरीको लेखन संवेदनशील व्यक्तिले वैयक्तिक प्रयोजनका लागि गरेको हुन्छ, तर यस्ता डायरीले यदाकदा शुभेच्छुकबाट र व्यक्ति आफैबाट प्रकाशनमा ल्याउने अवसर प्राप्त गर्दछन् । यद्यपि डायरीको आलेखन प्रकाशनलाई ध्यानमा राखेर सचेततापूर्वक लेखिएको हुँदैन । डायरी प्रायः प्रत्येक दिन लेखिन्छ ।

अन्य विधाका अरू उपविधासँग डायरीले समानता राखेको हुन्छ, तर पनि डायरीमा जीवन व्यतीत भएजस्तै अनियन्त्रित र अव्यवस्थित आत्मघटनाको प्रस्तुति गरिएको हुन्छ । भावनाको सहज र स्वतस्फूर्त प्रकाशनका दृष्टिले दैनिकी पत्र साहित्यको नजिक देखिन्छ । दैनिकीले भोगमूलक जीवनको वर्णन, घटनाको विवरण, परिवेशको चित्रण र शैलीका दृष्टिले

हेर्दा संस्मरण विधासँग सामीप्य राखेको पाइन्छ । संस्मरण विधामा पाइने मनोगत चित्रण, भावविभोरात्मक स्मरण, रागात्मक भाषा, कल्पनातीत घटनाको रोचक प्रस्तुति, शिल्प सज्जा तथा कलात्मक बनौटको परिष्कृत निर्माण यसमा पाइँदैन । संस्मरणको सापेक्षतामा दैनिकी संक्षिप्त हुन्छ र समयको क्रमिक टिपोटले गर्दा प्रामाणिक आलेखन बन्दछ (भण्डारी, २०६४ : ४७–४९) । प्रामाणिक आलेखन भएको संस्मरणको आवश्यक सामग्री दैनिकी हुन्छ ।

### ङ) पत्र साहित्य र संस्मरण

गद्य विधाको नवीनतम आयाम थप्ने अर्को विधा पत्र साहित्य हो । लेखकले प्रापकसँग एक सहज, सुमधुर सम्बन्ध स्थापित गर्न सुन्दर र सुरुचिपूर्ण शैलीमा लेखिएको पत्र नै साहित्यिक दृष्टिले महत्त्वपूर्ण हुन्छ । कुनै व्यक्तिद्वारा कसैलाई लेखिएको आत्मीय, सुन्दर र कलात्मक अभिव्यक्ति भएको विधा पत्रसाहित्य हो । जीवनमा भोगेका घटनालाई पत्रमा लिपिबद्ध गर्दा साहित्यिक प्रयोजनको अनुभव गरिएको हुँदैन । तर पत्र प्रापकले उक्त पत्रबाट पाउने भावनाको गहनता, विषयवस्तुको गम्भीरता, प्रस्तुतिगत ढाँचामा कलात्मक पन देखेर पत्रलाई प्रकाशनमा पुऱ्याउँछ । त्यही पत्र सार्वजनिक रूपमा पाठकसामु आएपछि लेखकीय वैशिष्ट्यको कारणले साहित्यिक दर्जा हासिल गर्दछ ।

पत्र साहित्यलाई अङ्ग्रेजी साहित्यमा लेटर (Letter) भनिन्छ । हिन्दीमा पत्र साहित्य प्रचलित रहेको छ भने नेपालीमा यसलाई चिठ्ठी तथा पत्रको संज्ञा दिइएको छ । पत्र साहित्यलाई जे संज्ञा दिइए पनि भावप्रधान कलापूर्ण पत्रलाई पत्रसाहित्य भनिन्छ ।

पत्र जसले पनि लेख्छ । व्यक्तिले पत्र त्यतिबेला लेख्छ, जतिबेला पत्र पाउनुपर्ने व्यक्ति टाढा रहेको हुन्छ । व्यक्तिले अर्को व्यक्तिलाई भन्न मन लागेको कुरा सामुन्ने बसेर भन्न नसक्ने अवस्था सिर्जना हुन्छ, । त्यस परिस्थितिमा पत्रको सहारा लिइन्छ । पत्रमा मनका कुरा सहज रूपमा पोख्न सकिन्छ । पत्रमा भावनाका अनुभूति रोचक र सुन्दर ढङ्गबाट सङ्कोचबिना प्रस्तुत गर्न सकिने हुँदा पत्रहरू प्रभावकारी बन्न सक्छन् । साहित्यिक मूल्यका पत्रहरू लेख्दा पनि लेखकले सचेततापूर्वक साहित्यकै सिर्जना गरेको हुँदैन तर सिर्जनामा सिद्धहस्त बनिसकेका कलमबाट पत्र लेखिँदा रागात्मक भाषाको प्रयोग भने साहित्यकारले गरेको हुन्छ । यस्ता पत्रबाट साहित्यकारको रचना प्रक्रियाको जानकारी प्राप्त गर्न सकिन्छ । साहित्यिक पत्रहरू सूचनात्मक हुँदाहुँदै पनि आफ्नो साहित्यिक कलात्मक प्रभावलाई बनाइ राख्न सफल हुन्छन् । अझ मायालाई सम्बोधन गरी लेखिएका चिठ्ठीमा

ज्यादै कलात्मकता हुनुका साथै आत्मिक उद्‌गारहरूले भरिएको, आत्मप्रकाशनमा औपचारिक आवरणको पर्दा हटाइएको हुँदा यस्ता पत्रमा अनौपचारिक साहित्यिक स्वादको रस्वादन गर्न पाइन्छ ।

संस्मरण र पत्र साहित्य दुवै विधामा जीवन भोगाइकै अभिव्यक्ति हुन्छ । संस्मरण जीवनमा भोगेका, देखेका र अनुभव गरेका घटनाहरूमाथि आश्रित रहन्छ भने पत्रसाहित्य पनि जीवन भोगाइकै अभिव्यक्तिमा आश्रित रहन्छ । संस्मरण साहित्य संस्मरणकारको आत्मनिष्ठ तटस्थताका साथै भावना एवम् संवेदनाको मनोजगत्‌को चित्रणले गर्दा रोचक एवम् प्रभावकारी हुन्छ । पत्रमा पत्र साहित्यकारको भौतिक तथा सहज अभिव्यक्तिका कारण पत्रबाट मधुर मिठास प्राप्त हुन्छ । संस्मरणमा युगको परिवेश चित्रण गर्ने चित्रोपम भाषाको प्रयोग गरिन्छ । प्रकाशनको अपेक्षा राखिने हुँदा संस्मरणको भाषा बढी रागात्मक हुन्छ र प्रस्तुति कलात्मक हुन्छ । पत्र लेखनका क्रममा पत्र लेखकले प्रकाशनको कल्पना समेत गरेको हुँदैन (भण्डारी, २०६४ : ४९, ५०) ।

संस्मरण विगतको स्मृतिमा लेखिन्छ । जसले विगतको रोचक घटना, क्षण तथा व्यक्तिलाई सजीव रूपमा प्रस्तुत गरेको हुन्छ । पत्र प्रायः निजी भावना र विचार अर्को व्यक्ति सामु पोख्नको लागि लेखिन्छ ।

### च) शब्दचित्र र संस्मरण

शब्दचित्र गद्य साहित्यको अर्को नवीन विधा हो । जीवन भोगाइ, घटना, स्थान आदिलाई एउटा कुशल चित्रकारले तयार पारेको सुन्दर चित्र झैँ शब्दचित्र लेखकले थोरै शब्दद्वारा गहिरो अभिव्यक्ति प्रकट गर्ने सजीव चित्रण प्रस्तुत गरिने गद्य विधा हो । शब्द चित्र व्यक्तिका चारित्रिक विशेषताहरूलाई संक्षिप्त रूपमा रेखाङ्कन गर्ने र तिनलाई चित्रात्मक शैलीमा उद्‌घाटन गर्ने शाब्दिक व्यक्ति वृत्तान्तको खण्डखण्ड चित्रमा सजाउने विधा हो । चित्रकलाबाट साहित्यमा आयात गरिएको शब्दचित्रमा शब्दले उही काम गर्दछ जुन काम चित्रकलामा रेखाले गरेको हुन्छ । चित्रकलाले जस्तै सुन्दर, आकर्षण, प्रभावपूर्ण, गम्भीर र अन्तर्निहित भावनाको चित्रण हुँदाहुँदै पनि शब्दचित्र अमूर्त भने हुँदैन । शब्दचित्रमा विशिष्ट शब्दद्वारा वर्ण्य विषय, व्यक्ति, घटना एवम् दृश्यको यस्तो साकार रूप रेखाङ्कित गरिएको हुन्छ, जसले गर्दा पाठकका सामुन्नेमा चित्रकलाझैँ भ्रम सिर्जना हुन सकोस् । यस्तो शब्दशिल्पी सिर्जनाकारले शब्द चित्रको सिर्जना कुशल ढङ्गबाट गर्दछ । जसरी एउटा

चित्रकारले आफ्नो सानो कुचीको माध्यमबाट भावनाका असीम सौन्दर्यानुभूतिलाई बिम्बात्मक रूपमा प्रस्तुत गर्दछ । शब्दचित्रमा छोटाछोटा वाक्यको प्रयोग, स्वभाविक संवाद, संक्षिप्त शैलीको चमत्कारीपूर्ण कलाद्वारा सजीव चित्र प्रस्तुत गरिएको हुन्छ । शब्दचित्रमा शब्दहरूले रेखाचित्रको काम एवम् व्यञ्जनाले रङको काम गरेको हुन्छ ।

शब्दचित्र स्केच (Sketch) जस्तो लागे पनि अङ्ग्रेजी साहित्यमा यसलाई थम्बनेल (Thumb nail) भनिन्छ, भने हिन्दी र नेपालीमा रेखाचित्र, शब्दचित्र, शब्दाङ्कन, चरित्रचित्रण, व्यक्तिचित्र जस्ता पर्यायवाची नामले चिनिएको पाइन्छ । नेपाली साहित्यमा यसलाई शब्दचित्रकै नामले चिनिन्छ । शब्दचित्रमा लेखक शब्दबाट नै रेखाको निर्माण गर्दै व्यक्तिका विविध विशेषताको प्रस्तुति गर्न सफल देखिन्छ ।

संस्मरणमा लेखकले वैयक्तिक दृष्टिकोणलाई व्यक्त गरेको हुन्छ तर शब्दचित्रमा यो परिस्थितिको गुञ्जायस रहँदैन । संस्मरणको सम्बन्ध देश, काल तथा पात्रसँग रहेको हुन्छ भने शब्दचित्रको सम्बन्ध पात्रसँग मात्र रहेको हुन्छ । संस्मरण विवरणात्मक शैलीमा लेखिएको हुन्छ भने शब्दचित्र वर्णनात्मक शैलीमा प्रस्तुत हुन्छ । संस्मरण प्रायः विशिष्ट व्यक्ति तथा विशिष्ट घटना सिर्जनाकारको कलमबाट सिर्जिन्छ भने शब्दचित्रमा विशिष्ट व्यक्तिका अतिरिक्त साधारण व्यक्ति पनि आउन सक्छ । शब्दचित्रमा मुक्तकको जस्तो सुन्दर माधुर्य हुन्छ भने संस्मरणमा निबन्धको जस्तो रागात्मकता रहेको हुन्छ । संस्मरणमा आत्मपरक कलात्मक शैलीको प्रयोग गरी आफू स्वयम्को पनि वर्णन गरिने हुँदा यसमा आन्तरिक तथा बाह्य दुवै घटनाको चित्रण सहज ढङ्गबाट गर्न सकिन्छ । (प्रधान, २०४४ : ५८) शब्दचित्रले सफल चित्रले वस्तुको बोध गराई हृदयस्पर्शी पारेजस्तै आकर्षक शब्द, पदावली र वाक्यको बनोटले चित्रको रेखारेखाको काम गर्ने हुँदा विषयप्रति आन्तरिक हृदयको प्रस्तुति शबदचित्रमा झल्कन्छ ।

### छ) रिपोर्ताज र संस्मरण

रिपोतार्ज साहित्य गद्य विधाका रूपमा स्थापित हुन लागेको विधा हो । कुनै उत्सव, समारोह, घटना- दुर्घटना अभियान, सभासम्मेलन, गोष्ठी अन्वेषण आदिका सन्दर्भमा केन्द्रित भएर टिपिएका इतिवृत्त समीक्षा, प्रतिवेदन आदि समेतको वर्णन प्रस्तुत गरिएको सामग्री रिपोर्ताज हो । यसमा पनि केही हदसम्म संस्मरणको भूमिका रहन्छ । रिपोर्ताजमा वस्तुगत समाख्यानताको प्रबलता रहन्छ । यसै प्रबलताभित्र समाख्याताको संस्मरण आएको हुन्छ ।

कुनै घटना र विषयको प्रत्यक्ष दर्शित हाल प्रस्तुत गरिने परम्परा नै रिपोर्ताजको प्रमुख तत्त्व भएर रहन्छ । रिपोर्ताजमा वर्णन र वस्तुमा जीवन्तता ल्याउन कतिपय सन्दर्भमा नाटकीयता र कल्पनात्मक स्थितिको सिर्जना पनि गरिएको हुन्छ । रिपोर्ताज निजात्मक विधा नभएर वस्तुपरक अन्य विधा विशेषको नयाँ छुट्टै विधा विशेष हो ।

रिपोर्ताजलाई विवरण पनि भनिन्छ । समाजमा घटेका वास्तविक घटनालाई आफ्नो आँखाले प्रत्यक्ष रूपमा देखेको अनुभव गरेको र भोगेको वर्ण्य विषयलाई आफ्नो अनुभूति, दृष्टिकोण, कला, कल्पना तथा प्रतिभाका आधारमा मनोरम एवम् चित्रात्मक रूपमा प्रस्तुत गरिने घटनाको प्रस्तुति नै विवरण साहित्य हो ।

लेखक स्वयम्ले आफ्ना आँखाले देखे भोगेका तथा अनुभव गरेका वास्तविक घटनालाई सहज स्पन्दन र कलात्मक रमणीय रिपोर्ट विवरण भएकाले यसमा लेखकले प्रमाणिक तथ्यका साथै आफ्नो दृष्टिकोण र प्रतिक्रियालाई समेत समायोजन गरेको हुन्छ । विवरण साहित्यमा घटेका घटनाहरूप्रति संवेदात्मक टिप्पणी गरी घटनाको वास्तविक जानकारी कलात्मक ढङ्गबाट दिने प्रयास गरिन्छ ।

विवरण साहित्यको महत्त्व इतिहाससँग जोडिएको छ । यसमा वास्तविक घटना समस्यासँगै युगचेतना, युगीन सङ्घर्ष, मानवीय कटु यथार्थ र समसामयिक परिवेशलाई समेत कलात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ । विवरण साहित्यमा लेखकको सूक्ष्म विश्लेषणात्मक दृष्टिकोण र घटनाको प्रत्यक्ष अवलोकन हुने भएकाले यसमा प्रामाणिकता अधिक रहन्छ ।

संस्मरणमा रमरम आख्यान, कलात्मकता, रागात्मक भाषा अनि जीवन भोगाइका स्मृतिहरूले महत्त्वपूर्ण भूमिका खेल्छन् भने विवरण प्रायः घटनासँग सम्बन्धित हुन्छ । यसमा लेखक प्रत्यक्ष अवलोकनकर्ता हुने हुँदा लेखकको आन्तरिक राग संस्मरणका तुलनामा नगण्य नै हुन्छ । संस्मरण आत्मपरक शैलीमा लेखिन्छ भने विवरण वस्तुपरक शैलीमा लेखिन्छ । वर्तमानका घटनाहरूलाई विशेष महत्त्वका साथ प्रस्तुत गर्ने रिपोर्ताज साहित्यमा पत्र साहित्यको जस्तै विचार र विश्लेषणको प्रस्तुति पाइन्छ (भण्डारी, २०६४ : ५२, ५३) अनि संस्मरण विगतका घटनाको स्मृतिमा आधारित हुन्छ ।

### ज) अन्तर्वार्ता र संस्मरण

मानिसहरूसँग भएका कुराकानीलाई लेखकीय निजात्मक अनुभूति तथा प्रतिक्रिया सहितको आलेखनलाई अन्तर्वार्ता भनिन्छ । सामान्यतः साहित्य, कला, राजनीति, धर्म, समाजसेवा, आदि विविध क्षेत्रका विशिष्ट प्रतिभा वा व्यक्तिसँग साक्षात्कार गरी तिनीहरूसित गरिएको अन्तरङ्ग वार्तालापको प्रस्तुतिलाई अन्तर्वार्ता भनिन्छ ।

अन्तर्वार्तालाई अङ्ग्रेजी साहित्यमा इन्टरभ्यु (Interview) भनिन्छ । हिन्दी साहित्यमा इन्टरभ्यु, साक्षात्कार, भेटवार्ता, अन्तरङ्ग भेट, बातचित, मेलमिलापजस्ता पर्यायवाची नामले चिनाउने गरिन्छ ।

अन्तर्वार्ता प्रकाशनको लागि लिपिबद्ध गरिएको हुन्छ । आधुनिक युगमा रेडियो टेलिभिजनले पाठक सामुन्नेमा प्रतिष्ठित व्यक्तिलाई साक्षात्कार गराउँदछन् । लिपिबद्ध गरी प्रकाशित गरिएको अन्तर्वार्तामा भावगम्भीर्य रहेको हुन्छ । यस्ता अन्तर्वार्ताहरू भविष्यका महत्त्वपूर्ण अभिलेख बन्न सक्छन् । अनि कालान्तरमा अमूल्य साहित्यिक निधिको रूपमा देखा पर्छन् ।

अन्तर्वार्ता विभिन्न विषयमा हुन सक्छ तर साहित्यिक अन्तर्वार्ता साहित्य, कला, सङ्गीत तथा संस्कृति र फिल्मजस्ता विषयमा लिइन्छ । एकै विषयमा पनि विभिन्न विचार आउन सक्छन् । अन्तर्वार्तामा व्यक्तिले आफ्ना विचार, मान्यता, धारणा एवम् मानसिक तथा सामाजिक गतिविधिलाई खुलस्त रूपमा प्रस्ट पारेको हुन्छ । यसमा विषय र व्यक्ति दुवै महत्त्वपूर्ण हुन्छन् ।

अन्तर्वार्तामा सत्यतथ्यको प्रमाणिकता सजीव रहन्छ । यसमा संस्मरणमा जस्तो रमरम आख्यानसूत्रको अभाव रहन्छ । अन्तर्वार्तामा वर्णनात्मक र विवरणात्मक शैलीको प्रयोग गरिन्छ भने संस्मरणमा निजात्मक शैलीको प्रयोग गरिन्छ । संस्मरणमा जस्तै रागात्मक भाषा र चित्रोपम शैलीको प्रयोग अन्तर्वार्तामा हुँदैन । अन्तर्वार्तामा प्रतिष्ठित व्यक्तिको व्यक्तित्वलाई सार्वजनिक गराइएको हुन्छ । संस्मरणको तुलनामा अन्तर्वार्तामा प्रकाशनको तीव्रता हुन्छ । अन्तर्वार्तामा व्यक्त गरिएका कतिपय जीवन भोगाइका कुरा स्मरण शक्तिकै रूपमा प्रस्तुत गरिएको हुन्छ (भण्डारी, २०६४ : ५४, ५५) । अतः संस्मरणबाट अन्तर्वार्ता पूर्णतः अलग रहन सक्दैन ।

## २.६ निष्कर्ष

संस्मरण भनेको कुनै कुरालाई स्मरण गर्नु हो । साहित्यका सन्दर्भमा कुनै व्यक्ति, घटना, दृश्य र वस्तुका सन्दर्भमा आत्मीय रूपले सम्झना गर्दै विवेचनात्मक रूपमा सिर्जना गरिएको साहित्यलाई संस्मरण भनिन्छ । संस्मरणका आफ्नै आधारभूत तत्त्वहरू हुन्छन् जसले संस्मरणलाई पूर्ण रूप दिने काम गर्छन् ।

स्मृतितत्त्वको प्रधानताबाट नै संस्मरणको रचना गरिन्छ । अतीतलाई स्मरण गर्नु नै स्मृतितत्त्वको प्रयोग हुनु हो । दृश्य र अन्य संवेद्य तत्त्वले पनि संस्मरणलाई तयार पार्न सहयोग गर्दछ । आख्यानात्मकता संस्मरण तत्त्व अन्तर्गत पर्ने अर्को महत्त्वपूर्ण तत्त्व हो । आख्यानात्कता अन्तर्गत विषयवस्तु, पात्रविधान, परिवेश र कौतूहल पर्दछन् । संस्मरण अतीतका अविस्मरणीय घटनाहरूलाई पाठकसामु पुऱ्याउने उद्देश्यले लेखिन्छ । संस्मरणमा सरल भाषाशैलीको प्रयोग गनुपर्दछ । संस्मरणका अन्य आधारभूत तत्त्वहरू तटस्थता, वैयक्तिकता, सामाजिकता, ऐतिहासिकता, काल्पनिकता, वस्तुसत्यप्रतिको इमानदारी, भावकुता, प्रभावपरकता आदि हुन् । वस्तुपरकता, आत्मपरकता र सन्तुलित संस्मरण संस्मरणका स्वरूप हुन् ।

संस्मरण साहित्यको अन्य साहित्यिक विधासँग पनि तुलना गर्न सकिन्छ । संस्मरणलाई आत्मकथा, जीवनी, नियात्रा, दैनिकी, पत्र साहित्य, शब्दचित्र, रिपोर्ताज र अन्तर्वार्तासँग तुलना गर्न सकिन्छ । संस्मरणमा जीवन भोगाइका वास्तविक घटनाहरू वर्णित हुन्छन् । आफ्नै विधागत सिद्धान्त भएको संस्मरण विधाको आफ्नै स्वरूप हुन्छ । संस्मरण विधाको साहित्यका विविध विधासँग पनि निकटवर्ती सम्बन्ध रहेको हुन्छ ।

परिच्छेद : तीन

# रामेश कोइरालाको चिनारी

## ३.१ परिचय

रामेश कोइरालाद्वारा रचित संस्मरण **आमाको मुटुको** विधातात्त्विक अध्ययन गरिएको यस शोधपत्रको यस तेस्रो परिच्छेदमा रामेश कोइराला चिनारी विभिन्न पक्षबाट गराइएको छ । यस परच्छेदमा रामेश कोइरालालाई एक संस्मरणकार मात्र नभई व्यक्तिगत रूपमा उनी कस्ता छन भन्ने जस्ता विविध कुराहरूको जानकारी दिइएको छ । उनी नेपाली साहित्यमा **आमाको मुटु** संस्मरण प्रकाशन गरेर विं.सं. २०६८ मा प्रवेश गरेका हुन् । थौरे लेखेर पनि राम्रो चर्चा कमाउन सफल साहित्यकारहरूको पङ्क्तिमा रामेश कोइरालालाई लिन सकिन्छ । यस तेस्रो परिच्छेदमा कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको परिचय दिइएको छ ।

## ३.२.जीवनी

साहित्यकार रामेश कोइराला नेपाली साहित्यमा वि.सं.२०६८ मा **आमाको मुटु** नाम गरेको संस्मरणात्मक कृति लिएर देखा परेका व्यक्तित्व हुन् । वि.सं. २०७० मा उनले **कोपिला आश्रम** नामक उपन्यास पनि प्रकाशित गरेका छन् जसबाट उनले एक सफल उपन्यासकारका रूपमा आफूलाई चिनाएका छन् । उनको पहिलो कृति **आमाको मुटु**लाई शोध्य विषय बनाएर अध्ययन गर्दा उनलाई व्यक्तिगत तवरबाट पनि चिनाउनु अनिवार्य हुन जान्छ । सोही कारणले गर्दा यहाँ काइरालाको जीवनीलाई विभिन्न शीर्षकमा राखेर प्रस्तुत गरिएको छ ।

### क) जन्म

रामेश कोइरालाको जन्म वि.सं. २०२४ आश्विन २८ गतेका दिन तर्कराज कोइराला र दुर्गादेवी कोइरालाका चार सन्तानमध्ये अन्तिम सन्तान तथा कान्छा छोराको रूपमा खोटाङ जिल्लाको दिक्तेल बजारमा भएको हो । कोइरालाका दुई दाजु र एक दिदी छन् । उनको पूरा नाम रामेशराज कोइराला हो । कोइरालाको जन्म संयुक्त परिवारमा भएकाले बाल्यकाल सामान्य रूपमा रहेको पाइन्छ । बाबुको जागिरे जीवनका कारण उनको परिवारले

कहिले झापा, कहिले खोटाङ, कहिले इलाम, कहिले तेह्रथुम जिल्लाका विभिन्न स्थानमा अस्थायी रूपमा रही जीवन बिताएका भए तापनि हाल भने उनको परिवारको स्थायी घर झापा जिल्लाको भद्रपुरमा रहेको छ (शोधनायकबाट प्राप्त जानकारी ) ।

## ख) शिक्षा तथा पेसा

रामेश कोइरालाको औपचारिक शिक्षारम्भ खोटाङ दिक्तेल बजारको बालमन्दिरबाट भएको हो । बाबुको जागिरे जीवन तथा परिवारको अस्थायी बसोबास जताजता उनको अध्ययन कार्य पनि त्यतै भएको छ । उनले कक्षा दुई पाँचथरको फिदिम कक्षा तीन इलाम, कक्षा चारदेखि कक्षा सातसम्म भद्रपुरको सारदा मा.वि, कक्षा आठ झापाको चन्द्रगढी, कक्षा नौ र कक्षा दश झापाकै वीरेन्द्र मा.वि. बाट उत्तीर्ण गरेर विद्यालयीय पढाइ पूरा गरेका हुन् (शोधनायकबाट प्राप्त जानकारी ) ।

उच्च शिक्षा हासिल गर्न काठमाडौँ जाने चाहना हुँदा हुँदै विविध कारणले झापाकै मेची क्याम्पसमा भर्ना भएका कोइरालाले आइ.कम पहिलो वर्षको आन्तरिक परीक्षामा राम्रो नतिजा ल्याउन सफल बनेका थिए् । उनको त्यही सफलता पछि गुरुहरूको सल्लाह तथा उनको भित्री चाहनाका कारण पाटन क्याम्पसमा भर्ना भई उनले आइ.एस्सीको अध्ययन पूरा गरेका हुन् । त्यसपछि उनी रसियन छात्रवृत्तिमा ६ वर्षको चिकित्सक विषय पढ्न रसिया पुगेका हुन् ।

कोइरालाले आइ.एस्सी अध्ययनको क्रमदेखि नै विभिन्न पेसामा संलग्नता देखाएका छन् । घरबाट पठाएको निश्चित पैसाले काठमाडौंमा खान, बस्न र पढ्न नपुग्ने भएकाले नै उनलाई केही काममा संलग्न हुनुपर्ने बाध्यता रहेको बुझिन्छ । उनले रेस्टुरेन्ट सञ्चालनदेखि शिक्षण पेसा, कृषि विकास बैङ्को सहायक भएर समेत कार्य गरेका छन् (आमाको मुटु, पृष्ठ ?) । आफ्नो रुचि इन्जिनियर पढ्ने हुँदा हुँदै चिकित्सा विषय पढ्न पुगेका उनले रसियाबाट चिकित्सा विषयको पढाइ पूरा गरेर नेपाल फर्केको केही समयदेखि नै पाटन अस्पतालबाट चिकित्सक जीवन सुरु गरेका हुन् । पाटन अस्पतालमा उनले डेढ वर्षको अनुभव बटुलेका छन् । त्रि.वि शिक्षण अस्पतालबाट चिकित्सा विषयमा स्नातकोत्तर उपाधि हासिल गरेसँगै कोइरालाले वि.सं. २०५७ सालदेखि गंगालाल हृदय रोग केन्द्रमा अनवरत रूपमा मुटु रोग विशेषज्ञ भई कार्य गर्दै आएका छन् ।

## ग) रुचि र स्वभाव

जिज्ञासु, चञ्चल स्वभाव भएका कोइराला तीक्ष्ण बुद्धि भएका सरल स्वभावका व्यक्ति हुन् । आफ्नो समाज र देशप्रति सदैव चासो राख्ने कोइराला सानैदेखि सहयोगी स्वभावका व्यक्ति हुन् । उनी एक सच्चा राष्ट्रभक्त नेपालीका रूपमा चिनिन्छन् ।

पुस्तक पढ्न विशेष चासो राख्ने कोइरालालाई बिरामीको सेवा गर्न पाउँदा मनमा बढी शान्ति मिल्छ । फुर्सदमा सिनेमा हेर्न, आफन्तसँग घुमघाम गर्न रुचि राख्ने कोइराला देशविदेशका वर्तमान स्थितिप्रति जानकारी राख्ने स्वभावका छन् ।

नेपाली भएकोमा गर्व राख्ने कोइराला आफ्नो भाषा र संस्कृतिलाई प्रेम गर्छन् । स्वच्छ छवि भएका कोइराला आफ्नो समाजमा भए गरेका विकृतिमा व्यङ्ग्य गर्न पछि पर्दैनन् । निर्भीक स्वभावका कोइराला अन्यायलाई सहन गर्न सक्दैनन र सदैव आवाज उठाउन अग्रसर रहन्छन् । आफ्नो पेसालाई सम्मान गर्छन् । उनी चिकित्सा पेसा तनमन दिएर जीवनयापन गरिरहेका छन् ।

## घ) वैवाहिक जीवन

वि.सं.२०५२ सालमा झापा भद्रपुर निवासी पुनम शर्मासँग मागी विवाह गरेर वैवाहिक जीवन सुरु गरेका कोइरालाको वैवाहिक जीवन सुखमय रहेको पाइन्छ । उनको सन्तानका रूपमा एक छोरी छिन् । उनकी छोरीको नाम इशिता कोइराला हो ।

## ङ) बसोबास

कोइरालाको पुख्यौली स्थायी बसोबासयुक्त थलोको रूपमा भद्रपुर, झापा भए तापनि बाबुको जागिरे जीवनका कारण उनको परिवारले कहिले झापा, कहिले पाँचथर, कहिले खोटाङ, कहिले इलाममा अस्थायी जीवन बिताउनु परेको थियो । उनी कक्षा चारमा पढ्दा देखि भने आफ्नो पुर्ख्यौली थलो भद्रपुरमै स्थायी, बसोबास गरेको पाइन्छ । हाल उनी परिवार काठमाडौं महाराजगंज स्थित दुर्गादेवी मार्गको आफ्नै निवासमा बसोबास गर्दै आएका छन् (शोधनायकबाट प्राप्त जानकारी ) ।

## च) आर्थिक अवस्था

कोइरालाको जन्म सामान्य आर्थिक अवस्था भएको परिवारमा भएको थियो । यसका कारण उनले बाल्यकाल सामान्य रूपमा बितेको छ । खेती गर्नका लागि पर्याप्त जमिन भए

तापनि बुबा जागिरे, आमा सधैँको मुटुरोगी, समयमा नै खेतीपाती लगाउन नपाउँदा परिवारको आर्थिक स्थिति सम्हाल्न गाह्रो भएको देखिन्छ । कोइरालाले बाल्यकालीन जीवनस्तर सामान्य रहेको भए तापनि उनी चिकित्सा पेसामा संलग्न भइसकेको अवस्थामा परिवारको आर्थिक स्थिति सबल बनेको छ ।

**च) संलग्नता**

समाजसेवी व्यक्तिका रूपमा परिचित कोइराला शिक्षा र स्वास्थ्य क्षेत्रमा राष्ट्रले प्रगति गरेको हेर्न इच्छा राख्छन् । यसै इच्छा स्वरूप उनले आफ्नो तर्फबाट **"निशुल्क शिक्षा र स्वास्थ्य सबैको अधिकार"** नामक संस्थाको स्थापना गराएका छन् । उक्त संस्थाले धेरै बालबालिकालाई शिक्षाको सुअवसर प्रदान गर्न साथै आर्थिक अभावका कारण स्वास्थ्य उपचारका पहुच सहज बनाउन सहयोग गर्छ ।

कोइरालाले वि.सं. २०७२ साल बैशाख १२ गतेको महाविनाशकारी भूकम्पले क्षतिग्रस्त कैयौँ स्थानमा गएर व्यक्तिगत तवरमा रहेर भौतिक, आर्थिक र स्वास्थ्य स्तरको सहयोग पुऱ्याएर एक असल र सहयोगी हृदय भएको परिचय दिएका छन् । उनी सहयोग गर्ने सहयोगी हातहरूसँग सदैव हातेमालो गर्दै अगाडि बढिरहेका छन् ।

**छ) भ्रमण**

कोइरालाले आफ्नो जीवनको यात्रामा कहिले अध्ययन, कहिले रोजगारीको क्रममा देश तथा विदेशका विभिन्न ठाउँको भ्रमण गरेका छन् । उनले चिकित्सा विषयको अध्ययनका क्रममा सोभियत संघ र सिंगापुरको भ्रमण गरेका छन् । उनी गंगालाल हृदयरोग केन्द्रका मुटुरोग विशेषज्ञ भइसकेपछि भारत, पाकिस्तान, सिंगापुर, मलेसिया, अमेरिका, चिन, जापान, युरोपका अधिकांश देशहरूको भ्रमण गरिसकेका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

**ज) कृति लेखनको प्रेरणा**

पेसाले मुटुरोग विशेषज्ञ रहेका कोइरालालाई साहित्य लेखनको प्रेरणा आफ्नो आमाको मुटुरोग ग्रस्त जीवनीबाट प्राप्त गरेका हुन् । मुटुमा लागेको रोग पत्ता लगाउन १५/२० वर्ष लाग्दा आफ्नी आमाले जुन पीडा सहन गर्नुपऱ्यो उक्त कारुणिक जीवनयात्राबाट प्रेरित भई **आमाको मुटु** नामक संस्मरणणात्मक कृति लेखेका हुन् । उनी

आफैँ एक मुटुरोग विशेषज्ञ भएकाले र उनकी आमाको पीडायुक्त जीवनबाट नै मुटुरोग र मुटुरोगीबारे नजिकबाट बुझ्केकाले उनलाई यो कृति रचना गर्ने प्रेरणा प्राप्त भएको हो ।

कोइराला आफै एक समाजसेवी व्यक्तित्व हुन् । समाजसेवा गर्न रुचाउने भएकाले उनको सम्पर्कमा समाजसेवी व्यक्तिहरू रहेको र त्यहीँबाट उनले वास्तविक र खोके दुई खाले समाजसेवी व्यक्तिहरूलाई चिन्ने बुझ्ने अवसर प्राप्त गर्दछन् । उनको **कोपिला आश्रम** नामक उपन्यासको प्रेरणा यस्तै विविध खाले समाजसेवीबाट प्राप्त भएको हो ।

उनले समाजका वास्तविक र मन छुने घटनालाई नै आफ्नो साहित्य लेखनको विषय बनाएका छन् । उनको दुवै कृतिको विषय उनको जीवन भोगाइ र समाजको वास्तविक घटना रहेको छ । कोइरालालाई चिकित्सकबाट साहित्यकार बन्न प्रेरणा प्रदान गर्ने व्यक्तिहरूमा उनका प्रियजनहरू नै पर्दछन् ।

## ३.३. व्यक्तित्व

रामेश कोइराला पेसागत रूपमा मुटुरोग विशेषज्ञ हुन् । नेपाली साहित्यमा भर्खर भर्खरै प्रवेश गरेका कोइरालाई विभिन्न पक्षबाट चिनाउने क्रममा उनको व्यक्तित्वलाई विविध पक्षबाट निम्नलिखित किसिमले चिनाइएको छ :

### क) साहित्यकार व्यक्तित्व

रामेश कोइराला पेसागत रूपले मुटुरोग विशेषज्ञ हुन् । आफ्नो जीवन भोगाइ, आत्मीय मित्रहरूको प्रेरणा र आमा प्रतिको स्नेहले साहित्यमा डोऱ्याएको छ । रामेश कोइरालाले हालसम्म नेपाली साहित्यको संस्मरण तथा उपन्यास विधामा कलम चलाएका छन् । औपचारिक रूपमा **आमाको मुटु** (२०६८) नामक संस्मरणात्मक कृति मार्फत आफूलाई नेपाली साहित्यमा प्रवेश गराएका उनले आफ्नो दोस्रो कृतिका रूपमा **कोपिला आश्रम** (२०७०) प्रकाशन गराएका छन् । कोइरालाको साहित्यिक व्यक्तित्त्वको निर्माण यिनै दुई कृतिबाट भएको छ । जसको उल्लेख यसप्रकार गर्न सकिन्छ :

#### अ) संस्मरणकार व्यक्तित्व

नेपाली साहित्यको गद्य साहित्य अन्तर्गतको अन्य विधामा पर्ने संस्मरण एक विकासशील साहित्यिक विधा हो । यसलाई साहित्यको नवीन गद्य विधाकै एक उपविधाका रूपमा समेत चिनिन्छ । रामेश कोइरालाको पहिलो र उत्कृष्ट कृतिका रूपमा **आमाको मुटु**

(२०६८) नामक संस्मरणात्मक कृति पर्दछ । यसै कृतिबाट नै सर्वप्रथम उनले आफ्नो साहित्यिक परिचय दिएका हुन् । आफ्नो आमाको कारुणिक कथा र आफ्नो जीवनको केही सुखद र केही दुःखद अनुभूति समेटिएको उनको यो उत्कृष्ट संस्मरणात्मक कृति हो । उनले सरल र सहज भाषामा आफ्नो जीवनाभूति यसमा प्रस्तुत गरेका छन् । आफ्नी आमालाई मुटु रोग लागेको र समयमानै त्यसको पहिचान हुन नसकी लामो समयसम्म भौतिक एवं मानसिक क्षति व्यहोरेको उनको परिवारको यथार्थ कथा **आमाको मुटु** कृतिमा समावेश भएको छ ।

आफ्नो सानो उमेर हुँदादेखि नै आमाको मुटु दुख्ने व्यथाको साक्षी भएका कोइरालाले लगभग बीस वर्षसम्म रोग पत्ता नलाग्दा कस्तो स्थिति हुन्छ भन्ने कुरालाई यस संस्मरणमा वर्णन गरेका छन् । रोगको उपचारका लागि थुप्रै डाक्टर र क्लिनिक धाएको, त्यसरी धाउँदा कोही आमालाई टी.बी. रोग लागेको भन्छन्, कोही फोक्सो फुल्ने रोग लागेको, कोही पाठेघरको समस्याले यस्तो भएको भनी थरीथरी रोगका किसिम र औषधीको सिफारिस गरेको र डाक्टरले भने बमोजिम औषधीको सेवनले पनि रोगको नियन्त्रण नहुँदा परिवारले अनेक सास्ती खप्नुपरेको र विभिन्न व्यक्तिबाट ठगिनु परेको तितो भोगाइलाई संस्मरणकारले स्मरण गरी **आमाको मुटु**मा प्रस्तुत गरेका छन् ।

समग्रमा कोइरालालाई एक सामाजिक चेत राख्ने, मानवतावादी सोच भएका एक परिवर्तनशील संस्मरणकारको रूपमा चिन्न सकिन्छ । उनी यथार्थ पक्षलाई आफ्नो लेखनको मुख्य प्रवृत्ति बनाउने गर्दछन् ।

**आ) उपन्यासकार व्यक्तित्व**

नेपाली साहित्यमा **आमाको मुटु** (२०६८) संस्मरण लिएर देखा परेका कोइरालाले वि.सं. २०७० मा **कोपिला आश्रम** उपन्यास प्रकाशित गराएका छन् । संस्मरणकारको रूपमा सफल कोइरालाले **कोपिला आश्रम** उपन्यासमा समाजमा व्याप्त बोक्रे समाजसेवीहरूको पर्दाफास गर्ने काम गरेका छन् । यसि कृतिबाट उनी उपन्यास विधामा पनि सफल छन् भन्ने कुरा प्रष्ट हुन्छ ।

कोइरालाको औपन्यासिक व्यक्तित्वलाई उनको **कोपिला आश्रम** कृतिले प्रस्ट्याएको छ । समसामयिक नेपाली देखावटी समाजसेवाका सजीव चित्रण यस कृतिमा भएको छ । **कोपिला आश्रम** सरल, सहज भाषामा समाजको गहन विषयलाई लिएर लेखिएको उत्कृष्ट

उपन्यास हो । समाजसेवाको नाममा गरिब, अनाथ, पीडित बालबालिकालाई सुदूर देशमा धर्मपुत्र तथा धर्मपुत्री बनाई बेच्ने र आफू धनी बन्ने यथार्थ खेललाई रामेश कोइरालाले सजीव रूपमा आफ्नो उपन्यासमा प्रस्तुत गरेका छन् । देशको संकटकालीन परिस्थितिले उब्जाएको यो समस्या समाजको एक विकृतिको रूपमा मौलाएको देखिन्छ । यसै कृतिबाट उनी एक आलोचनात्मक यथार्थवादी उपन्यासकारका रूपमा परिचित भएका छन् ।

एउटै उपन्यास लेखेर पनि राम्रो चर्चा बटुल्न सकेका कोइराला एक मानवतावादी सोच भएका उपन्यासकार हुन् जो आफ्नो उपन्यास मार्फत समाजमा भइरहेको तितो यथार्थलाई पाठकसामु पुऱ्याउनु आफ्नो कर्तव्य ठान्छन् । उनी चाहान्छन्, 'हरेक नागरिक यस्ता बोके समाजसेवीबाट बचून् र कलिला बाल बालिका कहिले कसैको गलत फन्दामा नपरून् ।'

## ख) अन्य व्यक्तित्व

यस शीर्षकमा रामेश कोइरालालाई अन्य विविध व्यक्तित्वका आधारमा चिनाउने काम गरिएको छ :

### अ) शारीरिक व्यक्तित्व

कोइराला शारीरिक व्यक्तित्वका दृष्ट्रिले एक स्वस्थ व्यक्ति हुन् । अग्लो उचाई भएका कोइराला सानैदेखि दुब्लोपातलो रहेको तर हाल भने उनको शारीरिक बनोट न धेरै मोटो न धेरै पातलो मध्यम आकारको रहेको छ । गहुँगोरो वर्णका उनी हेर्दा आकर्षक व्यक्तित्वका देखिन्छन् । अप्ठ्यारोमा परेकाहरूलाई सहयोग गर्ने भावना भएका निडर र स्वाभिमानी व्यक्तिका रूपमा उनलाई चिनिन्छ ।

### आ) चिकित्सक व्यक्तित्व

जीवनमा इन्जिनियर अध्ययन गरेर सफल इन्जिनियर बन्ने इच्छा भएका कोइरालाले पारिवारिक र शैक्षिक कारणले चिकित्सा पेसा अँगालेका छन् । चिकित्सक व्यक्तित्वमा उनी अझ प्रखर भएका छन् । रामेश कोइराला एक मुटुरोग विशेषज्ञ भएकाले उनको चिकित्सक व्यक्तित्व साहित्यिक व्यक्तित्व भन्दा उच्च रहेको छ । उनी चिकित्सा क्षेत्रमा संलग्न रहेको डेढ दशक बढी भइसकेको छ । उनको साहित्यिक व्यक्तित्वको निर्माण गर्न चिकित्सक व्यक्तित्वले सहयोग गरेको देखिन्छ । उनको चिकित्सक व्यक्तित्वको सुरुवात पाटन

अस्पतालबाट भएको हो । त्यहाँ डेढ वर्ष काम गरेपछि उनी गंगालाल हृदयरोग केन्द्रमा संलग्न भएका हुन् । उनी एक वरिष्ठ मुटुरोग विशेषज्ञ हुन् ।

**इ) समाजसेवी व्यक्तित्त्व**

सानै उमेरदेखि कमलो मन र सहयोगको भावना राख्ने कोइरालालाई एक सच्चा समाजसेवीको रूपमा पनि चिनिन्छ । व्यक्तिगत तवरबाट पनि उनी ज्यादै सरल व्यक्तित्व रहेका छन् । समाजको प्रगति र उन्नति चाहने आफ्ना देशवासीको हित सोच्ने कोइरालाले आफ्नो तर्फबाट सक्दो प्रयास गरेर समाज र राष्ट्रलाई सघाएको देखिन्छ । उनले **'हाम्रो प्रयास'** नामक संस्थाबाट विभिन्न व्यक्तिहरूसँग मिली गरिब अशक्तहरूको उपचार गरिदिने तथा शिक्षा प्राप्त गर्न अवसर प्रदान गर्ने कार्य गरेका छन् ।

आफू स्वास्थ्य क्षेत्रमा लागेको भए पनि उनले आफूले सहयोग गर्ने काममा भने सबै क्षेत्रमा हात सारेका छन् । शिक्षाको पहुँचमा जोड दिने, बाल अधिकार र बालबालिकाको हितमा राज्यले विशेष चासो पुऱ्याउनु पर्छ भन्ने उनको व्यक्तिगत विचार रहेको छ । समाजको चालचलन र परिवेशलाई ज्यादै नजिकबाट अनुभव गरेका रामेश कोइराला समाजको कुरीति र विसङ्गति विरुद्ध आवाज उठाउन सधैँ अघि बढेर हरेक तवरले समाजको उन्नतीमा आफ्नो योगदान दिन चाहन्छन् । उनको यस्तै प्रेरणादायी सोच र व्यवहारबाट पनि उनलाई एक समाजसेवी व्यक्तित्वका रूपमा चिनाउन सकिन्छ ।

## ३.४ कृतित्व

विद्यालयीय जीवनदेखि नै लेखनको रुचि राख्ने कोइरालाले विविध कविता र गीत रचना गरेर सुनाउने गरेको पाइए तापनि ती लेखहरू प्रकाशित भने भएका छैनन् । आफ्नो कार्यक्षेत्र स्वास्थ्य रहे पनि साहित्यमा उनको लगन प्रशंसायोग्य छ । उनको **आमाको मुटु** (२०६८) र **कोपिला आश्रम** (२०७०) नामक दुई कृति प्रकाशित छन् ।

सानै उमेर हुँदादेखि नै आमाको मुटु दुख्ने व्यथाको साक्षी भएका कोइरालाले लगभग बीस वर्षसम्म रोग पत्ता नलाग्दा कस्तो स्थिति हुन्छ भन्ने कुरालाई यस संस्मरणमा वर्णन गरेका छन् । रोगको उपचारका लागि थुप्रै डाक्टर र क्लिनिक धाएको, त्यसरी धाउँदा कोही आमालाई टी.बी रोग लागेको भन्छन्, कोही फोक्सो फुल्ने रोग लागेको, कोही पाठेघरको समस्याले यस्तो भएको भनी थरीथरी रोगका किसिम र औषधीको सिफारिस गरेको र डाक्टरले भने बमोजिम औषधीको सेवनले पनि रोग निको नहुँदा परिवारले अनेक सास्ती

खप्नुपरेको र विभिन्न व्यक्तिबाट ठगिनु परेको तितो भोगाइलाई संस्मरणकारले स्मरण गरी **आमाको मुटु** (२०७०) मा प्रस्तुत गरेका छन् ।

यस संस्मरणमा उनले आफ्नो बाल्यकालदेखिका घटना आमालाई लागेको मुटुरोग र त्यसले निम्त्याएको विविध परिणामलाई स्मरण गरेका छन् । **आमाको मुटु**मा मुख्य रूपमा आमाको जीवन भोगाइलाई चित्रण गरिएको भए तापनि सहायक रूपमा संस्मरणकार कोइरालाले आफूले बाल्यकालदेखि चिकित्सक हुँदासम्म भोगेका देखेका एवं गरेका कायहरूको स्मरण गरेका छन् । सरल रोचक एवं कुतूहलपूर्ण भाषाशैलीको प्रयोगले यस कृतिलाई सुन्दर बनाएको छ । कोइरालाको समग्र जीवनलाई केलाउँदा बाल्यकाल केही संघर्षपूर्ण रहेको कुरा यस संस्मरणमा व्यक्त गरेका छन् ।

**कोपिला आश्रम** (२०७०) कोइरालाको औपन्यासिक कृति हो । यसमा माओवादी सशस्त्र द्वन्द्वको समयमा घटेका विभिन्न घटनाहरू तथा तिनले निम्त्याएका अनेकौं परिस्थितिलाई कथानकका रूपमा प्रस्तुत गरी लेखिएको एक उत्कृष्ट रचना हो । भ्रष्ट र समाजसेवाको बोक्रो लाएका मानिसले कसरी सानासाना कलिला बालबालिकाको व्यापार गरी नाम र दाम कमाइरहेका छन् भन्ने कुराको यस उपन्यासमा चर्चा गर्दै पाठकलाई सचेत पारिएको कुरा प्रस्ट हुन्छ ।

समसामयिक नेपाली सजीव चित्रण यस कृतिमा भएको छ । **कोपिला आश्रम** सरल, सहज भाषामा समाजको गहन विषयलाई लिएर लेखिएको उत्कृष्ट उपन्यास हो । समाजसेवाको नाममा गरिब, अनाथ, पीडित बालबालिकालाई सुदूर देशमा धर्मपुत्र तथा धर्मपुत्री बनाई बेच्ने र आफू धनी बन्ने यथार्थ खेललाई रामेश कोइरालाले सजीव रूपमा यस उपन्यासमा प्रस्तुत गरेका छन् । देशको सङ्कटकालीन परिस्थितिले उब्जाएको यो समस्या समाजको एक विकृतिको रूपमा मौलाएको देखिन्छ । यसै कृतिबाट उनी एक आलोचनात्मक यथार्थवादी उपन्यासकारका रूपमा परिचित भएका छन् ।

**कोपिला आश्रम** सशक्त विषय लिएर तयार पारिएको एउटा उत्कृष्ट कृति हो ।

## ३.५. निष्कर्ष

नेपाली साहित्यको क्षेत्रमा उदाएका नव प्रतिभाका रूपमा रामेश कोइरालालाई लिइन्छ । कार्यक्षेत्र स्वास्थ्य रहे पनि नेपाली साहित्यमा उनको झुकाव प्रशंसा योग्य देखिन्छ । संख्यात्मक रूपमा दुईवटा कृतिहरू बजारमा ल्याएका छन् उनका **आमाको मुटु** (२०६८) र

**कोपिला आश्रम** (२०७०) कृति प्रकाशित छन् । कोइराला थोरै लेखेर राम्रो चर्चा कमाउने लेखक हुन् । दुई कृतिमात्र प्रकाशन गराएता पनि उनका कृति गुणात्मक हिसाबले उत्कृष्ट छन् । समाजका वास्तविक घटना तथा विषयवस्तुको उठान गरी गद्य साहित्यको दुई फरक विधामा कलम चलाएका उनी एक प्रतिभावान् साहित्यकार हुन् ।

कोइरालाको समग्र जीवनलाई केलाउँदा बाल्यकाल केही संघर्षपूर्ण रहेको देखिन्छ । समाजलाई वास्तविक रूपमा नियाल्ने र जीवनमा आफ्नो लक्ष्य प्राप्तिका लागि सही कदम चाली अगाडि बढेकाले नै उनको सामान्य जीवन अहिले सम्पन्न र सुखमय बन्न पुगेको छ । उनको जीवनका भोगाइ र अनुभवले दिएको प्रेरणा र प्राप्तिबाटै आज हामी समक्ष उनका दुई कृति **आमाको मुटु** र **कोपिला आश्रम** आइपुगेका हुन् । उनलाई साहित्य लेखनको प्रेरणा उनको व्यक्तिगत जीवन र चिकित्सा पेसाबाट प्राप्त भएको देखिन्छ ।

व्यक्तिगत रूपमा सरल मन भएका कोइरालाले आफ्नो जीवनमा थुप्रै उतार चढाव देखेका छन् । यही उतार चढावले उनलाई मिहिनेती र कर्तव्यनिष्ठ व्यक्ति बनाएको थाहा हुन्छ । जीवनमा इच्छाएका सबै कुरा पूरा हुँदैनन् भन्ने बुझेका कोइरालाले जीवनमा आएका हरेक समस्यालाई अवसरको रूपमा लिएर आजको यो स्थानसम्म पुगेका हुन् भन्ने कुरा उनको जीवनीबाट थाहा हुन्छ ।

कोइराला एक सफल व्यक्ति, सफल चिकित्सक एवं सफल साहित्यकारका रूपमा देखिएका छन् ।

परिच्छेद : चार

# आमाको मुटु संस्मरणात्मक कृतिको विश्लेषण

## ४.१. परिचय

नेपाली साहित्यको गद्य साहित्य अन्तर्गत पर्ने संस्मरण साहित्य एक विकासशील साहित्यिक विधा हो । रामेश कोइराला (२०२४) नेपली साहित्यिक फाँटको लागि नयाँ नाम हो । उनी वि.सं. २०६८ मा आफ्नो पहिलो र उत्कृष्ट कृतिका रूपमा **आमाको मुटु** संस्मरण लिएर साहित्यमा प्रवेश गरेका हुन् । पेसाले मुटुरोग विशेषज्ञ उनले **आमाको मुटु** कृतिबाट नै सर्वप्रथम आफ्नो साहित्यिक परिचय दिएका हुन् । हरेक मानिसको महत्त्वपूर्ण पात्र आमा र उनै आमालाई कुनै रोगको पीडाले कयौँ वर्षसम्म पीडित भएको देख्नु एक सन्तानका लागि कतिसम्म असहज हुन्छ भन्ने कुराको वर्णन गरिएको **आमाको मुटु** संस्मरणमा कोइरालाले आफ्नी आमाको कारुणिक कथा र आफ्नो जीवनको केही सुखद र केही दुःखद अनुभूति समेटेका छन् । उनको यो उत्कृष्ट संस्मरणात्मक कृति हो । उनले सरल र सहज भाषामा आफ्नो जीवनाभूति यसमा प्रस्तुत गरेका छन् । आफ्नी आमालाई मुटुरोग लागेको र समयमा नै त्यसको पहिचान हुन नसकी लामो समयसम्म भौतिक एवं मानसिक क्षति बेहोरेको उनको परिवारको यथार्थ कथा **आमाको मुटु** कृतिमा समावेश भएको छ ।

सबै साहित्यिक विधाको आफ्नै संरचना हुन्छ । संस्मरण साहित्य पनि साहित्यका अन्य विधाभैँ एक यौगिक रचना भएकाले यसको पनि आफ्नै संरचना रहेको हुन्छ । यस विधाको संरचनामा आउने आधारभूत तत्त्वहरूको चिनारी परिच्छेद तीनमा दिइसकिएको छ भने यस परिच्छेदमा **आमाको मुटु** कृतिलाई विधातात्त्विक दृष्टिले विश्लेषण गरिएको छ ।

## ४.२ आख्यानात्मकता

रामेश कोइरालाको पहिलो कृतिको रूपमा प्रकाशित **आमाको मुटु** (२०६८) संस्मरण एक उत्कृष्ट रचना हो । संस्मरण व्यक्तिगत विवरणमा आधारित रचना हो । तर आमाको मुटु संस्मरण कुनै सुन्दर र मार्मिक कथा पढे जस्तै लाग्छ । आख्यान अन्तर्गत नपर्ने विधा भए पनि संस्मरणमा आख्यान तत्त्व रहेको हुन्छ । यसै कृतिबाट नै सर्वप्रथम कोइरालाले

आफ्नो साहित्यिक परिचय दिएका हुन् । आफ्नी आमाको कारुणिक कथा र आफ्नो जीवनको केही सुखद र केही दुःखद अनुभूति समेटिएको उनको यो उत्कृष्ट संस्मरणात्मक कृति हो । उनले सरल र सहज भाषामा आफ्नो जीवनाभूति यसमा प्रस्तुत गरेका छन् । आफ्नी आमालाई मुटुरोग लागेको र समयमा नै त्यसको पहिचान हुन नसकी लामो समयसम्म भौतिक एवं मानसिक क्षति व्यहोरेको उनको परिवारको यथार्थ कथा **आमाको मुटु** कृतिमा समावेश भएको छ ।

संस्मरण विधा यथार्थले भरिने विधा भएपनि **आमाको मुटु** संस्मरण अध्ययन गर्दा कुनै जीवनकथा पढेको भान हुन्छ । आख्यानात्मक तत्त्व साहित्यमा कथा र उपन्यासमा मात्र पाइने तत्त्व हो तर कोइरालाले यस संस्मरणमा व्यक्त गरेका हरेक यथार्थ घटनाहरूमा आख्यानात्मकताको आभास हुन्छ । उनको बाल्यकालको विविध क्रियाकलापको वर्णन होस् वा युवा अवस्थाको शैक्षिक अध्ययनका क्रममा घटेका घटना वा रुसमा आमाको मुटु रोगको उपचार हुँदा भएका घटना, हरेक घटनाको वर्णन अध्ययन गर्दा आख्यानतत्त्वको आभास हुन्छ ।

संस्मरणमा उपस्थित विविध पात्रहरूको प्रसङ्गले पनि संस्मरणमा आख्यानात्मकता छ भन्ने कुरा व्यक्त गर्दछ । ठग कालु डाक्टर जो बिरामीलाई आफ्नै औषधी पसलबाट मात्र औषधी लिन मिल्ने गरी औषधी लेख्ने गर्छन् उनको प्रसङ्ग कुनै कथाको खलपात्र भन्दा कम छैन । रसियामा आमाको उपचारका क्रममा भेटिएका डाक्टर भल्यौदा जो संस्मरणमा आमाको मुटुमा लागेको रोग पत्ता लगाउने डाक्टर हुन् उनको उपस्थिति कुनै दुखान्त प्रसङ्ग आइरहँदा अचानक आएका अप्रत्यासित पात्र जस्तै छ जसले कथालाई फरक मोड दिन्छन् । काठमाडौँको तत्कालीन परिवेशको वर्णनमा आख्यानात्मकता पाइन्छ ।

**आमाको मुटु** संस्मरणमा वास्तविकताको आख्यानीकरण गरिएको छ । आख्यानात्मकता अन्तर्गत पर्ने विषयवस्तु, पात्रविधान, परिवेश र कौतूहलजस्ता तत्त्वहरूका आधारमा पनि आमाको मुटु संस्मरणात्मक कृतिको विश्लेषण गर्न सकिन्छ ।

### ४.२.१ विषयवस्तु

रामेश कोइरालाको पहिलो र उत्कृष्ट कृतिका रूपमा **आमाको मुटु** (२०६८) नामक संस्मरणात्मक कृति पर्दछ । यसै कृतिबाट नै सर्वप्रथम उनले आफ्नो साहित्यिक परिचय दिएका हुन् । आफ्नो आमाको कारुणिक कथा र आफ्नो जीवनको केही सुखद र केही दुःखद

अनुभूति समेटिएको उनको यो उत्कृष्ट संस्मरणात्मक कृति हो । उनले सरल र सहज भाषामा आफ्नो जीवनाभूति यसमा प्रस्तुत गरेका छन् । आफ्नी आमालाई मुटुरोग लागेको र समयमा नै त्यसको पहिचान हुन नसकी लामो समयसम्म भौतिक एवं मानसिक क्षति व्यहोरेको उनको परिवारको यथार्थ कथा **आमाको मुटु** कृतिमा समावेश भएको छ ।

संस्मरणकार रामेश कोइरालाद्वारा रचित **आमाको मुटु** संस्मरणको वर्णित विषयको चर्चा गर्दा आफ्नी आमालाई लागेको मुटुरोग र त्यस रोग निवारणका क्रममा २० वर्षसम्म डाक्टरकहाँ धाउनुपरेको तर सही रोग पत्ता नलाग्दा भोग्नु परेको पीडा हो ।

आर्थिक अवस्था सामान्य भएको परिवार र उक्त परिवारको मुख्य सदस्यलाई मुटुरोग लाग्नु, उक्त रोगको उपचार गर्न विविध अस्पताल तथा प्राइभेट क्लिनिक धाउनु परेको, डाक्टरै पिच्छेको फरक रोग बताइ र फरक फरक उपचार विधि, सबै कुरा सही तरिकाले पालना गर्दा पनि रत्तिभर निको नहुने रोग, यसरी नै २० वर्षसम्म भोग्नु परेको मानसिक शारीरिक एंव भौतिक रूपमा ठगिनु परेको विषयलाई कोइरालाले यस संस्मरणमा वर्ण्य विषय बनाएका छन् ।

आमाको मुटुको रोग सँगसँगै कोइरालाले आफ्नो बाल्यकाल पनि विस्तृत रूपमा सम्झना गरेर यसमा वर्णन गरेका छन् । भकुन्डो खेल्न जाँदा खुट्टाको बूढी औला भाँचिएको कुरादेखि आमाको औषधी चोरेर खाँदा दिनभर पिसाब लागेको रोचक प्रसङ्ग यसमा उनले राखेका छन् । आमालाई बिरामी हुँदा सँगसँगै उपचार गर्न अस्पताल लगेको विद्यार्थी जीवनका लागि गरेका रमाइला क्रियाकलाप एवं विविध गतिविधिलाई संस्मरणको वर्ण्य विषय बनाई सुन्दर भाषा शैलीमा प्रस्तुत गरेका छन् ।

बाबुको जागिरे जीवनका कारण विभिन्न ठाउँ बसाइँ सरेर विभिन्न सामाजिक परिवेशको भोगाइ रहेको कुराको चर्चा गरिएको यस संस्मरणमा कोइरालाले विशेष गरी भद्रपुरको चर्चा धेरै गरेका छन् । आमालाई लागेको मुटु रोगको चर्चालाई विषयवस्तु बनाइएको भए पनि उनले समग्रमा आफ्नो परिवारको परिवर्तित अवस्थाको पनि वर्णन गरेका छन् । नेपाली समाजको ज्यादै संवेदनशील विषयलाई मुख्य विषयवस्तु बनाइएको यो संस्मरणको विषय पाठकले ज्यादै सहजै स्वीकार गर्ने खालको छ ।

अध्ययनका क्रममा काठमाडौँमा बसेर आइ.एस्सी पढ्दा आर्थिक कठिनाइसँग जुध्न गरेका विविध रोजगारीदेखि रसियामा गई चिकित्सा विषय अध्ययन साथै कसरी आमाको

मुटुको रोगको उपचार गरियो भन्ने विविध घटना क्रमलाई संस्मरण गरी तिनलाई संस्मरणमा वर्ण्य विषय बनाएका छन् ।

पन्ध्र भागमा विभाजित यो कृति १५७ पृष्ठको छ । संस्मरणको भाग एकदेखि नै संस्मरणकारले आफ्नी आमालाई मुटु दुख्ने व्यथा भएको कुरा उल्लेख गरेका छन् । संस्मरणमा कोइरालाले इलामबाट बसाइँ सरेर भद्रपुर गएको, संयुक्त परिवार मिलेर बसेको, चन्द्रगढीमा पुगेर तास र खोपी खेल्न जानेको जस्ता बाल्यकालका सम्झनाहरू प्रस्तुत गरेका छन् । आमाको मुटुको रोगको पीडा र बिमार नबुझेका कोइरालाले त्यतिबेला आमा बिरामी भएको कुरालाई रमाइलो मानेर आमासँगै अस्पताल जान पाइयो भनेर दङ्ग परेको प्रसङ्ग वर्णन गरेका छन् ।

आफ्नो सानो उमेर हुँदादेखि नै आमाको मुटु दुख्ने व्यथाको साक्षी भएका कोइरालाले लगभग बीस वर्षसम्म रोग पत्ता नलाग्दा कस्तो स्थिति हुन्छ भन्ने कुरालाई यस संस्मरणमा वर्णन गरेका छन् । रोगको उपचारका लागि थुप्रै डाक्टर र क्लिनिक धाएको, त्यसरी धाउँदा कोही आमालाई टी.बी. रोग लागेको भन्छन्, कोही फोक्सो फुल्ने रोग लागेको, कोही पाठेघरको समस्याले यस्तो भएको भनी थरीथरी रोगका किसिम र औषधीको सिफारिस गरेको र डाक्टरले भने बमोजिम औषधीको सेवनले पनि रोग निको नहुँदा परिवारले अनेक सास्ती खप्नुपरेको र विभिन्न व्यक्तिबाट ठगिनु परेको तितो भोगाइलाई संस्मरणकारले स्मरण गरी **आमाको मुटु**मा प्रस्तुत गरेका छन् ।

**आमाको मुटु** संस्मरणमा कोइरालाले आफ्ना जीवनमा देखे भोगेका विभिन्न महत्त्वपूर्ण क्षणको स्मरण गरी आफ्ना अतीतलाई ताजा पार्ने काम गरेका छन् । बाल्यकालमा आफ्ना दाजु, दिदी तथा साथीभाइसँग खेलेको, आमाले भनेको नमान्दा धोका खाएको, दाजुको खल्तीबाट खेल्ने खाप चारेको, जासुसी किताब चोरी चोरी पढ्दा दाजुको गोदाइ खाएको, बिरामी परी स्कुल जान नपर्दा रमाएको जस्ता कुराको वर्णन गरेका छन् ।

संस्मरणको हरेक भागमा आमाको मुटु दुख्ने व्यथाको निधान नहुँदा फरक फरक तरिका अपनाएको सयौँ एक्सरे गराएर कयौँ थरी औषधी खाएको कुराको वर्णन पाइन्छ । पन्ध्र बीस वर्षसम्म एउटा रोग पत्ता नलाग्दा एक साधारण परिवारको अवस्था कस्तो हुन्छ भनेर कोइरालाले यस संस्मरणमा चर्चा गरेका छन् ।

आफ्नी आमाको मुटु रोगको चर्चा गर्दा गर्दै अदृश्य रूपमा कोइरालाले हजारौँ नेपाली आमाको मुटु रोगको अवस्था वर्णन गरेका छन् । सही उपचारको व्यवस्था नहुँदा कति आमाले यसरी नै उपचारको नाममा ठगिन परेको अवस्था छ भन्ने कुराको वर्णन यस संस्मरणमा पाइन्छ ।

भद्रपुरबाट काठमाडौँ र काठमाडौँबाट रसियासम्मको शैक्षिक यात्राको वर्णन कोइरालाले यस संस्मरणमा गरेका छन् ।

रसियन सरकारको छात्रवृत्तिमा चिकित्सा शास्त्र पढ्न गएको, घरको खबर बुझ्न धेरै गाह्रो भएको कुराको वर्णन संस्मरणमा पाइन्छ । संस्मरणको नौ भागमा आइपुग्दा बल्ल आमालाई लागेको रोगको पत्ता लागेको कुरा उल्लेख गरेका छन् । आमाको मुटुको माथिल्लो भागमा प्वाल रहेकोले आमालाई सधैँ पीडा भएको कुरा थाहा भएको कुरा संस्मरणमा उल्लेख छ । आमाको रोगको उपचारका लागि अपरेसन गर्नुपर्ने भएकोले रसियामा नै लगेर अपरेसन गरी आमाको रोगको उपचार गरेको र ६ महिनासम्म रसियामा नै राखेर आमालाई सन्चो बनाइ देश फर्काएको कुराको उल्लेख गर्दै अन्तिम भागमा आमासँग फोनमा गरेको मिठो कुराकानीको प्रसङ्ग जोड्दै संस्मरणलाई टुङ्ग्याएका छन् ।

**आमाको मुटु**मा मुख्य रूपमा आमाको जीवन भोगाइलाई चित्रण गरिएको भए तापनि सहायक रूपमा संस्मरणकार कोइरालाले आफूले बाल्यकालदेखि चिकित्सक हुँदासम्म भोगेका देखेका एवं गरेका कायहरूको स्मरण गरेका छन् । आफ्ना बालसखाहरूसँगको प्रसङ्ग, आफ्नी दिदीसँग एउटै कक्षामा पढेको, एस.एल.सी पास भएर दिदीसँगको कक्षा बसाइ सकिँदा खुसी भएको, आफ्ना दाजुहरूसँगको आफ्नो आत्मीय सम्बन्धको कुरालाई पनि कोइरालाले संस्मरणको वर्ण्य विषय बनाएका छन्, जसले गर्दा पाठकले संस्मरण रोचक ढङ्गबाट ग्रहण गर्न सक्छन् । सरल रोचक एवं कुतूहलपूर्ण भाषाशैलीको प्रयोगले यस कृतिलाई सुन्दर बनाएको छ ।

समग्रमा यो कृति अतीतको तितो मिठो सम्झना नै हो, अतीतका घटनाहरूको इमानदारीपूर्ण वर्णन हो । जसले जो कोही पाठकको मनलाई छुन्छ ।

## ४.२.२ पात्रविधान

रामेश कोइरालाको **आमाको मुटु** (२०६८) नामक संस्मरणात्मक कृति एक उत्कृष्ट रचना हो । यसै कृतिबाट नै सर्वप्रथम उनले आफ्नो साहित्यिक परिचय दिएका हुन् । आफ्नो

आमाको कारुणिक कथा र आफ्नो जीवनको केही सुखद र केही दुःखद अनुभूति समेटिएको उनको यो उत्कृष्ट संस्मरणात्मक कृति हो । उनले सरल र सहज भाषामा आफ्नो जीवनाभूति यसमा प्रस्तुत गरेका छन् । आफ्नी आमालाई मुटुरोग लागेको र समयमा नै त्यसको पहिचान हुन नसकी लामो समयसम्म भौतिक एवं मानसिक क्षति व्यहोरेको उनको परिवारको यथार्थ कथा **आमाको मुटु** कृतिमा समावेश भएको छ ।

चरित्र वा पात्र हरेक रचनाको एक अभिन्न अङ्ग हुन्छ । संस्मरण आफ्नो जीवन भोगाइको अतीतका क्षणहरूको वर्णन हो । समय, घटना एवं परिवेश अनुसारका पात्रहरूको चित्रण संस्मरणमा राखिन्छ । संस्मरण अतीतका यथार्थ घटनाको वर्णन हुने भएकाले संस्मरणमा व्यक्त पात्रहरू पनि यथार्थ र वास्तविक नै हुने गर्दछन् । पात्रहरूको उपस्थीतिले संस्मरणलाई अझ पठनीय बनाई पाठकलाई मनोरञ्जन समेत दिने गर्दछ । पात्र विधान संस्मरण विधाको एक महत्त्वपूर्ण भाग हो । मुख्य पात्र, सहायक पात्र र गौण पात्रको संयोजनबाट नै पात्रविधान पूरा हुने गर्दछ ।

**आमाको मुटु** संस्मरणमा कोइरालाले आफ्नो संस्मरणको प्रमुख पात्र आफ्नी आमालाई बनाएका छन् भने आफू सहायक पात्रका रूपमा आएका छन् । संस्मरणमा कोइरालाको परिवारका सबै जसो सदस्यको चर्चा र उपस्थिति पाइन्छ । आमालाई लागेको मुटुरोग उपचारका क्रममा भेटिएका डाक्टर तथा अन्य पात्रहरू कोइरालाका बाल्यकालदेखि चिकित्सक क्षेत्रमा प्रवेश गर्दासम्मका विभिन्न क्षणहरूमा भेटिएका पात्रहरू नै यस संस्मरणका पात्र हुन् ।

आमाको उपचारका क्रममा आएक डा. काजी, पाल डाक्टर, कालु डाक्टर, डा. शर्मा, अन्सारी, डा. दीक्षित, डा. गंगोल, डा. कार्की, डा. भलौदा, क्याथ गर्ने डाक्टर पनि संस्मरणमा पात्रका रूपमा उपस्थित भएका छन् ।

यस संस्मरणात्मक कृतिमा आएका महत्त्वपूर्ण पात्रहरूको चर्चा निम्नानुसार गर्न सकिन्छ :

**अ) प्रमुख पात्रहरू**

**आमाको मुटु** संस्मरणात्मक कृतिमा प्रमुख पात्रका रूपमा आमा र म पात्र उपस्थित भएका छन् । यहाँ तिनीहरूको चरित्र चित्रण गरिएको छ ।

क) आमा

आमा हरेक मानिसको जीवनको सबैभन्दा महत्त्वपूर्ण पात्र हुने गर्छिन् । आमा शब्दमा भएजति स्नेह सायदै कुनै अरू शब्दमा पाइएला । जोकोही मानिसको जीवनमा आमाको महत्त्वपूर्ण स्थान रहने गर्दछ । सन्तानको प्रगतिमा आमा जति खुसी हुन्छिन् सायदै अरू कोही होला । आमाको स्थान हरेक व्यक्तिको जीवनमा अग्र स्थानमा रहने गर्दछ । आमा संसारमै सबैभन्दा निस्वार्थी पात्रका रूपमा चिनिएकी हुन्छिन् । जीवनको महत्त्वपूर्ण पात्रलाई कुनै पीडा हुँदा जोकोही सन्तानलाई पीडा हुनु स्वभाविकै हो । रामेश कोइरालाद्वारा रचित **आमाको मुटु** संस्मरणमा कोइरालाले आफ्नी ममतामयी आमाको जीवन भोगाइलाई मुख्य विषयवस्तु बनाएका छन् । आफ्नी आमालाई लागेको मुटु रोग र उक्त रोगको उपचारका लागि कोइराला र उनकी आमा र उनको परिवारले के कस्तो समस्या सामना गर्नुपर्‍यो भन्ने कुराको यस संस्मरणमा व्याख्या पाइन्छ ।

रोगको उपचारका लागि थुप्रै डाक्टर र क्लिनिक धाएको, त्यसरी धाउँदा कोही विभिन्न डाक्टरले विभिन्न रोग लागेको भनेर बताएको र विविध रोगका औषधी दिएकाले अनेक सास्ती खप्नुपरेको र विभिन्न व्यक्तिबाट ठगिनु परेको तितो भोगाइलाई संस्मरणकारले स्मरण गरेका छन् । र यति सबै कुराहरूमध्ये सबैभन्दा धेरै पीडाको सामना कोइरालाकी आमाले गर्नु परेको छ ।

चार सन्तानकी आमाले यस संस्मरणमा बताइए अनुसार कहिले आफ्नो पीडा र व्यथालाई अग्रस्थानमा राखिनन् । सधैँ परिवारप्रतिको जिम्मेबारीले उनलाई आफ्नो पीडा सहन बाध्य गरायो । पीडा सहनु जो कोहीको लागि सहज हुँदैन तर कोइरालाकी आमाले कयौँ वर्षसम्म मुटु दुख्ने पीडा सहेर आफ्नो मातृ धर्मको पालना गरेर कुनै कथाकी महान् आमाको जस्तै भूमिका निर्वाह गरेकी छिन् । कोइरालाकी आमा संस्मरणकी मुख्य पात्र हुन् । जसमा मुख्य पात्रमा हुनुपर्ने सबै गुणहरू रहेको छ ।

कोइरालाकी आमा साधारण ब्राह्मण परिवारमा जन्मिएर ब्राह्मण परिवारमा विवाह भएर चार सन्तानकी आमा भएकी एक सरल नेपाली महिलाको झल्को दिने पात्र हुन् जो आफ्नो परिवारको जस्तो सुकै अवस्थामा पनि साथ दिएर आफ्नो कर्तव्य पालना गर्ने नारीकी एक उत्कृष्ट उदाहरण हुन् कोइरालाकी आमा । आफूलाई मुटुको पीडादायी बिमारी हुँदा पनि उनी कहिले आफ्नो कर्तव्यबाट पछि हटेकी छैनन् । छोरा बिमारी हुँदा महिनौँ अस्पताल

धाउन पनि दुःख नमान्ने आमा पात्र आफ्नो बिमारीको लागि लामो समय कुनै अस्पताल जानुपर्दा आफ्नो परिवारको चिन्ता गरेर उपचार गराउन जाने कामलाई पनि पर सार्ने खालकी पात्रका रूपमा वर्णित पात्र हुन् ।

श्रीमान्‌को जागिरे जीवनले गर्दा पटक पटक बसाइँ सर्नुपर्दा पनि झर्को नमान्ने आमा पात्र श्रीमान्‌को अनुपस्थितिमा पनि घर परिवारलाई सम्हालेर चार सन्तानको शिक्षालाई अघि बढाउने पात्र हुन् । मौसम अनुसारका खेतीबाली लगाएर, गाईवस्तु पालेर परिवारलाई आर्थिक अवस्थाबाट पनि सहयोग गर्ने आमा पात्र मिहेनत गर्न कहिल्यै पछि नपर्ने पात्र हुन् । आमा यस संस्मरणकी एक आदर्श पात्र हुन् जसको सिको जोकोहीले गर्न सक्छ ।

आफ्नो पीडायुक्त मुटु रोगले २० औ वर्ष सही उपचार नपाउँदा पनि परिवार प्रतिको आफ्नो दायित्व नभुल्ने, सन्तानलाई असल संस्कार दिएर सही बाटो देखाउने एक प्रगतिशील पात्र हुन् ।

मुटुमा लागेको रोग पत्ता लागे पछि उपचारको लागि रसिया गएकी, उपचार पछि छ महिनासम्म स्मरण शक्ति गुमाएकी, स्मरण शक्ति फर्किन थालेपछि आफ्ना छोराहरूलाई चिनेर डाँको छाडेर रोएकी आमा पात्र संस्मरणकी एक करुणामय पात्र हुन् जसको जीवनगाथाले एकपटक सबै पाठकको आँखा रसाउँछ । मुटुको अपरेसन गरेर चार पाँच दिन चिन्तित अवस्थामा अस्पतालको खाटमा रहेकी आमा पात्र छ महिनाको रसिया बसाइँ र उपचारपछि नेपाल फर्किएर आफ्नो उपचारको कथा आफ्ना आफन्त र छिमेकीलाई सुनाउँछिन् भनेर पढ्न पाउँदा हरेक पाठकको ओठमा एकपल्ट मिठो मुस्कान आउँछ ।

संस्मरणको पहिलो अध्यायदेखि नै आमाको प्रसङ्ग जोडिने यस संस्मरणको हरेक अध्यायमा आमाको मुटु रोग र उक्त रोगको उपचारको लागि गरिएको विविध प्रयासको वर्णन पाइन्छ । यस कारणबाट पनि थाहा हुन्छ कि आमा यस संस्मरणकी मुख्य पात्र हुन् । आमा पात्रलाई यदि हटाएर यो संस्मरण अध्ययन गरियो भने संस्मरण अपूरो रहने छ । उनकै केन्द्रीयतामा यस कृतिको निर्माण भएको छ । यसकारण पनि थाहा हुन्छ कि आमा यस संस्मरणकी मुख्य पात्र हुन् ।

एक छोरा जसले आफ्नो बालपनदेखि नै आफ्नी आमालाई लागेको व्यथा देखेको तर उक्त व्यथाले ज्यादै लामो समयसम्म सही उपचार नपाउँदा आमा लगायत सम्पूर्ण परिवारले

नै भोग्नुपरेको पीडालाई यस संस्मरणमा कोइरालाले आमालाई मुख्य पात्र बनाएर व्यक्त गरेका छन् । आमा संस्मरणकी कारुणिक पात्र हुन् जसले जीवनमा थुपै उतारचढाव झेल्दै अगाडि बढेकी छन् ।

जीवनप्रति आशावादी भाव राख्ने आमा पात्र आफ्नो रोगले सही उपचार पाएर नव जीवन पाउँदा ज्यादै खुसी भएको पात्रको रूपमा संस्मरणमा उपस्थित भएकी छिन् । जस्तोसुकै अवस्थामा पनि सकारात्मक सोच नछाडेकी आमा पात्रले पाठकलाई धैर्यको फल मिठो हुन्छ भन्ने कुरा बताएकी छिन् ।

**आमाको मुटु** संस्मरणमा संस्मरणकार कोइरालाले आफ्नी ममतामयी आमालाई प्रमुख पात्रका रूपमा उभ्याएका छन् । संस्मरणको शीर्षकले पनि यो कुरालाई पुष्टि गर्छ । आमाले आफूलाई नसे भन्दै माया गरेको, आफ्नो परिवारलाई हरेक अवस्थामा अडिक भएर सम्हालेको, चार सन्तानलाई जन्म दिएर एक सफल आमाकी भूमिका निभाएकी आमाको जीवनका विविध भोगाइलाई कोइरालाले यस संस्मरणमा वर्णन गरेका छन् । छोराछोरीको भविष्यका लागि चिन्तित भएकी, घर गृहस्थी संहालेकी, खेतीपातीको काम गरेकी र आफ्नो मुटुमा लागेको रोगको कारण पटक पटक छटपटाएकी आफ्नी आमाको आफूले देखेको १५/२० वर्षको जीवन भोगाइलाई यस संस्मरणमा कोइरालाले उतारेका छन् ।

मुटु दुख्ने रोगले ग्रसित आमाले उपचारका लागि विभिन्न ठाउँमा धाएको, एउटै समस्यालाई फरक फरक व्यक्तिले फरक फरक नाम दिएको, उपचारका नाममा विभिन्न व्यक्तिबाट ठगिएको, रोग विसेक पार्न कहिले सुई लाएको, कहिले दमको औषधी खाएको, कहिले टी.बी. भएको भनेर एक वर्षसम्म दबाई खाएको जस्ता कुराको उल्लेख छ । मुटुको रोग विसेक पार्न करङलाई थिचेर व्यायाम गरेको, गोडालाई धागोले बाँधेर रगत निकालेको काठमाडौँमा उपचारका क्रममा मुटुमा बच्चै बेलादेखिको लागेको रोगले सधैँ सताइरहेको हो भन्ने पाएपछि समय छँदै विभिन्न प्रयासबाट सोभियत संघ लगिएको, उपचारकै क्रममा आमाले केही समय स्मरण शक्ति गुमाएको, आफ्नै छोरालाई समेत बिर्सिएको, पछि स्मरणशक्ति क्रमिक रूपमा फर्किएको आफ्नो उपचार सम्बन्धी घटनाहरूको बेलीविस्तार आफूलाई भेट्न आउनेसँग गरेको, मुटुको सफल उपचारसम्बनिध अन्तर्वार्ता रुसी समाचारदाता समक्ष दिएको, मुटुको सफल उपचारपछि घर फर्किएको, भट्न आउने नातेदार सबैलाई मुटुरोगले दिएको सबै पीडा तथा उपचारका घटना शृङ्खला एक एक गरी सुनाएको, परम्परागत सोचाइका कारण विदेशी तथा अर्कै जातिले छोएको खानेकुरा खाएको

भन्दै आफ्नो घरको दुहुनो कैली गाई र बाच्छी पठाएको (पृष्ठ १४८) जस्ता आमा र आमाको मुटु सम्बन्धी रोगको सम्पूर्ण घटनाक्रमहरूको स्मरण यस संस्मरणात्मक कृतिमा गरिएको छ ।

संस्मरणकारले यस संस्मरणमा आफ्नी ममतामयी सहनशील एवं मेहनती पात्रका रूपमा चित्रण गरेका छन् । नेपाली समाजकी आदर्श आमा कस्ती हुन्छिन् भनेर यस संस्मरणले वर्णन गरेको छ । आफ्नो पीडाको निवारणमा त्यति चासो नदेखाई कसरी आमाले आफ्नो परिवारलाई सम्हालेकी हुन्छिन् भनेर कोइरालाले यस संस्मरणमा आफ्नी आमाको उदाहरणबाट प्रस्ट गरेका छन् । आमालाई नै संस्मरणको वर्ण्य विषय बनाइएको र यस संस्मरणको नामकरण पनि यसकै आधारमा राखिएकाले यसको शीर्षक पनि सान्दर्भिक देखिन्छ ।

यस संस्मरणमा धेरै पात्रहरूको उपस्थिति भए पनि आमा पात्र हरेक पाठकको मन मस्तिष्कमा बस्न सफल मुख्य पात्र हुन् । जीवनमा घटेका हरेक घटनाको डटेर सामना गरेर धैर्य अपनाएमा जस्तोसुकै दुःख पनि सुखमा परिणत हुन सक्छ भनेर पाठकलाई सन्देश दिन सफल आमा पात्र यस संस्मरणकी सबभन्दा प्रिय पात्र पनि हुन् । संस्मरणकारकी आमा भए पनि यस संस्मरणको अध्ययन पश्चात् हरेक पाठकले उनलाई आफ्नी आमालाई जस्तै सम्मान र माया दर्साउने गर्दछन् ।

संस्मरणमा पाठकको सबैभन्दा धेरै सहानुभूति र माया पाउने पात्रको रूपमा संस्मरणकारकी आमा उभिएकी छन् ।

**ख) म (संस्मरणकार कोइराला )**

**आमाको मुटु** संस्मरणका म पात्र संस्मरणकार रामेश कोइरालाको स्वयम् हुन् । उनी सानै देखि जिज्ञासु, घरको सबैभन्दा कान्छा सदस्य हुन् । कान्छा सदस्यले पाउने माया स्नेह उनले पर्याप्त पाएका छन् । संस्मरणमा बताइए अनुसार उनी दुई दाजु र एक दिदी मध्येमा आमासँग सबैभन्दा धेरै समय बिताउने पात्र हुन् । यस संस्मरणको अध्ययनबाट नै थाहा हुन्छ कि उनी आमाको हरेक पीडा र व्यथाको साक्षी थिए । कोइराला यस संस्मरणमा आमा पछि आउने अर्को मुख्य पात्र हुन् । कोइराला यस संस्मरणको मुखपात्र पनि हुन् संस्मरणलाई उनले नै मुख पात्र भएर व्याख्या गरेका छन् ।

**आमाको मुटु** संस्मरण कृतिको रचना उनले आफ्नी आमालाई मुख्य पात्र बनाई गरेको भए पनि कोइराला पनि यस संस्मरणको एक मुख्य पात्र हुन् । संस्मरणमा कोइरालाले आमाको साथै आफ्नो अविस्मरणीय अतीतका भोगाइहरूलाई पनि उतारेका छन् । समग्रमा कोइरालाले यस संस्मरणमा विशेष गरी आफ्नी ममतामयी आमा र आफ्नो जीवन भोगाइका विषयवस्तुलाई वर्णन गरेका छन् ।

एक छोरा जसले आफ्नो बालपनदेखि नै आफ्नी आमालाई लागेको व्यथा देखेको तर उक्त व्यथाले ज्यादै लामो समयसम्म सही उपचार नपाउँदा आमा लगायत सम्पूर्ण परिवारले नै भोग्नुपरेको पीडालाई यस संस्मरणमा कोइरालाले आमालाई मुख्य पात्र बनाएर व्यक्त गरेका छन् । आमालाई मुख्य पात्र बनाई लेखिएको संस्मरणमा कोइरालाले आफूलाई पनि एक पात्रको रूपमा चिनाएका छन् ।

**आमाको मुटु** संस्मरणमा उनले आमालाई वर्णनको केन्द्र बनाई आफ्ना जीवन भोगाइका अति अविस्मरणीय क्षणहरूको बयान गरेका छन् । आमासँग सम्बन्धित घटना बाहेक उनले आफ्ना बाल्यकालदेखि युवावस्थासम्मका महत्त्वपूर्ण घटनाहरूलाई स्मरण गरेका छन् । म पात्र बाल्यकादेखि नै चञ्चल र जिज्ञासु कुनै काम गर्ने इच्छा लागेपछि गरेरै छाड्ने, आफ्ना मातापिता एवं दाजुप्रति सम्मान एवं स्नेह राख्ने, अध्ययनमा रुचि राख्ने स्वभावका पात्रका रूपमा उभिएका छन् ।

सरल एवं भावुक स्वभावका कोइराला आफ्नी आमालाई सदैव साथ दिने, आफ्नो दायित्वको बोध भएका, साहित्यमा रुचि भएका एक सचेत पात्रका रूपमा देखिएका छन् । यस संस्मरणमा कोइरालाले आफ्नो बाल मानसिकताको चित्रण अत्यन्त रोचक र सुन्दर ढङ्गमा यस संस्मरणमा प्रस्तुत गरेका छन् । आफ्नी ममतामयी आमाको मुटुको रोग र उक्त रोगको सही उपचार नपाउँदा आफ्नी आमाले पाएको दुःखको प्रत्यक्ष द्रष्टा भएका कोइराला तत्कालीन ग्रामीण समाजको स्वास्थ्य स्थिति र स्वास्थ्यकर्मीहरूबाट ठगिन पुगेका कैयौं आमाको व्यथा वर्णन गर्ने एक सच्चा पात्रका रूपमा यस संस्मरणमा उपस्थित भएका छन् ।

आमालाई लागेको मुटुको रोग र उक्त रोगले लामो समय सही उपचार नपाउँदा ज्यादै दुःखी भएका कोइरालाले सानोमा आमाले सिलिगुढी जाँदा आफूलाई सँगै नलगेको भनेर मनमनै आमासँग ज्यादै रिसाएको कुराको पनि यसमा चर्चा गरेका छन् ।

आफ्ना दुई दाजुको दाजोमा आमासँग धेरै समय बिताएका कोइरालाले आफ्नी आमाको पीडाको ज्यादै नजिकबाट अनुभव गरेका छन् । जसले गर्दा पनि उनलाई यो संस्मरण रचना गर्न सहज भएको छ र यस संस्मरणमा व्यक्त घटना र अवस्था पनि यथार्थले भरिएको छ ।

आमा बिरामी भएको बेलामा झोल औषधी खान पाइन्छ भनी रमाएको (पृष्ठ ११), आमालाई डाक्टरकोमा लगेर फर्किएपछि झोल औषधी नदिएको भनेर रिस उठेको, रिसको झोकमा चक्की औषधी खाएको अनि पिसाब लागेको (पृष्ठ ३५) जस्ता घटनाको स्मरणले पाठकको मनलाई आनन्दित पार्ने काम गरेको छ । म पात्र आफू घरको कान्छो छोरो भएकाले सबैको अलि बढी स्नेह पाएको पात्रका रूपमा देखिन्छ । बाबुको इन्जिनियर पढाउने इच्छा हुँदा हुँदै पनि उनले विविध कारणले गर्दा चिकित्सा विषयको नै अध्ययन गर्न पुग्छन् । आफ्नो लक्ष्यप्रति सदैव तल्लीन कोइराला स्वाभिमानी मन नपरेको कुराप्रति स्पष्ट विचार व्यक्त गर्ने स्पष्ट वक्ताका रूपमा संस्मरणमा देखा परेका छन् । यस संस्मरणका भोक्ता र द्रष्टा दुबै आफै बनेका कोइरालाले आफ्नो आमाको रोगग्रस्त जीवनबाट धेरै नै पाठ सिकेको र त्यो घटनाको स्मरणबाट हामी सबैलाई चिकत्सा क्षेत्रमा हुने र भइरहने समस्या अनि विकृतिको जानकारी प्राप्त हुनुका साथै हामी सबैलाई यस्ता घटनाबाट बच्न सचेत पनि गराएको छ ।

कोइराला संस्मरणमा देखिएका स्वभाविक र सहज पात्र हुन् । काठमाडौँको बसाइँ रहदा घरबाट पठाएको पैसाले नपुगेपछि साथीसँग मिलेर विभिन्न काम गरेर आर्थिक जोगो गर्ने कोइराला शिक्षक पेसालाई पनि अँगाल्न पुग्दछन् । सपना देख्दा देख्दै खाटबाट लडेका कोइरालाको कतिपय प्रसङ्गले पाठकलाई हाँस्न बाध्य गराउँदछ भने कतिपय प्रसङ्गले भावुक हुन बाध्य पार्छ ।

विद्यालय जीवनमा आफ्नी दिदी कवितासँग एउटै कक्षामा पढ्नुपर्दा कताकता असहजता अनुभव गर्ने म पात्र विद्यालय जीवन पूरा हुँदा ज्यादै रमाएका पात्रको रूपमा देखिएका पात्र हुन् । काठमाडौँ पढ्न जाने इच्छा पूरा नहुँदा भद्रपुरैमा पढ्न बाध्य भएका उनी काठमाडौँ पढ्ने अवसर प्राप्त हुँदा नयाँ जोर लुगा आउने भयो भनेर खुसी भएका छन् । बाबुले खत्री भनी बोलाउँदा आमाले बुबालाई गाली गरेर त्यसो नभन्न भनेको प्रसङ्ग, बुबाले आफूलाई कहिल्यै नभनेको र त्यसको कारण बुबा आफू पनि पातलो र सिकुटे भएको भएर होला भन्ने उनको विचार आएको प्रसङ्ग पनि रोचक नै छ ।

चिकित्साशास्त्र अध्ययन गर्न रसिया पुगेका म पात्र त्यहाँको पढाइको शैलीबाट प्रभावित भएका छन् । आमालाई मुटुको अपरेसन गराउन लुगान्स पुऱ्याउने उनी आमालाई निको होला कि नहोला भनेर मनमनै ज्यादै चिन्तित भएका पात्र हुन् । आफ्नो जेठा दाजुलाई एक स्तम्भको रूपमा मान्ने उनी माहिला दाजुलाई आफ्नो हिरो मान्दछन् जसलाई रसियाका ठाउँहरू घुमाउन पाउँदा र उनीसँग नजिक हुन पाउँदा खुसी भएका छन् ।

आमाको मुटुको अपरेसनपछि आइ.सी.यु मा हेर्न जाँदा आँखाभरि आँसु पार्ने कोइराला छ ६ महिना आफ्नी आमालाई स्याहारेर ठीक पारेर नेपाल फर्काउन पाउँदा गर्व महसुस गर्दछन् । आमाले मुटुको अपरेसनपछि केही समय स्मरणशक्ति गुमाउँदा आफूलाई नचिनेर पराईलाई जस्तै हेराइ हेरेको देख्दा आमाप्रति सहानुभूति र माया दर्साउने कोइराला लामो समयपछि आमाको बोली फुटेको र पहिलो शब्दमा नै आमाले दिदी कविताको नाम लिँदा ईर्ष्या लागेको कुरा बताउने कोइराला यस संस्मरणको एक भावुक र स्वाभाविक पात्र हुन् ।

६ महिना आमालाई स्यारेर आफ्नो परीक्षा समेत दिएर सफल भएको कुराको वर्णन गर्ने कोइराला आमाले लामो समयपछि कान्छा भनेर बोलाउँदा आफ्नो आँसु रोक्न सक्दैनन् । उनी एक भावुक पात्र हुन् जसले पाठकलाई कतै हसाउँछन् भने कतै रुवाउँछन् पनि ।

संस्मरणमा व्यक्त सम्पूर्ण कुराहरू नै भावनाले युक्त छन् तर कोइरालाले आमाको अपरेसनपछि व्यक्त गरेको यो प्रसङ्गले ज्यादै मन छुने गर्दछ :

> *महिनौँ गर्भमा राखेर हामीलाई जन्माई हुर्काउनुभएकी 'आमा' अब हाम्रा अगाडि बिल्कुलै नवजात शिशुसरह हुनुहुन्थ्यो । एक ठाउँमा नटिकेर सधैँ यताउता गरिरहने भावविहीन आँखा, त्यस्तै भावविहीन अनुहार अनि बोलीको नाममा निस्किने नबुझिने घुँघुँ । अन्दाजले डोऱ्याएर ट्वाइलेटमा लग्दा मात्र हुने दिसापिसाब । सायद आफूलाई गरेको स्याहारको त्यही रूपमै एक प्रतिशत भए पनि भारा तिरियो । चम्चा मुखनिर पुऱ्याएपछि आँ गर्नुहुन्थ्यो । दिएको जे पनि खानुहुन्थ्यो । जता डोऱ्यायो, त्यतै लाग्नुहुन्थ्यो अनि जसरी बसायो, त्यसरी नै बस्नुहुन्थ्यो (पृष्ठ १३४) ।*

संस्मरणमा आमालाई मुख्य पात्र बनाएर लेखिएको भए पनि कोइरालाले आमासँगसँगै आफ्नो जीवनलाई पनि जोडेर देखा परेका छन् । आफ्नो बाल्यकालदेखि चिकित्सक हुँदासम्मको धेरै प्रङ्ग संस्मरणमा वर्णित छ । यसबाट पनि कोइरालालाई संस्मरणको अर्को महत्त्वपूर्ण पात्रको रूपमा लिन सकिन्छ जो आमाको कथा वर्णन गर्दै

आफ्नो कथा पनि वर्णन गर्दछ । जीवनप्रति आशावादी दृष्टिकोण राख्ने कोइराला संस्मरणको एक प्रगतिशील पात्र हुन् । आफ्नो जीवन भोगाइबाट पाठकलाई समेत सचेत पार्न सक्ने कोइराला संस्मरणको एक सशक्त पात्र हुन् । जसले पाठकको साथ र सहानुभूति हरेक प्रसङ्गमा प्राप्त गर्दछन् ।

म पात्र यस संस्मरणका कथावाचक पात्र हुन् जसले संस्मरणलाई पहिलो अध्यायबाट नै डोऱ्याउँदै अन्तिम अध्यायसम्म पुऱ्याएका छन् । म पात्र एक असल भावना राख्ने, समाजमा भएका गलत कुराको विरोध गर्दै समाज विकासको लागि अघि बढ्ने एक सत् पात्रको रूपमा यस संस्मरणमा उभिएका छन् ।

**आ) सहायक पात्रहरू**

**आमाको मुटु** संस्मरणात्मक कृतिमा सहायक पात्रका रूपमा बुबा, सुरेश दाजु र नव दाजु उपस्थित भएका छन् । यहाँ तिनीहरूको चरित्र चित्रण गरिएको छ ।

**क) बुबा (संस्मरणकार कोइरालाका बाबु)**

संस्मरणकार कोइरालाले आफ्नो संस्मरणको मुख्य पात्र आफ्नी ममतामयी आमालाई बनाएका भए पनि आमाको जीवन भोगाइमा साथ दिने हरेक महत्त्वपूर्ण पात्रलाई स्मरण गरेका छन् । त्यसमध्ये भुल्न नहुने पात्र हुन् उनका पिता तर्कराज कोइराला । परिवारका मुली उनी जागिरको कारण धेरै समय घरमा बस्न नपाएको र समयसमयमा घर आउने गरेको कुरा संस्मरणमा उल्लेख छ । संयुक्त परिवारको सञ्चालनमा आफूले पनि सक्दो सहयोग गरी परिवारप्रतिको दायित्व संहालेका संस्मरणकारका बुबा यस संस्मरणमा थोरै ठाउँमा प्रसङ्गमा आए पनि एक सशक्त पात्र हुन् । सरकारी जागिरे पिता जागिरकै सिलसिलामा सरुवा भइरहने र लामो समय घरमा बिताउन नपाएको पात्रका रूपमा संस्मरणमा चर्चा भएको छ ।

चार सन्तानका पिता कोइरालाका बाबुले आफ्ना सबै सन्तानलाई उचित शिक्षा दिने र आफ्नो परिवारको भविष्यलाई लिएर चिन्ता गरेको देखाइएको छ । आफ्नी जीवन सँगिनीको मुटुको व्यथा निको नहुँदा हरेक किसिमको उपचार गराउन तत्पर कोइरालाका बाबु एक असल पतिका रूपमा उभिएका छन् । कान्छो छोरो रामेशलाई इन्जिनियर पढाउने सपना हुँदाहुँदै पनि पूरा हुन नसकेको तर आफ्नो छोरो चिकित्सक भएकोमा पनि खुसी भएका छन् । आफ्नो अनुपस्थितिमा घर संहालेर बसेकी आफ्नी जीवन सँगिनीलाई लागेको

व्यथाको उपचारको लागि कहिल्यै पछि नपरेका बुबा पात्र, श्रीमतीलाई सही उपचारको लागि हरेक किसिमको सहयोग गर्न तयार रहेका छन् । श्रीमतीको उपचार भएर रसियाबाट नेपाल फर्किएपछि धेरै खुसी हुने पात्र उनी सरल स्वभावका व्यक्तित्वका रूपमा संस्मरणमा उपस्थित छन् ।

जननिर्वाचन नयाँ सरकारले उनलाई असमायिक रिटायरमेन्ट कोसेली दिएपछि उनी विक्षिप्त बनेका र त्यसको केही समयपछि मृत्युलाई अङ्गालेका (पृष्ठ १५०) घटनाको स्मरण यस संस्मरणमा भएको छ । समग्रमा भन्नुपर्दा संस्मरणबाट कोइरालाका बाबु मिहिनेती आफ्नो कर्तव्यप्रति सचेत र इमान्दार तथा परिवारलाई माया गर्ने पात्रका रूपमा परिचित भएका छन् ।

**ख) नव दाजु**

संस्मरणकारका जेठा दाजु नव दाजु पढाइ तथा खेल दुवैप्रति रुचि राख्ने व्यक्तिका रूपमा परिचित छन् । पेसाले उनी चिकित्सक हुन् । उनी आमा र परिवारप्रति चिन्तित देखिएका छन् । नव दाजुलाई संस्मरणकार कोइराला प्रेरक व्यक्तित्वका रूपमा लिन्छन् । नव दाजुकै पहलमा आमालाई रसियामा लगी उपचार गरिएको हुन्छ । उनले आफू अध्ययन गरिरहेकै समयमा रिसयाका विभिन्न अस्पतालमा खोज अनुसन्धान गरी आमालाई लगेर सफल उपचार गराएका हुन्छन् ।

आमालाई उपचारका लागि रसियामा आफूसँगै लगेका नव दाजु, आमाको अपरेसनकै समयमा आफ्नो चिकित्सक विषयको अन्तिम र महत्त्वपूर्ण परीक्षालाई समेत राम्ररी उत्तीर्ण गर्न सफल एक मिहिनेती पात्र हुन् जसले जीवन भोगाइमा आउने हरेक अवस्थालाई स्वाभाविकै स्वीकार गर्ने पात्र हुन् । आमाको अपरेसन सफल भएको आफ्नो परीक्षा पनि सफल भएकोमा खुसी हुने नव दाजु आमालाई भेन्टिलेटरमा राख्दा हेर्न जान भने सक्तैनन् । यसबाट उनी एक ज्यादै संवेदनशील भावना राख्ने पात्र हुन् भनेर बुझिन्छ ।

सुरेश दाजुजस्तै नव दाजु पनि संस्मरणकारका एक आदर्श पात्र हुन् जसलाई संस्मरणकार ज्यादै आदर गर्दछन् । संस्मरणकारले नवदाजुलाई एक जिम्मेवार, कर्तव्यनिष्ठ एवं सफल व्यक्तिका रूपमा स्मरण गरेका छन् ।

**ग) सुरेश दाजु**

सुरेश दाजु संस्मरणकारका माहिला दाजु हुन् । कोइरालाको बालककालदेखिकै आदर्श पात्र रहेका सुरेश दाजु खेलकुदप्रति मोह राख्ने र खेलप्रति नै समर्पित भएको देखिन्छ । संस्मरणमा सुरेश दाजुले कुनै विशेष काममा संलग्न भएको कुरा त बताएका छैनन् तर सुरेश दाजुलाई र उनको जीवन बिताइलाई देखेर संस्मरणकार जहिले पनि ईर्ष्यालु भएको कुरा उल्लेख छ । खेलकुदमा रुचि भएका सुरेश दाजु आफ्नी आमालाई मुटुको व्यथाले पीडा दिएर आमा छटपटाउँदा आमाको पीडालाई देखेर सहन नसकी 'ह्वाँह्वाँ' रोएको प्रसङ्ग ( पृष्ठ ६९) उल्लेख छ जसबाट थाहा हुन्छ कि उनी एक भावुक मन भएका पात्र पनि हुन् ।

क्रिकेट खेलमा उनको विशेष रुचि र मेहनत रहेको देखिन्छ । उनको खेलप्रतिको लगनशीलताले नै उनलाई अञ्चलस्तरको खेलाडी बन्न मद्दत गरेको पाइन्छ । घर तथा परिवारमा त्यति घुलमिल नरहेको र सधैँ निष्क्रिक्री भई हिँडेकाले बाल्यकालमा संस्मरणकार सुरेश दाजुप्रति ईर्ष्या राख्ने गर्छन् । आमाको उपचारका लागि रसियामा गएर आफ्ना दुई भाइसँगै आमालाई स्याहार गरेर एक असल छोराको भूमिका निर्वाह गरेका सुरेश दाजु एक कर्तव्यनिष्ठ पात्र हुन् ।

समग्रमा सुरेश दाजु पढाइ तथा काम भन्दा खेलप्रति समर्पित, एकोहोरो तथा सरल व्यक्तिका रूपमा परिचित भएका छन् ।

**ड) अन्य पात्रहरू**

यस **आमाको मुटु** संस्मरणमा प्रमुख र सहायक पात्र बाहेक स्मरण गरिएका अन्य पात्रहरू पनि छन् । जसमध्ये केही उल्लेख्य पात्रको चिनारी यहाँ प्रस्तुत छ :

**कविता** संस्मरणकारकी एकमात्र दिदी हुन् । सुरेस दाजु र नव दाजुकी बहिनी तथा संस्मरणकारकी दिदी हुन् । संस्मरणमा धेरै विश्लेषण नगरिए पनि जति ठाउँमा उनको चर्चा भएको छ, यसबाट पनि थाहा हुन्छ कि उनी एक सरल स्वभावकी, आफ्नी आमा बिरामी हुँदा आफूले सके जति काम सघाउने र कक्षा दससम्म संस्मरणकार कोइरालासँग एउटै कक्षामा अध्ययन गरेकी पात्रका रूपमा आएकी छिन् ।

संस्मरणमा आमाको मुटुको अपरेसन भएपछि आमाले स्मरण शक्ति गुमाएको र तोते बोली मात्र बोल्न सक्दा सबैभन्दा पहिले आमाको मुखबाट कविता नाम उच्चारण हुन्छ यसबाट पनि थाहा हुन्छ कि कविता संस्मरणकी मुख्य पात्र आमाकी प्रिय पात्र हुन् ।

संस्मरणमा उनको उपस्थितिले दाजु बहिनी, दिदीभाइको, आमाछोरीको सम्बन्ध कस्तो हुन्छ र कस्तो हुनुपर्छ भनेर बताउन खोजिएको देखिन्छ ।

**डा. भल्यौदा** रुस राष्ट्रका एक मुटुरोग विशेषज्ञ हुन् । लुगान्सको हर्ट सेन्टरमा मुटुरोग विशेषज्ञ भएर कार्यरत भल्यौदा ज्यादै सरल स्वभावका पात्रको रूपमा संस्मरणमा प्रस्तुत छन् । अन्य मुलुकबाट आएकी बिरामी पात्रलाई ज्यादै सहयोगी भावनाले सहयोग गर्दै मुटुको अपरेसन गर्ने डाक्टरमध्येका एक भल्यौदा सकारात्मक सोच भएका पात्र हुन् । संस्मरणकी प्रमुख पात्रको रोग राम्ररी ठीक नहुन्जेल संस्मरणकार र उनको परिवारलाई सहयोग र सल्लाह दिने भल्यौदा मानवतावादी सोच भएका पात्र हुन् । जसले संस्मरणकारको आमालाई लागेको वास्तविक रोग पत्ता लगाएर अपरेसन गरेका थिए । संस्मरणकारले संस्मरणमा उनलाई एक सहयोगी र आफ्नी आमालाई नवजीवन दिने एक देवताका रूपमा चर्चा गरेका छन् ।

**जीवन दाजु** संस्मरणकार कोइरालाका भानिज दाजु हन् जो कोइरालाको संयुक्त परिवार हुँदा सँगै बसेको कुरा उल्लेख गरिएको छ ।

**साइला काका** संस्मरणकारका काकाहरू मध्येका एक हुन्, जो भद्रपुरका स्थानीय बासिन्दा र एक राम्रा जागिरे हुन् ।

**रेखा** संस्मरणकार कोइरालाकी साहिला काकाकी छोरी हुन् । नाताले रेखा संस्मरणकारकी दिदी हुन् जो कक्षा तीनदेखि संस्मरणकार कोइराला र उनकी दिदीसँग पढेको कुरा उल्लेख छ ।

**डाक्टर काजी** भद्रपुरका एक नागरिक हुन् । उनी बिदामा घर आएको र कोइरालाकी आमालाई गाह्रो हुँदा हेरिदिन गएको प्रसङ्ग छ ।

**जयराज सर** कोइरालाका विद्यालय शिक्षक जोसँग कोइराला केही धेरै नै डराउने पात्रको रूपमा चर्चा भएको छ ।

**ज्योति दाजु** मिलमा काम गर्ने र संस्मरणकारले कुनै पनि नाता नलागएको कुराको उल्लेख गरेका पात्र हुन् ।

**हरने** घरमा सहयोगका लागि राखिएका एक सहयोगी पात्रको रूपमा उपस्थित भएको पात्र हो ।

**पाल डाक्टर**को प्रसङ्ग आमालाई उपचारको लागि लग्दा आएको छ । पाल टाँगेर बनाएको शिबिरमा बिरामी हेर्ने भएकाले उनलाई पाल डाक्टर भनिएको कुरा उल्लेख छ ।

**कालु डाक्टर** सीमा पारिका एक डाक्टरको रूपमा आएका छन् जो आफूसँग उपचार गराउन आउने बिरामीलाई आफू र आफ्नो मेडिकलको स्टाफले मात्र बुझ्ने गरी औषधी लेख्ने गर्थे ।

**डा.ऋषिकेश** त्यो डा. हुन् जसले संस्मरणकारकी आमालाई टी.बी भएको भनि एक वर्ष औषधी खान भनेका थिए ।

**विश्वराज दाजु** संस्मरणकारको ठूलीआमाका छोरा जो कोइरालाहरूसँग बसेको कुरा उल्लेख छ ।

**डा.दीक्षित** र **डा. अन्सारी** जो संस्मरणकारकी आमाको उपचारका क्रममा भेटिएका पात्रहरू हुन् ।

यसका साथै सुरेश दाजुका साथीहरू आमालाई मुटुको सफल उपचारपछि भेट्न आउने छिमेकी तथा आफन्तहरू, राजीव, ट्याक्सी ड्राइभर सासा, सासाकी श्रीमती, उनैकी छोरी, सूर्य दाइ, डा. क्षेत्रीजस्ता पात्रहरू गौण रूपमा संस्मरणमा आएका छन् । यी सबै पात्रहरूले आफ्नो स्थानबाट संस्मरण लेखनमा सुन्दरता थपेका छन् ।

समग्रमा संस्मरणकार कोइरालाले आफ्नो जीवनको अविस्मरणीय घटना तथा क्षणहरूमा आएका विभिन्न किसिमका पात्रहरूलाई यस संस्मरणमा स्मरण गरेका छन् । पात्रहरूको राम्रै जमघटले गर्दा पनि संस्मरण अध्ययन गर्दा पाठकलाई अल्छीपनाले छुन पाउँदैन । उनका संस्मरणमा आएका पात्रहरूले संस्मरणलाई वास्तविक एवं प्रभावपूर्ण बनाउन मद्दत गरेका छन् । त्यसैले पात्र प्रयोगका दृष्टिले यो संस्मरण उपयुक्त एवं सान्दर्भिक देखिन्छ ।

## ४.२.३ परिवेश

परिवेश भनेको संस्मरणमा वर्णित वातावरण हो । **आमाको मुटु** संस्मरणको परिवेशको चर्चा गर्दा कोइरालाले आफ्नो बाल्यकालदेखि आफू चिकित्सक हुँदासम्मको यात्राको चर्चा गर्दै परिवेशको पनि निकै राम्ररी चर्चा गरेका छन् । यस संस्मरणमा अधिकांश वर्णनीय स्थानका रूपमा पूर्वी तराईका विभिन्न जिल्ला र भारतका सीमाक्षेत्र आएका छन् । संस्मरणमा कोइरालाले आफू हुर्केको खेलेको आफ्नो जन्मस्थलदेखि आमाको उपचारका क्रममा भौतारिएका ठाउँहरू, अध्ययनका क्रममा काठमाडौं बसेको र घुमेको ठाउँ, अध्ययन कै क्रममा रसियामा रहेका विभिन्न परिवेशको वर्णन संस्मरणमा गरेका छन् ।

संस्मरणमा वर्णित परिवेशलाई अनुभव गर्दा क्रमैसँग पाठकहरू भद्रपुर हुँदै काठमाडौं र काठमाडौं हुँदै रसिया सम्मको भ्रमण गर्दछन् जसबाट फरक ठाउँहरूको वर्णनको अनुभव पाठकलाई हुन्छ । ग्रामीणदेखि सहरी क्षेत्रसम्मको परिवेशको वर्णन **आमाको मुटु** संस्मरणमा पाइन्छ । फरक परिवेशको वर्णनले पनि संस्मरणलाई अझ सुन्दर बनाएको छ ।

गृह जिल्ला झापा रहे पनि आफ्नो बाबुको जागिरको सिलसिलामा विभिन्न ठाउँ घुम्नुपरेको बताउने कोइरालाले आफ्नो संस्मरणमा विशेष गरी भद्रपुर, बिर्तामोड, दमक, चन्द्रगढी, सालबारी, विराटनगर, इलाम, भैरहवा, तौलिहवा, पाँचथर, काठमाडौंको उल्लेख गरेका छन् । साथै आमाको उपचारको सिलसिलामा छिमेकी राष्ट्र भारतको सिलगढी र सोभियत संघका केही स्थान पनि यस संस्मरणमा परिवेशका रूपमा आएका छन् ।

कोइरालाले यस संस्मरण तत्कालीन भद्रपुरको भौतिक अवस्था विकासको स्थिति, स्वास्थ्य क्षेत्रको स्थितिको वास्तविक चर्चा गरेका छन् । भद्रपुर सहरको चित्रण यस संस्मरणमा विशेष रूपमा गरिएको छ । विभिन्न जातजातिका मानिसहरूले मिलेर बसेकाले भद्रपुरलाई उनले एउटा समावेशी फूलबारीको संज्ञा दिएका छन् ।

> *अँ भद्रपुर साँच्चै नै एउटा समावेशी फूलबारी थियो । आसामेली समीप्यमा मेचे, कुचतिहारका राजवंशी र सन्थाल, भारत विभाजनको प्रकोप झोलका बंगाली, मुजफ्फरपुरका लिचीसँगै आएका पश्चिम, धान मिलमा मजदुर बन्न ल्याइएका मद्रासी र उडिया, बिँडी फ्याकटरीका मुसलमान मजदुर, राजस्थानबाट व्यापार गर्न नेपाल छिरेका मारवाडी, कोसीपारिबाट बढियाकाम खोज्दै पूर्व लागेका मैथिलिभाषी, पूर्वी पहाडबाट वर्षैभरि चामलको भात खान मधेस झरेका र झर्नुपरेका बाहुनक्षेत्री, उब्जाउ जमिनले मोहनी लागेर पहाड छाडेका जनजाति वर्गका राईलिम्बु, अन्त दोजु, हामी पनि यतै पो*

*बस्ने भयो छिमेकी बनेका दार्जिलिङे सरहरू अनि मेचीपूर्वबाट भगाइएका बर्मेली र आसाम सबैको समश्रिण थियो हाम्रो भद्रपुर (पृष्ठ ३७)।*

यस उदाहरणबाट उनले आफ्नो जन्मस्थानप्रति गरेको प्रेम पनि झल्किन्छ।

यस संस्मरणको सामाजिक परिवेशको चर्चा गर्दा तराईको न गाउँ न सहर भइसकेको अवस्थाको चर्चा पाइन्छ। बन्दै गरेका सडक, शिक्षा र स्वास्थ्यको अवस्था नाजुक नै रहेको, कृषिलाई मुख्य पेसा बनाएर जीविकोपार्जन गर्ने अवस्थाको चित्रण यसमा पाइन्छ। स्वास्थ्य सुविधाको पटक्कै भरपर्दो पहुँच नभएको समाजको चित्रण यसमा पाइन्छ। सामान्य उपचारका लागि पनि सीमापारिका जिल्लामा पुग्नुपर्ने तराईको अवस्थाको चित्रण यस संस्मरणमा पाइन्छ।

सांस्कृतिक परिवेशको चर्चा गर्दा यस संस्मरणमा भद्रपुरमा बस्ने विविध जात जातिको आफ्नै धर्म अनुसारको संस्कृतिको चर्चा गरिएको छ।

यस संस्मरणमा कोइरालाले तत्कालीन अवस्थामा रहेको राजनीतिक परिवेशको पनि चर्चा गरेका छन्। यसमा उनले विं.सं २०३६/३७ सालको जमनत सङ्ग्रहको घोषणा र बहुदल र पञ्चायती व्यवस्थाका बीच भएको आन्दोलन अनि चुनावको उल्लेखका साथै विं.सं २०४५ सालमा गएको भूकम्पको सन्दर्भलाई पनि स्मरण गरेका छन्।

आफूले पाएको छात्रवृत्तिमा रसिया पुगेका र त्यही आफ्नो आमाको मुटुको रोगको उपचार गराएका कोइरालाले यस संस्मरणमा रुसी सहर लभोभको चित्रण गर्दै "लभोभ सहरको बीचमा एउटा डाँडो थियो, टुप्पामा भ्युटावर बिसोकी जामोक। पहिला कुनै राजाको किल्ला थियो रे, अहिले त घुमफिर गर्ने र सहरको दृश्य हेर्ने पार्कजस्तो बनाइएको।" भनेका छन्।

आमाको मुटु संस्मरणमा व्यक्त परिवेश विशेष गरी नेपालको तराई अन्तर्गत पर्ने विविध ठाउँहरूको वर्णनमा बाँधिएको छ, जहाँ छिमेकी राष्ट्रको पनि विभिन्न स्थानहरूको प्रसङ्ग पनि जोडिएको छ। भद्रपुरको मिश्रित बस्तीको प्रसङ्ग, पहाडबाट झरेर आउँदा केही समय अनौठो लागेको तर विस्तारै त्यही परिवेशमा आफू पनि भिजेको कुराको प्रसङ्ग संस्मरणमा आएको छ।

संस्मरणकारले शिक्षाको लागि काठमाडौँमा बसेको र उक्त बेलाको काठमाडौँको वर्णन र अध्ययन गर्दा हाल आएको परिवर्तन हेर्दा कुनै कथा पढेजस्तै लाग्ने गर्दछ । भद्रपुरको परिवेशको चर्चाले त्यहाँ नपुगेका पाठकलाई त्यहाँ जाने उत्साह बढाउने गर्दछ ।

यसरी कोइरालाले यस संस्मरणमा आफ्नो बाल्यकाल सुरु भएको झापा, भद्रपुरदेखि अध्ययनको सिलसिलामा रसिया पुगेको परिवेशको चर्चा गरेका छन् ।

## ४.२.४ कौतूहल

रामेश कोइरालाको पहिलो कृति **आमाको मुटु** एक संस्मरणात्मक रचना हो । जुन रचना कौतूहलले भरिएको छ । संस्मरणको पहिलो भागदेखि नै उल्लेखित आमाको मुटु दुख्ने व्यथा कहिले र कसरी निको हुन्छ भनेर जान्न पाठकले यस कृतिलाई अन्तिमसम्मै अध्ययन गनुपर्दछ, त्यसैले पनि यो कौतूहलले भरिएको रचना हो । उनले सरल र सहज भाषामा आफ्नो जीवनानुभूति यसमा प्रस्तुत गरेका छन् । आफ्नी आमालाई मुटुरोग लागेको र समयमा नै त्यसको पहिचान हुन नसकी लामो समयसम्म भौतिक एवं मानसिक क्षति व्यहोरेको उनको परिवारको यथार्थ कथा **आमाको मुटु** कृतिमा समावेश भएको छ ।

कौतूहलता हरेक रचनाको एक विशेष पक्ष रहने गर्दछ तर संस्मरण काल्पनिक रचना नहुने भएकाले यसमा कौतूहलको प्रयोग पाइन गाह्रो हुन्छ । **आमाको मुटु** संस्मरणमा भने कौतूहलता पाइन्छ । लेखकले कौतूहलको प्रयोग गर्ने योजना नबनाएको भएपनि यस संस्मरणमा कौतूहल पाइन्छ । संस्मरणको पहिलो अध्यायबाटै उल्लेख हुने आमाको मुटु रोग उक्त रोगको उपचारको के कसरी उपचार भयो भनेर थाहा पाउन पाठकले सम्पूर्ण पुस्तक अध्ययन गर्नै पर्ने अवस्था नै यस संस्मरणको कौतूहल हो ।

सम्बन्धित रोगको विशेषज्ञ नभेट्दा रोगीले के कस्तो अवस्था सहन गर्नुपर्छ । नक्कली डाक्टरबाट ठगिनुपर्दाको पीडा के कस्तो हुन्छ भनेर यस संस्मरणमा व्याख्या गरिएको छ । पहिलो अध्यायबाट नै पाठकलाई बाँधिराखेर अन्तिम अध्यायसम्म पुऱ्याउन सक्नु यस संस्मरणको सबल पक्ष हो ।

## ४.३ उद्देश्य

रामेश कोइरालाको पहिलो र उत्कृष्ट कृतिका रूपमा **आमाको मुटु** (२०६८) नामक संस्मरणात्मक कृति पर्दछ । कोइराला यसै संस्मरणलाई प्रकाशित गराएर नेपाली साहित्यमा

प्रवेश गरेका हुन् । आफ्नो आमाको कारुणिक कथा र आफ्नो जीवनको केही सुखद र केही दुःखद अनुभूति समेटिएको उनको यो उत्कृष्ट संस्मरणात्मक कृति हो । उनले सरल र सहज भाषामा आफ्नो जीवनाभूति यसमा प्रस्तुत गरेका छन् । आफ्नी आमालाई मुटुरोग लागेको र समयमानै त्यसको पहिचान हुन नसकी लामो समयसम्म भौतिक एवं मानसिक क्षति व्यहोरेको उनको परिवारको यथार्थ कथा **आमाको मुटु** कृतिमा समावेश भएको छ ।

कुनै पनि कृतिको रचना खास उद्देश्य राखेर गरिएको हुन्छ । लेखकले कुनै पनि रचना सिर्जना गर्दा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै न कुनै उद्देश्य राखेको हुन्छ । संस्मरणको रचना गर्नु आफ्नो भोगमूलक जीवनका स्मरणीय घटना र अनुभवलाई सर्वसाधारण पाठक समक्ष पुऱ्याउनु पनि हो । संस्मरण विधाको चर्चा गर्दा आफ्नो जीवनको अविस्मरणीय क्षणहरूको स्मरण गर्नु संस्मरणको उद्देश्य हो । संस्मरणमा व्यक्त उद्देश्यबाट लेखकको जीवन भोगाइ थाहा पाउन सकिन्छ भने जीवन भोगाइबाट प्रेरणा पनि लिन सकिन्छ ।

**आमाको मुटु** संस्मरणको उद्देश्यको चर्चा यसमा कोइरालाले आफ्नो जीवनको संवेदनशील घटना, बाल्यकालको रोमाञ्चक भोगाइ, अध्ययन कार्य गर्दा आएका उतारचढाव र आफ्नी आमाको रोगको निराकरणका लागि गरिएका उपचारका विभिन्न प्रयास र त्यसले निम्त्याएको दुःखद परिणतिलाई स्मरण गर्दै रोगको सही पहिचान र सही उपचार हुनसक्दा बिरामी तथा बिरामीका आफन्तजनलाई पर्ने दुःखद परिस्थितिको अवगत गराउँदै त्यस्तो परिस्थितिको सामना अरूले गर्न नपरोस् भन्ने अभिप्राय यस संस्मरण मार्फत व्यक्त गरेका छन् ।

**आमाको मुटु** संस्मरण एक छोरा जसले आफ्नी आमालाई लागेको मुटु रोग तर उक्त रोगले उपचार नपाउँदा आमाले भोगको पीडाको साक्षी भइ तयार पारेका एक कहानी हो जुन पूर्ण रूपमा यथार्थले भरिएको छ । संस्मरणकारको उद्देश्य आफ्नी आमाप्रतिको माया र आदरलाई दर्शाउदै उनको कथालाई पाठकसामु पुऱ्याउनु हो । संस्मरणकारको जीवन पनि कुनै कहानी भन्दा कम छैन उनले चाहेको भए आफ्नै जीवनभोगाइलाई मात्र संस्मरणको मुख्य विषयवस्तु बनाएर पाठकसामु पुऱ्याउन सक्थे तर उनको उद्देश्य आफ्नी प्राणप्रिय आमाको पीडायुक्त जीवन भोगाइलाई पाठकसामु पुऱ्याउनु थियो ।

यस संस्मरणमा कोइरालाले आफ्नो जीवन भोगाइको तितो यथार्थलाई व्यक्त गरेका छन् । आफ्नी आमालाई लागेको रोगको उपचार गराउन लगेको तर सही रोग पत्ता नलाग्दा कति दुःख पाइयो, आफ्नी ममतामयी आमाले कति पीडा भोग्नु पऱ्यो भनेर उनले यसमा चर्चा गरेका छन् । उपचारका नाममा ठगिनु परेको र त्यस्तै अवस्था अरूलाई नपरोस् भनेर यसमा जोगिनको लागि सन्देश दिइएको छ । राम्ररी नबुझी अरूले भनेको आधारमा मात्र लागेर कुनै पनि ठाउँमा जाँदा कोइरालाको आमाले जस्तै पीडा अरूले पनि भोग्नुपर्ने हुन्छ भनि सचेत हुन आह्वान पनि गरिएको छ ।

आमाको मुटु संस्मरण कोइरालाले पाठकलाई आफ्नी आमाले के कस्ता पीडा भोगेर आजको दिनसम्म आइपुग्नुभयो र रोगले सही उपचार नपाउँदा के कस्तो अवस्था सामना गर्नुपऱ्यो भनेर बताउन खाजेका छन् । संस्मरणमा बताइएको एक प्रसङ्ग अनुसार आफ्नी छोरीलाई संस्मरणकारले आफ्नो जीवनका कथाहरू सुनाउँदा छोरीले कुनै काल्पनिक र मनगणन्ते कहानी बताएजस्तै ठानेकोले संस्मरणकारले आफ्ना केही सहृदयी मित्रहरूको सहयोगले यो संस्मरण तयार पार्ने उद्देश्य व्यक्त गरेका छन् ।

सीप र प्रविभियुक्त सेवाबाट नै मानिसलाई उचित लाभ मिल्ने गर्छ । यदि समयमा नै सम्बन्धित रोगको विशेषज्ञबाट कोइरालाको आमाले उपचार पाउन सकेको भए उनको आमा र परिवारले त्यति धेरै भौतिक एवं मानसिक पीडा सहन गर्नुपर्ने थिएन । मुटुरोगलाई दम, टी.बी. तथा पाठेघरको समस्या बताउने र अनावश्यक औषधीको सेवन गराउनबाट ठगिनुपर्ने थिएन ।

## ४.४ भाषाशैली

रामेश कोइरालाको **आमाको मुटु** (२०६८) संस्मरणात्मक कृति सरल भाषमा रचित एक उत्कृष्ट कृति हो । हरेक वर्गका पाठकले यस कृतिलाई अध्ययन गर्न सक्दछन् । यसै कृतिबाट नै सर्वप्रथम उनले आफ्नो साहित्यिक परिचय दिएका हुन् । आफ्नो आमाको कारुणिक कथा र आफ्नो जीवनको केही सुखद र केही दुःखद अनुभूति समेटिएको उनको यो उत्कृष्ट संस्मरणात्मक कृति हो । उनले सरल र सहज भाषामा आफ्नो जीवनाभूति यसमा प्रस्तुत गरेका छन् । आफ्नी आमालाई मुटुरोग लागेको र समयमा नै त्यसको पहिचान हुन नसकी लामो समयसम्म भौतिक एवं मानसिक क्षति व्यहोरेको उनको परिवारको यथार्थ कथा **आमाको मुटु** कृतिमा समावेश भएको छ ।

संस्मरण एक गद्य विधा हो जसमा कल्पनाको तुलनामा यथार्थताको बाहुल्यता रहेको हुन्छ । **आमाको मुटु** संस्मरणको भाषाशैलीको कुरा गर्दा यो पनि गद्य शैलीमा लेखिएको एक उत्कृष्ट कृति हो । यस संस्मरणको एक सबल पक्ष भाषा पनि हो । यस संस्मरणमा कोइरालाले ज्यादै सरल भाषाको प्रयोग गरेका छन् जसले गर्दा साधारण पाठकले पनि यो संस्मरण पढेर कृतिको सुन्दरता प्राप्त गर्न सक्छ ।

यस कृतिमा संस्मरणकारका अतीतका विभिन्न रोचक एवं अवीस्मरणीय घटना तथा क्षणहरूको वर्णन सरल, सरस एवं आकर्षक भाषिक प्रयोगबाट भएको छ । आत्मपरक शैलीमा लेखिने गद्य साहित्यमा रागात्मकता हुनु आवश्यकता मानिन्छ । त्यसैले संस्मरणकार कोइरालाले यसमा रागात्मक भाषाको प्रयोग गरेका छन् । जसले संस्मरणलाई आकर्षक बनाएको छ । भाषिक प्रयोगमा सचेतता, स्मरण गरिएका घटना तथा प्रसङ्गको स्वाभाविक वर्णन, संस्मरणको आदिदेखि अन्त्यसम्म पाइने भाषिक लयात्मकता तथा सरसताले यस संस्मरणलाई एक सफल कृति बनाउन मद्दत गरेको छ । संस्मरण लेखनको विषय एवं परिवेश अनुसारको भाषिक प्रयोग यस कृतिमा भएको छ ।

भद्रपुरमा बसाइँ सरेर सिकेको फरक बोली, काठमाडौँमा आएर अध्ययन गर्न थालेपछि आफ्नो बोलीमा आएको परिवर्तनशीलताले संस्मरणकार साथै पाठकलाई पनि फरक परिवेशमा बोलिने लवजको ज्ञान हुन्छ । संस्मरणमा उल्लेख प्रसङ्ग अनुसार छोटो समयको काठमाडौँ बसाइँमा संस्मरणकारले तपाईंलाई हजुर, भातलाई भुजा, कविते आईबाट कविते आयो, दोकानलाई पसल, दबाइलाई औषधी, बाटोलाई सडक, चौरीलाई चौर, चटनीलाई अचार, गोजीलाई खल्ती, सिंगडालाई समोसा भन्न थालेको प्रसङ्गले पनि परिवेश पिच्छे भाषामा भिन्नता पाइन्छ भन्ने कुराको अनुभव गराउँदछ ।

भाषाशैली हरेक कृतिको सशक्त पक्ष हो, संस्मरणमा व्यक्त भाषाशैली पनि पाठकलाई सुहाउने साथै सरल हुनुपर्दछ । कठिन भाषामा लेखिएका कृतिहरू जतिसुकै सशक्त विषय भएको भएपनि पाठकको मनलाई जित्न भने सक्दैन । त्यसैले रचनाकारले आफ्नो कृति रचना गर्दा भाषाशैलीमा ज्यादै धेरै ध्यान पुऱ्याउनु पर्छ । **आमाको मुटु** संस्मरणमा कोइरालाले प्रयोग गरेको भाषाशैली आम नागरिकले आफ्नो दैनिकीमा प्रयोग गर्ने भाषा नै रहेको छ जसले गर्दा पाठकलाई यो कृति अध्ययन गर्दा ज्यादै सहज र आफ्नोपनको आभास हुन्छ ।

परिवेश अनुसारको भाषाको प्रयोग भएको यस संस्मरणमा कोइरालाले आफूले जुन ठाउँमा पुगेको त्यतैको भाषामा आफू अभ्यस्त भएको कुराको प्रसङ्गले पनि यस कृतिको भाषाशैलीको सरलताको व्याख्या गरेको छ ।

सरल र स्वभाविक भाषाशैलीको प्रयोग गरेर रचित यस संस्मरणले पहिलो पटकको अध्ययनबाटै पाठकको मन जित्न सफल हुन्छ । **आमाको मुटु** संस्मरणमा व्यक्त सरल भाषाशैली यस संस्मरणको एउटा मुख्य विशेषता हो जसले यस संस्मरणलाई उत्कृष्ट रचना बनाएको छ ।

## ४.५ तटस्थता

**आमाको मुटु**मा कोइरालाले आफ्नो जीवन भोगाइका अविस्मरणीय क्षणहरूको वर्णन गरेर यस वास्तविक जीवन भोगाइलाई पाठक सामु प्रस्तुत गरेका छन् । यसै कृतिबाट नै सर्वप्रथम उनले आफ्नो साहित्यिक परिचय दिएका हुन् । आफ्नो आमाको कारुणिक कथा र आफ्नो जीवनको केही सुखद र केही दुःखद अनुभूति समेटिएको उनको यो उत्कृष्ट संस्मरणात्मक कृति हो । उनले सरल र सहज भाषामा आफ्नो जीवनाभूति यसमा प्रस्तुत गरेका छन् । आफ्नी आमालाई मुटुरोग लागेको र समयमानै त्यसको पहिचान हुन नसकी लामो समयसम्म भौतिक एवं मानसिक क्षति बेहोरेको उनको परिवारको यथार्थ कथा **आमाको मुटु** कृतिमा समावेश भएको छ ।

संस्मरण अतीतका तिता मिठा घटनाहरूको सँगालो हो । जसबाट लेखकले पाठकलाई आफ्नो जीवनको वास्तविकतासँग सामिप्य गराउँदछन् । संस्मरणलाई उत्कृष्ट बनाउने विविध तत्त्वहरूमध्येको एक हो तटस्थता । तटस्थता पनि संस्मरणको एक विशेष महत्त्पूर्ण तत्त्व हो । साहित्य आफैमा कल्पनाको प्रधानता भएका विधाहरूको भण्डार हो तर संस्मरण विधामा अन्य विधाको जस्तो कल्पनाको प्रधानता पाइन्न यो त अतीतका अविस्मरणीय घटनाहरूको स्मरणको शृङ्खला मात्र हो ।

**आमाको मुटु** संस्मरणमा कोइरालाले अतीतका विभिन्न घटना क्षण जीवन भोगाइलाई तटस्थताका साथ प्रस्तुत गरेका छन् । आफ्ना बाल्यकालदेखिका घटनाहरूलाई कोइरालाले तटस्थताका साथ यस कृतिमा प्रस्तुत गरेका छन् । आफूलाई बाल्यकालमा नसे, खरायो जस्ता उपनामले बोलाइने कुरा, ग्लुकोज बिस्कुट, दुध, हर्लिक्स र गुलियो औषधीको झोलको प्रसङ्गले (पृष्ठ ११/१२) उनी आफ्नो संस्मरणप्रति तटस्थ छन् भन्ने कुरा बुझिन्छ ।

कल्पनाको प्रधानता नुहुनु, बनावटीपना नहुनु र पूर्ण रूपमा तटस्थता प्रचुर मात्रामा हुनुको यस संस्मरणको विशेषता हो । संस्मरण अध्ययन गर्दा पाठकलाई कुनै पनि स्थानमा बनावटीपनाको आभास नहुनु र कोइरालाको दुखद् अवस्थामा दुखी अनुभव हुनु संस्मरणको जित हो । संस्मरणको एउटा सशक्त पक्ष तटस्थता पनि हो जसले पाठकलाई कुनै पनि ठाउँमा यस्तो त हुनै सक्दैन भन्ने भावना उब्जाउन दिँदैन ।

तटस्थताले गर्दा नै यस संस्मरणलाई जीवन्त तुल्याएको छ । यही कारणले गर्दा यो संस्मरण एउटा उत्कृष्ट कृति हुन पुगेको छ । जसले हरेक पाठकको मनलाई छुने गर्दछ ।

## ४.६ वैयक्तिकता (निजात्मकता)

रामेश कोइरालाको **आमाको मुटु** (२०६८) संस्मरण उनको जीवनको वैयक्तिक विषयवस्तु सँगालिएको एक उत्कृष्ट र मन छुने रचना हो । जसमा उनले आफ्नो व्यक्तिगत जीवनमा घटेका ज्यादै पीडायुक्त पलहरूलाई पाठकसामु पुऱ्याएका छन् । यसै कृतिबाट नै सर्वप्रथम उनले आफ्नो साहित्यिक परिचय दिएका हुन् । आफ्नी आमाको कारुणिक कथा र आफ्नो जीवनको केही सुखद र केही दुःखद अनुभूति समेटिएको उनको यो उत्कृष्ट संस्मरणात्मक कृति हो । उनले सरल र सहज भाषामा आफ्नो जीवनाभूति यसमा प्रस्तुत गरेका छन् । आफ्नी आमालाई मुटुरोग लागेको र समयमा नै त्यसको पहिचान हुन नसकी लामो समयसम्म भौतिक एवं मानसिक क्षति व्यहोरेको उनको परिवारको यथार्थ कथा **आमाको मुटु** कृतिमा समावेश भएको छ ।

संस्मरण पूर्ण रूपमा एक व्यक्तिगत रचना हो । अतीतका घटनाहरूको वर्णनको सँगालो हो । जसमा लेखकले पाठकसामु आफ्नो जीवन भोगाइका विविध यथार्थ प्रस्तुत गरेका हुन्छन् । वैयक्तिकता संस्मरणको एक महत्त्वपूर्ण पक्ष हो । संस्मरण आफैँमा एक वैयक्तिकता बोकेको रचना हो । कल्पनाको ज्यादै थोरै, यथार्थता र वैयक्तिकताको प्रचुर प्रधानता रहने संस्मरण विधा एक यथार्थतापरक विधा हो । **आमाको मुटु** संस्मरणमा पनि वैक्तिकता प्रचुर मात्रामा रहेको छ । कोइरालाको बाल्यकालदेखि युवाअवस्था तथा चिकित्सक हुँदासम्मका कैयौँ व्यक्तिगत कुराहरूको यस संस्मरणमा चर्चा गरिएको छ ।

बुबाको जागिरको कारण विभिन्न ठाउँमा बसाइँ सर्नु परेको, बसाइँ सरेपिच्छे विद्यालय बदलिएको, आमाको मुटु दुख्ने व्यथाको उपचारका लागि विविध डाक्टर र क्लिनिक धाएको, कैयौँ नक्कली डाक्टरबाट ठगिनु परेको जस्ता कुराहरूको वर्णनबाट पनि यस

संस्मरणमा वैयक्तिकता झल्कन्छ । आफ्नो पारिवारिक स्थिति, उतारचढाव जस्ता निजात्मक कुरा, शैक्षिक दक्षता हासिल गर्न गरिएको मिहिनेत र प्राप्त गरेको सफलताको पनि यस संस्मरणमा चर्चा पाइन्छ ।

अन्य निजात्मक कुराको चर्चा सँगै यस संस्मरणमा सबैभन्दा धेरै कोइरालाकी आमाको मुटु रोगको उपचारका क्रममा भएका विविध घटनाको यथार्थ चर्चा नै यसको मुख्य वैयक्तिक पक्ष हो ।

## ४.७ सामाजिकता

खोटाङ्गको दिक्तेलमा जन्मिएर बुबाको जागिरे जीवनका कारण भद्रपुर बसाइँ सरेर त्यहीको परिवेशमा रमाएका रामेश कोइरालाले **आमाको मुटु** (२०६८) नामक संस्मरणात्मक कृति प्रकाशित गराएका हुन् । आफू बाँचेको समाज र उक्त समाजमा हुने गरेका विसङ्गति र विकृतिलाई उजागर गर्ने काम यस संस्मरणमा गरेका छन् । यस संस्मरणमा कोइरालाले आफ्नी आमाको कारुणिक कथा र आफ्नो जीवनको केही सुखद र केही दुःखद अनुभूति समेटिएको उनको यो उत्कृष्ट संस्मरणात्मक कृति हो । उनले सरल र सहज भाषामा आफ्नो जीवनाभूति यसमा प्रस्तुत गरेका छन् । आफ्नी आमालाई मुटुरोग लागेको र समयमा नै त्यसको पहिचान हुन नसकी लामो समयसम्म भौतिक एवं मानसिक क्षति व्यहोरेको उनको परिवारको यथार्थ कथा **आमाको मुटु** कृतिमा समावेश भएको छ ।

आमाको मुटु संस्मरणमा व्यक्त सामाजिकताको चर्चा गर्दा नेपालको पूर्वी भेगको खासगरी भद्रपुर, झापा, पाँचथर, इलाम ,खोटाङ साथै काठमाडौं सम्मको सामाजिकता पाइन्छ । संस्मरणकार खोटाङमा जन्मिएका र आफ्नो बाबुको जागिरको सिलसिलामा विभिन्न ठाउँ बसाइँ सरेको र पछि स्थायी बसोबास स्वरूप भद्रपुरमै बसेको कुराको उल्लेख पाइन्छ ।

संस्मरणमा विविध भाषा र धर्म मान्नेहरू मानिसहरूको बसोबास एकै ठाउँमा रहेको कुरा उल्लेख छ । भद्रपुरको मिश्रित भाषा र जातजातिको बसोबास, तत्कालिन राजनीतिक परिवर्तनको चर्चा कोइरालाले बसाइँ सराइ पिच्छे सिकेका विविध भाषा र खेलको चर्चा यसमा पाइन्छ । कोइरालाले यस संस्मरणमा आफू उच्च शिक्षाको लागि काठमाडौंमा बस्दा देखेको सामाजिक परिवेशको पनि चर्चा गरेका छन् ।

यस संस्मरणमा कोइरालाले आफूलाई याद आउन थालेको समयदेखिका कुराहरूको वर्णन पाइन्छ । वि.सं. २०३५/३६ देखि पछिका समाज र उक्त समाजमा आएको

परिवर्तनको चर्चा यस संस्मरणमा पाइन्छ । तत्कालिन समाजको स्वास्थ्य सुविधाको स्थिति कस्तो रहेको थियो, कसरी सीमापारि गएर उपचार गराउन नेपाली नागरिक बाध्य थिए । राजनीतिमा केकेस्तो परिवर्तन आयो भन्नेसम्मका सामाजिक अवस्थाको यस संस्मरणमा चर्चा गरिएको पाइन्छ ।

## ४.८ ऐतिहासिकता

रामेश कोइरालाको पहिलो र उत्कृष्ट कृतिका रूपमा **आमाको मुटु** (२०६८) नामक संस्मरणात्मक कृति पर्दछ । यसै कृतिबाट नै सर्वप्रथम उनले आफ्नो साहित्यिक परिचय दिएका हुन् । आफ्नो आमाको कारुणिक कथा र आफ्नो जीवनको केही सुखद र केही दुःखद अनुभूति समेटिएको उनको यो उत्कृष्ट संस्मरणात्मक कृति हो । उनले सरल र सहज भाषामा आफ्नो जीवनाभूति यसमा प्रस्तुत गरेका छन् । आफ्नी आमालाई मुटुरोग लागेको र समयमानै त्यसको पहिचान हुन नसकी लामो समयसम्म भौतिक एवं मानसिक क्षति व्यहोरेको उनको परिवारको यथार्थ कथा **आमाको मुटु** कृतिमा समावेश भएको छ ।

संस्मरण अतीतका अनुभव तथा घटनाहरूको स्मृति हो । लेखकले संस्मरण्मा आफ्नो जीवन भोगाइका पलहरूको वर्णन संस्मरणमा गरेका हुन्छन् । संस्मरणलाई सशक्त रचना बनाउने विभिन्न तत्त्वहरूमध्येको एक हो ऐतिहासिकता । संस्मरणमा इतिहासका झिल्का झिल्की पाइन्छ । संस्मरणकारको विगतका विविध घटना क्रमको संगालो संस्मरणमा हुने भएकाले यसमा इतिहासिक तथ्य सत्य जानकारीहरू समेत समाविष्ट हुन्छ ।

कोइरालाको आमाको मुटु संस्मरणमा पनि ऐतिहासिकता पाइन्छ । आफ्नो बाल्यकालमा बसाइँ सरेर आएका ठाउँहरू झापा, खोटाङ, इलाम, तेह्रथुम जस्ता ठाउँहरूको वर्णनमा ऐतिहासिकता भेटिन्छ । तत्कालीन भद्रपुरको सामाजिक परिवेशको वर्णनमा पनि ऐतिहासिकता पाइन्छ । सपनाझैँ लाग्ने आफ्ना जीवनका विविध पल, शिक्षाको लागि काठमाडौँदेखि रुससम्म पुगेका कुराको छलफलमा पनि ऐतिहासिकता पाइन्छ ।

वि.सं. २०४५ सालको भूकम्पको सन्दर्भ, आफ्नी आमालाई उपचारको लागि सीमा पारिसम्म पुगेको सन्दर्भ, मेची पुल निर्माण गर्ने कुरा कथा जस्तै भएको प्रसङ्गमा ऐतिहासिकता पाइन्छ । नेपालको राजनीतिमा विं.सं. २०३६/३७ सालको जनमत सङग्रहको घोषणा, बहुदलीय र पञ्चायती व्यवस्थाका बीच भएको आन्दोलनको सन्दर्भ (पृष्ठ ५१) जस्ता ऐतिहासिकता **आमाको मुटु** संस्मरणमा पाइन्छन् ।

ऐतिहासिकताले गर्दा संस्मरणमा व्यक्त कतिपय प्रसङ्गहङ्रूलाई अध्ययन गर्दा हाल ती कुराहरू हाल आएर इतिहास जस्तै लाग्न सक्छन् । ऐतिहासिकताले संस्मरणलाई अझ रोचक बनाउन उल्लेख्य भूमिका रहेको हुन्छ ।

## ४.९ काल्पनिकता

कुनै व्यक्तिको भावना र करूणाले भरिएको कथा जस्तै लाग्ने रामेश कोइरालाको **आमाको मुटु** (२०६८) संस्मरणात्मक कृति ज्यादै मन छुने रचना रहेको छ । वास्तविकताको पर्याप्त प्रयोग रहेको यस कृतिलाई काल्पनिक रचना भन्न सकिँदैन । आफ्नी आमाको कारुणिक कथा र आफ्नो जीवनको केही सुखद र केही दुःखद अनुभूति समेटिएको उनको यो उत्कृष्ट संस्मरणात्मक कृति हो । उनले सरल र सहज भाषामा आफ्नो जीवनाभूति यसमा प्रस्तुत गरेका छन् । आफ्नी आमालाई मुटुरोग लागेको र समयमा नै त्यसको पहिचान हुन नसकी लामो समयसम्म भौतिक एवं मानसिक क्षति बेहोर्नु परेको उनको परिवारको यथार्थ कथा **आमाको मुटु** कृतिमा समावेश भएको छ ।

साहित्य एक सिर्जनात्मक विधा हो जसमा रचनाकारले काल्पनिकता, यथार्थतताका साथसाथै मौलिक रचनात्मकताको प्रयोग गरेर एक पूर्ण कृतिको रचना गर्दछ । संस्मरण साहित्यको एक गद्य विधा हो जसमा यथार्थताको व्यापक प्रयोग हुन्छ । कल्पना तत्त्वलाई साहित्यका अन्य विधामा व्यापक प्रयोग गरेर सुन्दर कृति रचना गर्न सकिन्छ ।

संस्मरण यथार्थ तत्त्वको प्रधानता भएको विधा हो । यति हुँदाहुँदै पनि कृतिलाई सुन्दर रूप दिनको लागि लेखकले कुनै न कुनै ठाउँमा कल्पनाको प्रयोग गरेर कृतिलाई सुन्दर पनि बनाएको हुनसक्छ । **आमाको मुटु** संस्मरणको चर्चा गर्दा यो रामेश कोइरालाको जीवन भोगाइँको एउटा सँगालो हो । जसमा उनले आफ्नो जीवनको विविध पक्षको वर्णन साथै आफ्नी आमालाई लागेको मुटु रोग र उक्त रोगको उपचारका लागि गरिएका प्रयास, उक्त अवस्थामा के कस्तो समस्या भोग्नुपर्‍यो भन्ने जस्ता कुराको वर्णन गरेका छन् ।

**आमाको मुटु** संस्मरण यथार्थ घटनाहरूको सँगालो भए पनि कुनै कुनै प्रसङ्ग भने कोइरालाले कल्पना गरेर आफ्नो रचनालाई चाख लाग्दो बनाउन राखेको हो कि जस्तो लाग्छ । जसमा उनले आफूले बाल्यकालमानै थुप्रै उपन्यासहरू दाजुको दराजबाट चोरी चोरी पढेको (पृष्ठ ३०) जस्ता प्रसङ्गलाई जोड्न सकिन्छ । तर जे जस्तो तत्त्वको प्रयोग गरी रचना भएको भए पनि **आमाको मुटु** एक उत्कृष्ट रचना रहेको छ ।

## ४.१० वस्तु सत्यप्रतिको इमानदारी

रामेश कोइरालाको पहिलो र उत्कृष्ट कृतिका रूपमा **आमाको मुटु** (२०६८) नामक संस्मरणात्मक कृति पर्दछ । यसै कृतिबाट नै सर्वप्रथम उनले आफ्नो साहित्यिक परिचय दिएका हुन् । आफ्नो आमाको कारुणिक कथा र आफ्नो जीवनको केही सुखद र केही दुःखद अनुभूति समेटिएको उनको यो उत्कृष्ट संस्मरणात्मक कृति हो । उनले सरल र सहज भाषामा आफ्नो जीवनाभूति यसमा प्रस्तुत गरेका छन् । आफ्नी आमालाई मुटुरोग लागेको र समयमानै त्यसको पहिचान हुन नसकी लामो समयसम्म भौतिक एवं मानसिक क्षति बेहोरेको उनको परिवारको यथार्थ कथा **आमाको मुटु** कृतिमा समावेश भएको छ ।

**आमाको मुटु** संस्मरणमा वस्तु सत्यको इमानदारिताको कुरा गर्दा कोइराला यस पक्षमा ज्यादै सफल भएको देखिन्छ । आफ्नो जीवन भोगाइको यथार्थ पक्षलाई संस्मरणमा उतारेका कोइरालाको यस संस्मरणमा व्यक्त विषयवस्तु नै वस्तु सत्यको एक प्रमाण हो । जीवन भोगाइका क्रममा आइपर्ने अभाव, समस्या र अप्ठ्यारा अवस्थालाई बिना कुनै हिचकिचाहट प्रस्तुत गर्नु कोइरालाको लेखकीय इमानदारिता हो ।

यस संस्मरणमा व्यक्त वस्तु सत्य हाम्रो समाजको एक तितो यथार्थ हो । यसमा आम नागरिकले सामान्य स्वास्थ्य सुविधा पाउन के कस्तो समस्याको सामना गर्नुपर्छ भनेर वर्णन गरिएको छ । एउटा साधारण परिवारको उतारचढावको कहानीदेखि एउटा रोगको उपचारका लागि केकस्तो अवस्था सामना गर्नु पर्दछ भनेर कोइरालाले यसमा यथार्थ वर्णन गरेका छन् । कोइरालाको यही पक्षलाई हेर्दा नै यस कृतिमा वस्तुसत्यप्रति इमानदारी रहेको कुरा स्पष्ट हुन्छ ।

वस्तु सत्यको इमानदारिता त संस्मरणको एक महत्त्वपूर्ण पक्ष हो किनभने संस्मरण आफैँमा एउटा यथर्थाता बोकेको रचना हो । जसमा काल्पनिकता मिसाउनु असम्भव जस्तै हुन्छ । वस्तु सत्यको इमानदारिता **आमाको मुटु** संस्मरणमा पर्याप्त पाइन्छ ।

## ४.११ भावुकता

रामेश कोइरालाको उत्कृष्ट कृता **आमाको मुटु** (२०६८) संस्मरण भावुकताले भरिएको रचना हो । पाठकलाई विषयवस्तुले बाँध्न सक्ने यो संस्मरण ज्यादै मार्मिकताले भरिएको छ । यसै कृतिबाट नै सर्वप्रथम उनले आफ्नो साहित्यिक परिचय दिएका हुन् ।

आफ्नो आमाको कारुणिक कथा र आफ्नो जीवनको केही सुखद र केही दुःखद अनुभूति समेटिएको उनको यो उत्कृष्ट संस्मरणात्मक कृति हो । उनले सरल र सहज भाषामा आफ्नो जीवनाभूति यसमा प्रस्तुत गरेका छन् । आफ्नी आमालाई मुटुरोग लागेको र समयमा नै त्यसको पहिचान हुन नसकी लामो समयसम्म भौतिक एवं मानसिक क्षति व्यहोरेको उनको परिवारको यथार्थ कथा **आमाको मुटु** कृतिमा समावेश भएको छ ।

**आमाको मुटु** संस्मरण यथार्थ घटनाको वर्णन रहेको कृति हो । कोइरालाले यस संस्मरणमा आफ्नी ममतामयी आमाको मुटु रोगको उपचारका क्रममा सामना गर्नु परेको विविध समस्याका साथै आफ्नो बाल्यकालदेखि आफू चिकित्सक हुँदासम्मको घटनाहरूको वर्णन ज्यादै मन छुने ढङ्गमा प्रस्तुत गरेका छन् । मुटु मानव शरीरको ज्यादै संवेदनशील अङ्ग र उक्त अङ्गमा रोग लाग्नु ज्यादै पीडायुक्त विषय हो । त्यसमाथि आफ्नी जन्म दिने आमालाई मुटु रोग लाग्दा र उक्त रोगको सही उपचार पत्ता नलाग्दा केकस्तो अवस्था सामना गर्नुपर्छ भनेर वर्णन गरिनु नै यस संस्मरणको भावुक पक्ष हो ।

जीवन भोगाइका क्रममा भएका अविस्मरणीय घटनाहरूको वर्णन रहेको **आमाको मुटु** संस्मरणमा कोइरालाले आफ्नी ममतामयी आमालाई लागेको मुटुको रोग र उक्त रोगको उपचारको लागि गरिएको संघर्ष र १५/२० वर्ष सम्म आपफ्नी आमाले भोग्नु परेको पीडाको वर्णन रहेको यस संस्मरणमा भावुकता प्रशस्त प्रयोग पाइन्छ । बाल्यकाल हुँदादेखि नै आफ्नी जननीले मुटु दुख्ने पीडा खपेको, जति उपचार गराउँदा पनि रोग निको नभएको, कयौँ डाक्टर भनाउँदाहरूबाट बाट ठगिनु परेको, सम्पूर्ण परिवारले नै १५/२० वर्ष सम्म भौक्तिक र मानसिक समस्याको सामना गनु परेको जस्ता प्रशङग आउँदा पाठक भावुक हुने गर्दछ ।

रसियामा आफ्नी आमाको मुटु रोगको उपचार भएको उपचार पछि कयौँ महिना आफ्नी आमाले बोल्न नसकेको, स्मरण शक्ति हराउँदा आफ्नै सन्तानलाई समेत नचिनेको कुराको प्रसङ्ग आउँदा जो कोही पाठकको पनि आँखा रसाउने गर्छ । यसरी **आमाको मुटु** संस्मरण एक छोराले आफ्नी आमाको मुटुरोग लाग्दा कसरी लामो समयसम्म पीडायुक्त जीवन भोग्नुपर्‍यो भन्दै आफू मुख पात्र भई रचना गरेको एउटा मन छुने कृति हो । जसमा व्यक्त विविध भावुकताले भरिएका प्रसङ्गहरूको उत्कृष्ट सङ्गालो हो । जसले हरेक पाठकलाई भावुक बनाउँदै पाठकको मन छुने गर्दछ ।

भावुकताको प्रचुर प्रधानता रहेको **आमाको मुटु** संस्मरणले जो कोही पाठकको मनमा गहिरो छाप छोड्दछ ।

## ४.१२ प्रभावपरकता

रामेश कोइरालाको **आमाको मुटु** (२०६८) कृति संस्मरणात्मक कृति हो । यसै कृतिबाट नै सर्वप्रथम उनले आफ्नो साहित्यिक परिचय दिएका हुन् । उनले सरल र सहज भाषामा आफ्नो जीवनानुभूति यसमा प्रस्तुत गरेका छन् । आफ्नी आमालाई मुटुरोग लागेको र समयमानै त्यसको पहिचान हुन नसकी लामो समयसम्म भौतिक एवं मानसिक क्षति व्यहोरेको उनको परिवारको यथार्थ कथा **आमाको मुटु** कृतिमा समावेश भएको छ । पाठकलाई ज्यादै प्रभाव पार्न सक्ने यस संस्मरणले हरेक पाठकको आँखामा पटक पटक आँसु ल्याउने गर्छ भने कति ठाउँमा पेट मिचिमिचि हसाउने पनि गर्दछ ।

**आमाको मुटु** संस्मरण एक प्रभावकारी रचना रहेको छ । शीर्षकबाट नै पाठकको आँखा तान्न सफल यो संस्मरणमा थुपै पक्षले पाठकलाई प्रभाव पार्ने गर्दछ ।

आफ्नी आमालाई मुख्य पात्र बनाइ रचना गरिएको यस संस्मरणको विषयवस्तु ज्यादै प्रभावकारी छ । हाम्रो समाज र समाजमा के कस्तो स्वास्थ्य स्थिति रहेको थियो भन्ने कुराको ज्ञात हुँदा कयौं पाठक एक पटक झसङ्ग हुने गर्दछन् । कति परिवारले स्वास्थ्यको कारण ठगिनु परेको छ भनेर यस संस्मरणबाट थाहा पाउँदा पाठकलाई आफ्नै कहानी सम्झाएको जस्तो भान हुन्छ । **आमाको मुटु** संस्मरणमा वर्णित सामाजिकता, ऐतिहासिकता, जस्ता कुराको वर्णनले पनि पाठकलाई प्रभाव पार्न सक्छ । नेपालको तत्कालीन तराईको ग्रामीण परिवेश, उक्त समाजको तत्कालीन स्वरूपको वर्णन अध्ययन गर्दा पनि पाठकलाई उक्त ठाउँमै पुगेको भान गराउँदछ ।

सरल भाषा, मन छुने विषय र उत्कृष्ट प्रस्तुति रहेको **आमाको मुटु** संस्मरण एक प्रभावकारी रचना हो जसले पाठकलाई विविध यथार्थसँग अवगत बनाउँदै प्रभावित पार्न सफल भएको छ ।

## ४.१३ निष्कर्ष

**आमाको मुटु** रामेश कोइरालाद्वारा रचित संस्मरण हो । संस्मरणको सिद्धान्तमा आधारित भएर रचित यो कृति यथार्थतात्मकतालाई प्रधानता दिई रचना गरिएको छ ।

१५/२० वर्षको समयवाधिलाई आधार बनाएर रचना गरिएको प्रस्तुत कृति संस्मरण सिद्धान्तको आधारमा संरचित रहेको छ ।

संस्मरण भनेको स्मरण गर्नु हो । जीवनका अविस्मरणीय घटनाको वर्णन संस्मरणको विषयवस्तु हुने गर्छ । **आमाको मुटु** संस्मरणको विषयवस्तु आमालाई लागेको मुटुरोग र उक्त रोगको उपचारका लागि गरिएका कियाकलापको वर्णनमा केन्द्रित छ । जीवनका अविस्मरणीय घटनाहरू, जीवन भोगाइमा आएका समस्या र उक्त समस्या समाधानका लागि गरिएका तमाम घटनाहरूलाई यसको विषयवस्तु बनाइएको छ ।

यस संस्मरणमा लेखकले आफ्नी आमालाई प्रमुख पात्र बनाएका छन् । संस्मरणको अधिकांश भागमा लेखकले आमा पात्रको उपस्थिति गराएका छन् । संस्मरणमा लेखक आमापछिको प्रमुख पात्रका रूपमा आएका छन् भने सहायक र अन्य पात्रहरूको समेत उपस्थिति कृतिमा भएको छ ।

यस कृतिमा वर्णित स्थानगत परिवेश लेखकको जन्मस्थान खोटाङ, बसाइँ सरेर आएको भद्रपुर, अध्ययनका कममा बसेका काठमाडौं र पाटनका विविध स्थानहरूका साथै रसियाका विविध स्थानको रहेको छ । त्यस्तै कालगत परिवेशमा वि.सं. २०३२/३३ देखि वि.सं. २०५३/५४ सालको अवधि पाइन्छ । संस्मरणले लगभग बीस वर्षको अवधिलाई समेटेको छ ।

**आमाको मुटु** संस्मरण लेखकले आफ्नी आमा र आफ्नो जीवन भोगाइलाई पाठकसामु व्यक्त गर्ने तथा स्वास्थ्य क्षेत्रमा हुने गरेका विकृतिलाई पनि उजागर गर्ने उद्देश्यले कृति रचना गरिएको देखिन्छ । यसको भाषाशैली सरल र सुवोध रहेको छ । सामान्य बोलीचालीको भाषादेखि स्थान नै पिच्छे पाइने भाषिक विविधताको विशेषता पनि यस संस्मरणमा पाइन्छ । यस कृतिमा लेखकले तटस्थ रूपमा वैयक्तिक घटनाको वर्णन गरेका छन् । निजात्मकताका साथ लेखकले आफू हुर्के बढेको समाजको सामाजिक वर्णन गरेका छन् । यसमा ऐतिहासिकता र काल्पनिकताको पनि प्रयोग भएको छ । वस्तुसत्यको प्रस्तुति, इमानदारी, भावुकताका साथ यस संस्मरणमा प्रभावपरकता पनि पाइन्छ ।

समग्रमा **आमाको मुटु** संस्मरणात्मक कृति संस्मरणको सिद्धान्त अन्तर्गत रहेर रचना गरिएको एवं सन्तुलित सन्तुलित स्वरूप भएको सशक्त कृति हो ।

परिच्छेद : पाँच

# सारांश र निष्कर्ष

## ५.१ परिचय

परिच्छेद पाँच यस शोत्रपत्रको अन्तिम परिच्छेद हो । यस परिच्छेदमा शोधपत्रमा समावेश परिच्छेद एकदेखि परिच्छेद चारसम्ममा प्रस्तुत विषयको सारांश दिई शोधको समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ सारांश

नेपाली साहित्यमा वि.सं.२०६८ सालमा **आमाको मुटु** नामक संस्मरण लिएर देखा परेका रामेश कोइराला (२०२४) एक सशक्त लेखक हुन् । हालसम्म **आमाको मुटु** (२०६८) संस्मराणत्मक कृति र **कोपिला आश्रम** (२०७०) उपन्यास गरी दुईवटा मात्र कृति प्रकाशन भए पनि नेपाली साहित्यिक फाँटमा उनी एक परिचित भइसकेका छन् ।

“आमाको मुटु संस्मरणको विधातात्त्विक अध्ययन” शीर्षक दिएर तयार पारिएको यस शोधपत्रमा **आमाको मुटु** संस्मरण संस्मरण विधाको सिद्धान्तसँग कति मेल खान्छ खाँदैन भनेर अध्ययन गर्ने काम भएको छ । यस संस्मरणलाई पाँच परिच्छेदको ढाँचामा तयार पारिएको छ । जसको छोटकरी परिचय तल दिइएको छ :

परिच्छेद एक शोध प्रस्ताव रहेको छ । यसमा किन **आमाको मुटु** संस्मरणलाई आधार मानेर शोधकार्य गरिन लागेको हो भन्ने कुराको स्पष्ट जानकारी दिइएको छ । यस परिच्छेदमा विषयको परिचय दिई समस्या कथन, शोधको उद्देश्य प्रस्तुत गरी पूर्वकार्यको समीक्षा गरिएको छ । यसै गरी शोधको औचित्य, शोधको सीमाङ्कनका साथै शोधविधि पनि प्रस्तुत गरेर शोधपत्रको रूपरेखा देखाएर परिच्छेदको अन्त्य गरिएको छ ।

परिच्छेद दुईमा संस्मरण विधाको सिद्धान्तको चर्चा गरिएको छ । संस्मरण अतीतका घटनाहरूको सँगालो हो । संस्मरणमा अन्य कुराको ध्यान दिनुभन्दा पनि लेखकले आफ्नो जीवन भोगाइका वास्तविकतालाई पाठकसामु पुऱ्याउने उद्देश्यले रचना गरेका हुन्छन् । त्यसैले यस शोधपत्रमा परिच्छेद दुईमा संस्मरण सिद्धान्तको चर्चा गरिएको छ । साहित्यमा

संस्मरण नवीन विधा हो यस विधाको अवधारण कसरी आयो, संस्मरणको विकास कहिले देखि कसरी भयो भनेर बताउने काम भएको छ ।

यस्तै संस्मरणमा आवश्यक तत्त्वहरू, संस्मरणको स्वरूपको चर्चा सँगसँगै संस्मरणको अन्य साहित्यिक विधासँग के कस्तो सम्बन्ध रहेको छ भनेर सङ्क्षेपमा बताउने काम गरिएको छ ।

परिच्छेद तीनमा संस्मरणकारलाई विस्तृत रूपमा चिनाउने काम भएको छ । यो परिच्छेद पूर्ण रूपमा संस्मरणकार कोइरालाको जीवनीमा आधारित छ । यस परिच्छेदमा संस्मरणकार कोइरालाको जन्म कहिले कहाँ भयो भन्ने कुराको जानकारी दिइएको छ । यस परिच्छेदमा कोइरालाको बसोबास कहाँ कहाँ भयो, उनले शिक्षा हाँसिल कुन कुन ठाउँबाट गरे, के कस्ता पेसामा उनी संलग्न भए जस्ता कुराको जानकारी गराइएको छ । यस्तै कोइरालाको रुचि, उनको वैवाहिक जीवन, उनले भ्रमण गरेका स्थानहरूको पनि जानकारी दिइएको छ । यसै परिच्छेदमा कोइरालाले कसरी लेखनमा आफूलाई अघि बढाए र लेखनमा उनको रुचि कसरी भयो भन्ने जस्ता कुराको पनि जानकारी दिइएको छ । संस्मरणकार कोइरालाई व्यक्तिगत, साहित्यिक र अन्य व्यक्तित्वका आधारमा चिनाइएको छ । यसरी परिच्छेद तीन संस्मरणकार रामेश कोइरालाको चिनारीमा आधारित छ ।

परिच्छेद चार यस शोधपत्रको शीर्षक **आमाको मुटु** संस्मरणात्मक कृतिको विश्लेषणमा आधारित छ । यसमा **आमाको मुटु** संस्मरणलाई विधातात्त्विक दृष्टिले विश्लेषण गरिएको छ । विषयवस्तु, पात्र, परिवेश, भाषाशैली, तटस्थता, वैयक्तिकता, सामाजिक, ऐतिहासिकता, काल्पनिकता, आख्यानात्मकता, वस्तुसत्यको इमानदारिता, भावुकता, प्रभावपरकता र कौतूहलजस्ता तत्त्वका आधारमा **आमाको मुटु** संस्मरणको विश्लेषण यसै परिच्छेदमा गरिएको छ । यस शोधपत्रको मुख्य परिच्छेद नै परिच्छेद चार हो । यसमा **आमाको मुटु** संस्मरणलाई विधा सिद्धान्तका आधारमा अध्ययन गरिएको छ ।

## ५.३ निष्कर्ष

वि.सं.२०६८ सालमा प्रकाशित संस्मरणात्मक कृति **आमाको मुटु** संस्मरणकार रामेश कोइरालाद्वारा रचित कृति हो । आफ्नी ममतामयी आमालाई लागेको मुटुको रोग र उक्त रोगको दुई दशकसम्म पनि सही उपचार पत्ता नलाग्दा उनकी आमा र उनको परिवारले के कस्तो दुःख सहन गर्नुपर्‍यो भनी उनले यस संस्मरणमा वर्णन गरेका छन् । यस कृतिको

माध्यमबाट चिकित्सा क्षेत्रमा के कस्तो विकृति र विसङ्गति फैलिएको छ भन्ने यथार्थको वर्णन पनि भएको छ ।

संस्मरण भनेको कुनै कुरालाई स्मरण गर्नु हो । साहित्यका सन्दर्भमा कुनै व्यक्ति, घटना, दृश्य र वस्तुका सन्दर्भमा आत्मीय रूपले सम्झना गर्दै विवेचनात्मक रूपमा सिर्जना गरिएको साहित्यलाई संस्मरण भनिन्छ । संस्मरणका आफ्नै आधारभूत तत्त्वहरू हुन्छन् जसले संस्मरणलाई पूर्ण रूप दिने काम गर्छन् ।

संस्मरणमा स्मृतितत्त्वको प्रधानता रहन्छ । अतीतलाई स्मरण गर्नु नै स्मृतितत्त्वको प्रयोग हुनु हो । दृश्य र अन्य संवेद्य तत्त्वले पनि संस्मरणलाई तयार पार्न सहयोग गर्दछ । आख्यानात्मकता संस्मरण तत्त्व अन्तर्गत पर्ने अर्को महत्त्वपूर्ण तत्त्व हो । आख्यानात्कता अन्तर्गत विषयवस्तु, पात्रविधान, परिवेश र कौतूहल पर्दछन् । संस्मरण अतीतका अविस्मरणीय घटनाहरूलाई पाठकसामु पुऱ्याउने उद्देश्यले लेखिन्छ । संस्मरणमा सरल भाषाशैलीको प्रयोग गनुपर्दछ । संस्मरणका अन्य आधारभूत तत्त्वहरू तटस्थता, वैयक्तिकता, सामाजिकता, ऐतिहासिकता, काल्पनिकता, वस्तुसत्यप्रतिको इमानदारी, भावकुता, प्रभावपरकता आदि हुन् । वस्तुपरकता, आत्मपरकता र सन्तुलित संस्मरण संस्मरणका स्वरूप हुन् ।

संस्मरण साहित्यको अन्य साहितियक विधासँग पनि तुलना गर्न सकिन्छ । संस्मरणलाई आत्मकथा, जीवनी, नियात्रा, दैनिकी, पत्र साहित्य, शब्दचित्र, रिपोर्ताज र अन्तर्वार्तासँग तुलना गर्न सकिन्छ । संस्मरणमा जीवन भोगाइका वास्तविक घटनाहरू वर्णित हुन्छन् । आफ्नै विधागत सिद्धान्त भएको संस्मरण विधाको आफ्नै स्वरूप हुन्छ । संस्मरण विधाको साहित्यका विविध विधासँग पनि निकटवर्ती सम्बन्ध रहेको हुन्छ ।

नेपाली साहित्यको क्षेत्रमा उदाएका नव प्रतिभाका रूपमा रामेश कोइरालालाई लिइन्छ । कार्यक्षेत्र स्वास्थ्य रहे पनि नेपाली साहित्यमा उनको झुकाव प्रशंसा योग्य देखिन्छ । संख्यात्मक रूपमा दुईवटा कृतिहरू बजारमा ल्याएका छन् उनका **आमाको मुटु** (२०६८) र **कोपिला आश्रम** (२०७०) कृति प्रकाशित छन् । कोइराला थोरै लेखेर राम्रो चर्चा कमाउने लेखक हुन् । दुई कृतिमात्र प्रकाशन गराएता पनि उनका कृति गुणात्मक हिसाबले उत्कृष्ट छन् । समाजका वास्तविक घटना तथा विषयवस्तुको उठान गरी गद्य साहित्यको दुई फरक विधामा कलम चलाएका उनी एक प्रतिभावान् साहित्यकार हुन् ।

कोइरालाको समग्र जीवनलाई केलाउँदा बाल्यकाल केही सङ्घर्षपूर्ण रहेको देखिन्छ । समाजलाई वास्तविक रूपमा नियाल्ने र जीवनमा आफ्नो लक्ष्य प्राप्तिका लागि सही कदम चाली अगाडि बढेकाले नै उनको सामान्य जीवन अहिले सम्पन्न र सुखमय बन्न पुगेको छ । उनको जीवनका भोगाइ र अनुभवले दिएको प्रेरणा र प्राप्तिबाटै आज हामी समक्ष उनका दुई कृति **आमाको मुटु** र **कोपिला आश्रम** आइपुगेका हुन् । उनलाई साहित्य लेखनको प्रेरणा उनको व्यक्तिगत जीवन र चिकित्सा पेसाबाट प्राप्त भएको देखिन्छ ।

व्यक्तिगत रूपमा सरल मन भएका कोइरालाले आफ्नो जीवनमा थुप्रै उतार चढाव देखेका छन् । यही उतार चढावले उनलाई मिहिनेती र कर्तव्यनिष्ठ व्यक्ति बनाएको थाहा हुन्छ । जीवनमा इच्छाएका सबै कुरा पूरा हुँदैनन् भन्ने बुझेका कोइरालाले जीवनमा आएका हरेक समस्यालाई अवसरको रूपमा लिएर आजको यो स्थानसम्म पुगेका हुन् भन्ने कुरा उनको जीवनीबाट थाहा हुन्छ ।

**आमाको मुटु** रामेश कोइरालाद्वारा रचित संस्मरण हो । संस्मरणको सिद्धान्तमा आधारित भएर रचित यो कृति यथार्थतात्मकतालाई प्रधानता दिई रचना गरिएको छ । २०–२१ वर्षको समयवाधिलाई आधार बनाएर रचना गरिएको प्रस्तुत कृति संस्मरण सिद्धान्तको आधारमा संरचित छ ।

संस्मरण भनेको स्मरण गर्नु हो । जीवनका अविस्मरणीय घटनाको वर्णन संस्मरणको विषयवस्तु हुने गर्छ । **आमाको मुटु** संस्मरणको विषयवस्तु आमालाई लागेको मुटुरोग र उक्त रोगको उपचारका लागि गरिएका कियाकलापको वर्णनमा केन्द्रित छ । जीवनका अविस्मरणीय घटनाहरू, जीवन भोगाइमा आएका समस्या र उक्त समस्या समाधानका लागि गरिएका तमाम घटनाहरूलाई यसको विषयवस्तु बनाइएको छ ।

यस संस्मरणमा लेखकले आफ्नी आमालाई प्रमुख पात्र बनाएका छन् । संस्मरणको अधिकांश भागमा लेखकले आमा पात्रको उपस्थिति गराएका छन् । संस्मरणमा लेखक आमापछिको प्रमुख पात्रका रूपमा आएका छन् भने सहायक र अन्य पात्रहरूको समेत उपस्थिति कृतिमा भएको छ ।

यस कृतिमा वर्णित स्थानगत परिवेश लेखकको जन्मस्थान खोटाङ, बसाइँ सरेर आएको भद्रपुर, अध्ययनका कममा बसेका काठमाडौँ र पाटनका विविध स्थानहरूका साथै रसियाका विविध स्थानको रहेको छ । त्यस्तै कालगत परिवेशमा वि.सं.२०३२/३३ देखि

वि.सं.२०५३/५४ सालको अवधि पाइन्छ । संस्मरणले लगभग बीस वर्षको अवधिलाई समेटेको छ ।

**आमाको मुटु** संस्मरण लेखकले आफ्नी आमा र आफ्नो जीवन भोगाइलाई पाठकसामु व्यक्त गर्ने तथा स्वास्थ्य क्षेत्रमा हुने गरेका विकृतिलाई पनि उजागर गर्ने उद्देश्यले कृति रचना गरिएको देखिन्छ । यसको भाषाशैली सरल र सुवोध रहेको छ । सामान्य बोलीचालीको भाषादेखि स्थानै पिच्छे पाइने भाषिक विविधताको विशेषता पनि यस संस्मरणमा पाइन्छ । यस कृतिमा लेखकले तटस्थ रूपमा वैयक्तिक घटनाको वर्णन गरेका छन् । निजात्मकताका साथ लेखकले आफू हुर्के बढेको समाजको सामाजिक वर्णन गरेका छन् । यसमा ऐतिहासिकता र काल्पनिकताको पनि प्रयोग भएको छ । वस्तुसत्यको प्रस्तुति, इमानदारी, भावुकताका साथ यस संस्मरणमा प्रभावपरकता पनि पाइन्छ ।

समग्रमा **आमाको मुटु** संस्मरणात्मक कृति संस्मरणको सिद्धान्त अन्तर्गत रहेर रचना गरिएको एवं सन्तुलित सन्तुलित स्वरूप भएको सशक्त कृति हो । नेपाली संस्मरण साहित्यमा **आमाको मुटु** संस्मरणात्मक कृतिको महत्त्वपूर्ण स्थान रहेको छ ।

# सन्दर्भ सामग्री सूची


कोइराला, रामेश (२०७०). **आमाको मुटु.** दोस्रो संस्करण, काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

कोइराला, रामेश (२०७०). **कोपिला आश्रम.** काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

घिमिरे, जगदीश (२०६८). **आमाको मुटु.** (अन्तिम बाह्य पृष्ठ), काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

घिमिरे, रमण (२०६८). 'प्रताडनाको आत्मकथा'. **नेपाल.** (साप्ताहिक पत्रिका) ।

पाठक, मनमाया (२०५६). **संस्मरणकार विश्वेश्वरप्रसाद कोइरालाको अध्ययन**. (स्नातकोत्तर स्तरीय अप्रकाशित शोधपत्र). त्रिभुवन विश्वविद्यालय ।

प्रधान भिक्टर (२०४४). **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना.** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भण्डारी, सालिकराम (२०६४). **संस्मरणकार कमल दीक्षितको 'बिर्सेको सम्झेको ग्रन्थको अध्ययन**. (स्नाकोत्तर स्तरीय अप्रकाशित शोधपत्र). त्रिभुवनविश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय ।

लामिछाने, सर्मिला (२०७२). **रामेश कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्व.** (स्नाकोत्तर स्तरीय अप्रकाशित शोधपत्र). त्रिभुवनविश्वविालय, त्रिचन्द्र क्याम्पस ।

सङ्ग्रौला, खगेन्द्र (२०६८). **आमाको मुटु.** (अन्तिम बाह्य पृष्ठ), काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

# परिशिष्ट

## शोध नायकसँगको अन्तर्वार्ता

१. नमस्कार सर ! आरामै हुनुहुन्छ ?

नमस्कार ! म ठीक छु । स्वागत छ यहाँलाई ।

२. धन्यवाद सरलाई ! सरको **आमाको मुटु** संस्मरण मैले पढ्ने अवसर पाएँ ज्यादै मन छुने पुस्तक रहेछ ।

राम्रो लाग्यो, तपाईंलाई धन्यवाद ।

३. **आमाको मुटु** संस्मरणमा शोधपत्र गर्न अनुमति दिनुभएकोमा म आभारी छु ।

मेरो पुस्तकले तपाईंको शोधपत्रको विषय बन्ने मौका पाएछ, म पो खुसी छु । अनुमति नदिने कुनै कारण नै छैन ।

४. हजुरकी आमा हाल कता हुनुहुन्छ ?

आमा अहिले झापामा हुनुहुन्छ ।

५. आमाको स्वास्थ्य ठीक छ नि सर ?

अहिले आमा ठीक हुनुहुन्छ ।

६. सरको जन्ममिति र जन्मस्थानबारे बताइदिनु हुन्छ कि ।

मेरो जन्म वि.सं. २०२४ साल असोज २८ गते खोटाङमा भएको हो ।

७. सरको मातापिताको नाम के होला ?

आमाको नाम दुर्गादेवी कोइराला र बुबाको नाम तर्कराज कोइराला हो ।

८. सरको परिवारका अरू सदस्यहरूको नाम पनि बताइदिनुहोस् न ।

मेरा जेठा दाजुको नाम नव कोइराला, माहिला दाजुको सुरेश, दिदीको कविता, मेरी धर्मपत्नीको नाम पुनम र छोरीको नाम इशिता हो ।

९. हाल सरको बसाइँ कता होला ?

महाराजगन्ज, काठमाडौँ हो, दुर्गादेवी मार्गमा । त्यहाँ म सपरिवार बस्छु ।

१०. **आमाको मुटु** संस्मरणको कति संस्करण प्रकाशित भएको छ हालसम्म ?

वि.सं.२०६८ सालमा पहिलो संस्करण र वि.सं.२०७० मा दोस्रो संस्करण प्रकाशित भएको छ ।

११. सरका प्रकाशित भइसकेका अरू कुनै कृति छन् ?

**कोपिला आश्रम** नामको उपन्यास छ । यो वि.सं.२०७० मा प्रकाशित भएको हो ।

१२. सरको रुचि केमा रहेको छ होला ?

अस्पतलाबाट फुर्सद मिलेको बेलामा भ्रमण गर्न रुचाउँछु, पुस्तक पढ्न पनि रुचि छ ।

१३. धन्यवाद सर हजुरलाई !

तपाईंलाई पनि धन्यवाद !